

■ विदुर खतिवडा

• गत शुक्रबार राती १२ बजे माइतीघरबाट नयाँ बानेश्वरतर्फ हुइँकिएका युवाहरू अचानक प्रहरीको ऋसचेकमा परे। रात्रिजीवनमा अभ्यस्त पार्टीचराहरूको यो समूह अन्य दिनझैं रमाइलो रातको मज्जा लिएर घर फर्कंदै थियो, तर ऋसचेकले उनीहरूलाई हनुमानढोका पुऱ्यायो।

• गत सोमबार रातको सवा ११ बजे हनुमानढोका प्रहरीको एउटा टुकडी दरबारमार्गस्थित सिजल डान्सबारमा अचानक प्रवेश गऱ्यो र त्यहाँ रमाइलो गरिरहेका ग्राहकदेखि कर्मचारीसम्म सबैलाई पक्रेर हनुमानढोका पुऱ्यायो। ११ बजेसम्म बन्द भैसक्नुपर्ने नियमविपरीत भएको भनेर प्रहरीले त्यहाँ धरपकड गरेको थियो। अचम्मको कुरा त्यसको ५० मिटरको दूरीमा रहेको एउटा लाउञ्जबारमा भने ग्राहकहरू १२ बजेसम्म खानपिनमा व्यस्त देखिन्थे।

• गत मंगलबार राति ११ नबज्दै रातभर जाग्राम बस्ने ठमेल निदाइसकेको थियो। भुस्याहा कुकुरले भुकेका आवाजहरू, कता-कता गुन्जिरहेका गीत अनि फाट्टफुट्ट हिंडिरहेका मानिसहरू देख्दा यो कतै ठमेल नै होइन कि जस्तो लागिरहेको थियो।

सुरक्षित सहर बनाउने भन्दै सरकारले रात्रि व्यवसायलाई नियन्त्रण गर्न कडा सुरक्षा व्यवस्था लागू गरेपछि काठमाडौंको रात्रिजीवन लगभग समाप्त हुने अवस्थामा पुगेको छ। माथि उल्लेखित उदाहरणले पनि अबेरसम्म रमाउनेहरूले राति हिंड्न एकपटक सोच्नुपर्ने अवस्था आइपरेको स्पष्ट पार्छ। प्रहरी प्रशासनका अनुसार सुरक्षा व्यवस्था कडा तथा व्यवस्थित गर्ने सिलसिलामा गत एक साताभित्र करिब पाँच सय व्यक्तिलाई अनुसन्धानका क्रममा गिरफ्तार गरिसकिएको छ।

एमाले नेता वामदेव गौतम उपप्रधान तथा गृहमन्त्री भएलगत्तै अपराध नियन्त्रणका नाममा सुरक्षामा कडाइ गरिएको हो। खासगरी अव्यवस्थित ढंगले सञ्चालित नग्न नृत्यशाला, यौनजन्य क्रियाकलाप तथा अन्य आपराधिक गिरोहहरूको चलखेल बन्द गराउन रात्रि मनोरञ्जनका लागि समय निर्धारण गरिएको प्रशासन स्रोतले बताएको छ।

हामी एउटा मिसनमा छौं, अपराध मुक्त सहर बनाउने यो मिसनलाई सार्थक बनाउन यो कदम चाल्नैपर्थ्यो- गृहमन्त्रीलाई उद्धृत गर्दै उनी निकटस्थ स्रोतले साप्ताहिकसूग भन्यो- मिसन पूरा नहुन्जेलसम्म गृहमन्त्रीले यस विषयमा केही नबोल्न पनि निर्देशन दिनुभएको छ।

गृहमन्त्रीको निर्देशनलगत्तै गत साताको बिहीबार राति नाइट क्लब, डान्स रेस्टुराँ, दोहोरी रेस्टुराँ, लाउन्ज बार, डिस्को रेस्टुराँ, पबहरूलाई १२ बजेअगावै बन्द गराउन प्रहरी परिचालन गरिएको थियो। शुक्रबार राति ११ बजेसम्म मात्र यी व्यवसाय सञ्चालन गर्न भनियो र ११ बजेभन्दा पछिसम्म सञ्चालन गर्ने रेस्टुराँमा प्रहरी

बाँकी पृष्ठ १४ मा

# खलबलियो रात्रिजीवन

उपप्रधान तथा गृहमन्त्री वामदेव गौतम भन्नुहुन्छ-

**मेरो मिसन भनेको नाङ्गो नाच देखाएर लुट्ने प्रवृत्तिको अन्त्य हो।**

विशेष अन्तर्वार्ता पृष्ठ १४ मा



## क्यासेट

### उनैका लागि



विजय लक्ष्मी ढकाल (माधवी) द्वारा रचना गरिएका आधुनिक गीतहरूको संग्रह 'उनैका लागि' श्रोतामाझ आएको छ। अम्बिका म्युजिकले बजारमा ल्याएको यो संग्रहका गीतमा शम्भुजित बाँस्कोटाले संगीत दिएका छन्। संग्रहका गीतमा अञ्जु पन्त, रामकृष्ण ढकाल, सत्यराज आचार्य, मनोजराज, यम बराल, माण्डवी त्रिपाठी, योगेश वैद्य, जगदीश समाल तथा स्वरूपराज आचार्यको स्वर सुन्न पाइन्छ।

### न्यू वे (नयाँ बाटो)



योजना पुरी तथा तारा लिम्बूले गाएका पपगीतहरूको नयाँ संग्रह 'न्यू वे (नयाँ बाटो) श्रोतामाझ आएको छ। संग्रहको एउटा गीतमा गायक राजेशपायल राईको पनि स्वर सुन्न सकिन्छ। महाबौद्ध रेकर्ड्सले बजारमा ल्याएको यो संग्रहका गीतमा तारा लिम्बू, कमला खनाल, सन्देश परियार तथा डम्बर नेपालीको शब्द एवं संगीत समेटिएको छ।

### सार



गीतकार टंक सम्बाहाम्फेले रचना गरेका गीतहरूको नयाँ संग्रह 'सार' बजारमा आएको छ। संग्रहका दसवटै गीत गायक कृष्णभक्त राईले गाएका छन्। संग्रहका अधिकांश गीत गायक राईले नै संगीतबद्ध गरेका छन्। राईका अतिरिक्त एल्बमका गीतमा दिनेश सुब्बा तथा हेमन्त शिशिरले पनि संगीत दिएका छन्। यो संग्रहका स्रष्टाहरू हङकङमा बसोबास गर्छन्।

## रंगमञ्च

• नवप्रभात समाजसेवी क्लबले बुधबार गाईघाट बजारको ट्राफिक चोकमा दैवी प्रकोप सम्बन्धी सडक नाटक प्रदर्शन गरे। बाढी शीर्षकको उक्त नाटकमा हालै सप्तकोसी नदीमा आएको बाढीले पुऱ्याएको क्षति, त्यस्तो अवस्थामा कसरी बच्ने, बाढी आउनुपूर्व कसरी सचेत बन्ने, बाढीबाट आफू र अरूलाई कसरी बचाउने, बाढीले कहाँ र कसरी कस्तो प्रभाव पार्छ, बाढीबाट विस्थापितहरूको कसरी उद्धार एवं राहत प्रदान गर्न सकिन्छ भन्ने कुरा देखाइएको थियो। स्थानीय कलाकारहरूले अभिनय गरेको उक्त नाटकको बीचबीचमा बाढी-पहिरोसम्बन्धी चेतनामूलक गीतहरूमा नत्य पनि प्रस्तुत गरिएको थियो। उक्त नाटक सप्तकोसी बाढीपीडितको सहयोगार्थ प्रस्तुत गरिएकाले नाटकलाई जिल्लाका विभिन्न गाउँमा प्रदर्शन गरी सहयोग संकलन गरिने क्लबका अध्यक्ष दुर्गानन्द चौधरीले बताए।

• ९५ औं बीपीजयन्तीको अवसर पारेर सांस्कृतिक संघले गत सोमबार राजधानीमा एउटा नाटक मञ्चन गरेको छ। बीपीको जीवनीमा आधारित उक्त नाटकमा उपन्यासकार बीपी कोइरालाले लेखेका विभिन्न उपन्यासका प्रमुख पात्रलाई रंगमञ्चमा उतारिएको थियो। नाट्यकर्मी वीरेन्द्र हमालको कथा तथा निर्देशनमा मञ्चन भएको उक्त नाटकमार्फत दर्शकहरूले एकसाथ 'घुम्ती' उपन्यासका कथा मात्र होइन, 'मोदी आईन्' का प्रमुख पात्र, 'सुम्निमा' उपन्यासकी सुम्निमा, 'नरेन्द्र दाइ' उपन्यासकी गौरीजस्ता पात्रहरूसँग साक्षात्कार हुने अवसर पाए। नाटकमा जगदीश अधिकारी, दोरन चौधरी, सचिन क्षेत्री, भुवन अछामी, पर्शुराम कट्टेल, कविता दंगाल, कोमल पाण्डे आदि २१ जना कलाकारले अभिनय गरेका थिए।

• पुरानो वानेश्वरस्थित गुरुकुलमा भदौ ५ गतेदेखि ११ गते सम्मका लागि तय गरिएको नाटक 'कर्नाली दखिन बग्दो छ' को समयावधि बढाइएको छ। अनुमान गरिएभन्दा बढी दर्शक सहभागी भएपछि गुरुकुलले यो नाटक भदौ २८ गते अर्थात् भोलि शनिबारसम्म प्रदर्शन हुने जनाइएको छ। नाटकका निर्देशक सुनिल पोखरेलका अनुसार नाटकमा प्रस्तुत गरिएको विषयवस्तुले दर्शकको मन छोएपछि नाटक हेर्न दर्शक आउनेक्रम बढेको हो। नाटकमा मुगुका स्थानीय कलाकारका साथै गुरुकुल विराटनगर तथा काठमाडौंका केही कलाकारले पनि अभिनय गरेका छन्। यसअघि यो नाटक गत भदौ २१ गते सम्मका लागि बढाइएको थियो।

## ग्यालरी

• भक्तपुर दरबार क्षेत्रस्थित लामो पाटीमा गत आइतबार बेपत्ता परिवारसँग सम्बन्धित श्यामश्वेत तस्बिरहरूको प्रदर्शनी सम्पन्न भयो। नेपाल रेडक्रस सोसाइटीले आयोजना गरेको उक्त प्रदर्शनीमा बेपत्ता परिवारसँग सम्बन्धित ३५ वटा तस्बिर राखिएका थिए। बेपत्ताँ परिवारको अवस्था तथा बेपत्ताँको स्थिति सार्वजनिक गर्न सम्बन्धित पक्षलाई दबाब दिने उद्देश्यले उक्त प्रदर्शनी आयोजित गरिएको हो। प्रदर्शनी करिब २ हजार दर्शकले अवलोकन गरेको बताइन्छ।

• हरित गृह नेपालले भक्तपुरमा खानेपानी, सरसफाइ तथा जनस्वास्थ्य विषयमा विद्यालयस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न गरेको छ। भक्तपुर जिल्लामा रहेका विभिन्न विद्यालयका ७७ जना विद्यार्थी सहभागी भएको उक्त प्रतियोगितामा अर्जुन देउलाले प्रथम स्थान हासिल गरेका छन्।

• बबरमहल, काठमाडौंस्थित सिद्धार्थ आर्ट ग्यालरीमा एक जना विदेशी चित्रकारको प्रदर्शनी प्रारम्भ भएको छ। 'ब्रिजेज अफ लभ' शीर्षक राखिएको उक्त प्रदर्शनीमा टोनी मोन्सान्टाले बनाएका चित्रकला समावेश छन्। आगामी असोज १० गतेसम्म जारी रहने उक्त प्रदर्शनी हरेक दिन बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म अवलोकन गर्न सकिने ग्यालरीले जनाएको छ।

• चित्रकार तथा मूर्तिकार जुजुकाजी महर्जनले तयार पारेको एउटा विशेष मूर्तिकला साँखुस्थित सुषमा कोइराला मेमोरियल हस्पिटलमा पदस्थापन गरिएको छ। ६ फिट अग्लो उक्त प्रतिमालाई 'मोमेन्टल स्कल्पचर' नामकरण गरिएको छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

मानसम्मान मिल्नेछ। अरूबाट प्रशंसा पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। सबैको विश्वास जित्न सकिनेछ। पराक्रम एवं धार्मिक कार्यमा रुचि बढ्नेछ। शत्रुबाट सजग रहनुहोला। मन दुविधाग्रस्त रहनेछ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ताले सताउन सक्छ।

### वृष

मन प्रसन्न रहनेछ। काममा सफलता मिल्नेछ भने पराक्रम बढ्नेछ। धार्मिक कार्यमा मन जानेछ। अधुरा काम पूरा हुनेछन्। मानसम्मान पाइनेछ। अरूबाट प्रशंसा पनि हुनसक्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता हात लाग्नेछ। यात्रा हुनसक्छ। शत्रु पराजित हुनेछन्।

### मिथुन

स्वास्थ्य गडबड रहनेछ। काममा अवरोध आउन सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। समयमा निर्णय नहुँदा आफ्नो योजनामा अरूले कुदृष्टि लगाउनेछन्। आइतबारदेखि पराक्रम बढ्ने, काममा सफलता मिल्ने तथा आफन्तहरूको सहयोग जुट्ने योग छ। मानसम्मान मिल्नेछ भने धन आर्जन पनि हुनसक्छ।

### कर्कट

घरेलु समस्याले सताउने हुँदा संयमित रहनुहोला। मन चञ्चल रहनेछ। विवाद बढ्न सक्छ। शत्रुबाट सजग रहनुपर्ने बेला छ। स्वास्थ्यको ख्याल गर्नुहोला। व्यवसायमा सफलता मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसम्मान पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### सिंह

सुरुमा रोग एवं शत्रु बढ्नेछन्। काममा अवरोध आउनेछ। मन चञ्चल रहनेछ। समयमा निर्णय नहुँदा काममा अवरोध आउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शनिबार, आइतबार र सोमबार प्रसन्नता बढ्ने, काम एवं अध्ययनमा सफलता मिल्ने तथा व्यवसायमा लाभ हुने योग छ। धन आर्जन हुनसक्छ।

### कन्या

सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा केही सुधार आउला। व्यवसायमा लाभ मिल्नेछ। मानसम्मान पनि पाउनुहोला। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग प्राप्त होला। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ।

### तुला

खर्च अलि बढी नै हुनेछ। शत्रुले दुःख दिन सक्छन्। काममा अवरोध आउनेछ भने स्वास्थ्य गडबड रहनेछ। घरेलु समस्याले सताउनेछ। व्यवसायमा समस्या देखिने, पतिपत्नीबीच विवाद बढ्ने तथा यात्रामा अवरोध आउने योग छ। शनिबार, आइतबार तथा सोमबार सोच्ने शक्ति बढ्ने, अध्ययनमा सफलता मिल्ने, पराक्रम बढ्ने एवं काममा सुधार आउने देखिन्छ।

### वृश्चिक

समय राम्रो छ। काममा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ। धन आर्जन गर्नेअवसर पाउनुहोला। बोलीको प्रभाव बढ्नेछ। व्यवसायमा सफलता प्राप्त हुनेछ। अरूको मन जित्न सकिनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### धनु

बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने सम्भावना छ। आफन्तहरूको सहयोग मिल्नेछ। नयाँ मित्रको आगमन एवं भेटमा हुने अन्तर्क्रियाले मनलाई हलुका बनाउनेछ। व्यवसायबाट लाभ हात लाग्नेछ। यात्रा हुनसक्छ। अध्ययनमा सफलता पाइने योग छ।

### मकर

स्वास्थ्यमा क्रमशः सुधार आउनेछ। काममा सफलता मिल्नेछ। आफन्तहरूको सहयोग पाउनुहोला। बोलीको प्रभाव एवं धार्मिक कार्यमा रुचि बढ्नेछ भने अध्ययनमा सुधार आउनेछ। भाग्यले साथ दिनेछ। सन्तानको सफलताले मन प्रसन्न रहला। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ।

### कुम्भ

खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनेछ भने स्वास्थ्य प्रतिकूल रहला। झुटा आरोप लाग्न सक्छ। यात्रा गर्दा अथवा सवारी चढ्दा-चलाउँदा सजग रहनुहोला। आइतबारदेखि बोलीको प्रभाव एवं आम्दानी बढ्ने तथा भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ।

### मीन

व्यवसायमा सफलता पाउनुहोला। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम प्राप्त हुने योग छ। मानसम्मान पनि पाउनुहोला। आफन्तहरूको सहयोगमा यात्रा हुनेछ। धन आर्जन हुनसक्छ। शत्रु पराजित हुनेछन्। अध्ययनमा सफलता हात लाग्नेछ। आइतबार तथा सोमबार विवाद एवं चिन्ता बढ्नेछ।

### यो साताको पञ्चाङ्ग

भदौ २७ गते : इन्द्र ध्वजोत्थान, वामन जयन्ती, २९ गते : इन्द्रजात्रा, राष्ट्रिय बाल दिवस, अनन्त चतुर्दशी, ३० गते : भक्तपुर सिद्धपोखरी मेला, सोऱ्हश्राद्ध प्रारम्भ, इन्द्रदह स्नान, चेपाङहरूको चोनाम पर्व, ३१ गते : अन्तर्राष्ट्रिय ओजोन तह संरक्षण दिवस, असोज १ गते : विश्वकर्मा पूजा।



## साता संक्षेप

**भदौ २५ गते बुधबार**

• व्यवस्थापिका संसदमा प्रस्तुत हुने सरकारको नीति तथा कार्यक्रमलाई मन्त्रीपरिषद्को अनुमोदन।

• नेपाली सेनाले मौखिक सहमतिमा लाखौं रुपैयाँ बराबरको कारोबार गरेको खुलासा।

• धनकुटाको सुनसरीमा आँखासम्बन्धी नयाँ रोग देखापर्‍यो।

• सर्वोच्च अदालतद्वारा जलाशययुक्त पश्चिम सेती आयोजनालाई संसदको दुई तिहाइ बहुमतबाट पारित गर्नु नपर्ने आदेश जारी।

• एमालेको आठौं महाधिवेशन फागुन ५ गतेदेखि काठमाडौंमा हुने।

• अध्यक्षताको विवादका कारण अवरुद्ध नेपाली कांग्रेसको संसदीय दलको बैठक सुचारु, बैठकको अध्यक्षता वरिष्ठ नेता शेरबहादुर देउवाले गर्ने।

• झाडापखालाका कारण सिन्धुलीको क्यानेश्वर गाविसमा ६ सयभन्दा बढी बिरामी।

• साझा यातायातको ट्रेडमार्क प्रयोग गरेर मध्यउपत्यका बस व्यवसायी समितिले देशभर बस चलाउने घोषणा।

**भदौ २४ गते मंगलबार**

• विद्युत् प्राधिकरणद्वारा सातामा २५देखि ३५ घन्टासम्म लोडसेडिङ गर्ने घोषणा।

• न्याय सेवा आयोगद्वारा ४ नयाँ नायव महान्यायाधिवक्ता नियुक्त।

• नेकपा एमालेका केही केन्द्रीय सदस्यहरूद्वारा स्थायी कमिटि सदस्यद्वय साहना प्रधान र प्रदीप नेपाल तथा केन्द्रीय सदस्य भीम रावलमाथि अनुशासनको कारबाहीको माग।

• नेकपा एकता केन्द्र (मसाल) द्वारा दुई केन्द्रीय सदस्य निष्काशित।

• रमजानको अवसरमा साउदी अरेबियाद्वारा त्यहाँका जेलमा रहेका ५० नेपालीलाई आममाफी।

• सरकारद्वारा धर्मपुत्र-पुत्रीका रूपमा नेपाली बालबालिकालाई विदेश पठाउने कार्य पुनः खुला।

• नेपाली कांग्रेसको भ्रातृसंगठन तरुण दलअन्तर्गत तरुणदस्ता नामक नयाँ संगठन अस्तित्वमा।

**भदौ २३ गते सोमबार**

• सबै नेपाली साक्षर बन्न ५० वर्ष लाग्ने अनौपचारिक शिक्षा केन्द्रको जानकारी।

• कोसी पीडित विस्थापितमध्ये थप ८ जनाको मृत्यु। मृत्यु हुनेको संख्या ३६ पुग्यो।

• पशुपतिनाथमा एक भक्तले ३ किलो सुनको खराउ चढाए।

• सरकारद्वारा आउँदो पुसदेखि कक्षा ८ सम्म निःशुल्क शिक्षा दिने घोषणा।

• सैनिक कोषमा रहेको ११ अर्ब रुपैयाँ उपयोगहीन रहेको खुलासा।

• सिन्धुलीमा झाडापखालाका कारण ५ जना बालबालिकाको मृत्यु, सर्लाहीमा ८ बालबालिका सिकिस्त।

**भदौ २२ गते आइतबार**

• कोसी कटानबाट यातायात अवरुद्ध भएपछि वैकल्पिक राजमार्ग निर्माण गर्ने जिम्मा सेनालाई।

• सरकारद्वारा ६ सचिवको सरुवा।

• भारतद्वारा कोसी नदीको वहावलाई पुरानै बाटोमा फर्काउने कार्य प्रारम्भ।

• सरकारद्वारा ९२ शीर्षकमा खर्च कटौतीको घोषणा।

• नेपाली कांग्रेसको १२ औं महाधिवेशन १ वर्षभित्रमा हुने।

• सरकारद्वारा जनसेना रेखदेख गर्न मन्त्रीस्तरीय समिति गठन।

• सरकारद्वारा सुदूरपश्चिममा विद्यमान हलिया प्रथा उन्मुलनको घोषणा।

• कपिलवस्तुमा सशस्त्र समूहद्वारा १ जनाको गोली हानी हत्या।

• पर्साको उदयपुर घुर्मीमा हतियारधारी समूहको प्रतिकार गर्दा एक महिलाको मृत्यु।

• झाडापखालाका कारण कोसी पीडित विस्थापित शिविरमा थप २ जनाको मृत्यु।

**भदौ २१ गते शनिबार**

• आर्थिक वर्ष २०६४/०६५मा उपभोक्ता मूल्य वृद्धिदर १२ प्रतिशतभन्दा माथि पुगेको नेपाल राष्ट्रबैंकको जानकारी।

• बजेट अधिवेशन प्रारम्भ।

• प्रधानन्यायाधीश केदारप्रसाद गिरीद्वारा सर्वोच्च अदालतको मुद्दाको बोझ घटाउन प्रशासनिक अदालतको क्षेत्राधिकार विस्तार गरिनुपर्ने जानकारी।

• नेपालको व्यापार घाटा २२ दशमलव २ प्रतिशतले वृद्धि। कुल व्यापार घाटा १ खर्ब ६५ अर्ब ३३ करोड रुपैयाँ पुग्यो।

**भदौ २० गते शुक्रबार**

• कोसी बाढीपीडित ९ गाविस संकटग्रस्त क्षैत्र घोषित। कोसी बाढीपीडित परिवारलाई सरकारद्वारा परिचयपत्र वितरण गर्ने काम प्रारम्भ।

• प्रधानमन्त्री पुष्पकमल दाहाल भदौ २९ गते तीनदिने औपचारिकका लागि भारत भ्रमण जाने।

• धनुषाको सखुवा महेन्द्रनगर र नक्टाझिझ गाविसमा हात्तीको आक्रमणमा परी २ जनाको मृत्यु।

• सरकारद्वारा कोसी पीडितको पुनर्वासका लागि साढे २ अर्ब रुपैयाँ लगानी गर्ने घोषणा।

• पर्यटन तथा नागरिक उड्डयन मन्त्री हिसिला यमी र भूमिसुधार तथा व्यवस्थामन्त्री मातृका यादवद्वारा पद तथा गोपनीयताको शपथ।

• कोसी नदीले ५१ वर्षपछि आफ्नो धार परिवर्तन गरेको विशेषज्ञहरूको ठहर।

• इलाममा ४ विद्यार्थी संगठनबीच झडप, सदरमुकाम बन्द।

• झिमरुक जलविद्युत् आयोजना बन्द।

• व्यापारीहरूद्वारा असमान करको दर समायोजन गर्न माग।

**भदौ १९ गते बिहीबार**

• कान्तिपुर कोषद्वारा बाढीपीडितका लागि संकलन गरिएको १ करोड १५ लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप हस्तान्तरण।

• निर्वाचन आयोगका पदाधिकारीद्वारा प्रधानमन्त्रीसँग आफूहरूसँग परामर्श नगरी उपनिर्वाचनको मिति नतोक्न आग्रह।

## गलत कुरा छापियो



गत अंकको साप्ताहिकमा प्रकाशित 'लोकगीतकी नायिका' शीर्षकको समाचारमा बिमाकुमारी दुराले यसअघि दुईवटा विवाह गरिसकेको भन्ने समाचार प्रकाशन भएकोमा त्यसलाई सच्याइएको जानकारी गराउँछौं। गायिका दुराले आफू उक्त वाक्यबाट मर्माहत भएको र आफ्नो यसअघि दुईवटा विवाह नभएको दाबी गरेकी छिन्। उक्त वाक्यले गायिका दुरामाथि पर्न गएको चोटप्रति दुःख व्यक्त गर्दै हाम्रो मनसाय गायिका दुराको सकारात्मक पक्ष उजिल्याउनु मात्र रहेको प्रस्ट पार्न चाहन्छौं, जुन साप्ताहिकको समाचार आफैंले पनि पुष्टि गर्छ।

साप्ताहिक

# आन्तरिक सजावटको प्रदर्शन

कमल रिमाल

विराटनगर- घर निर्माण र बाहिरी सजावटमा पुरुषको योगदान भए पनि घरभित्रको सजावटमा महिलाको महत्त्वपुर्ण भूमिका हुन्छ। आकर्षक र नौलो डिजाइनका घरहरू बनाउने चलन बढेर गएको छ तर घरको भित्री भागको साजसज्जाका बारेमा धेरैले चासो दिएको पाइदैन। घरको भित्री सजावटमा सर्वसाधारणको ध्यान खिच्न गएको शनिबार भोग इन्टेरियरले विराटनगरमा आन्तरिक सजावटको प्रदर्शनी गरेको छ। सामान्य वस्तुको प्रयोगले पनि घरभित्रको सजावटमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने कुरा उक्त प्रदर्शनीले पुष्टि गरेको छ।

घर बनाउनु ठूलो कुरा होइन। त्यसको उचित स्याहार-संहारसँगै आकर्षक सजावट मिलाउनु पनि महत्त्वपुर्ण कुरा हो। त्यसैले इन्टेरियर डिजाइनसम्बन्धी थोरै भए पनि ज्ञान दिन प्रदर्शनीको आयोजना गरिएको इन्टेरियरकी निर्देशक कृति श्रेष्ठले बताइन्। तीन वर्षदेखि विराटनगरमा इन्टेरियरसम्बन्धी तालिम दिदै आएको भोग इन्टेरियरमा अध्ययनरत ४० जनाले तयार गरेको आन्तरिक सजावटका नमुनाहरू प्रदर्शनीमा राखिएको थियो। घरभित्र प्रवेश गर्ने ढोकादेखि बैठककोठा, सुत्ने कोठा, भान्सा, बाथरुम, झ्याल-ढोका, भित्ताजस्ता स्थानमा कस्ता कलाकृतिहरू राख्न सकिन्छ भन्ने जिज्ञासा प्रदर्शनील मेटाएको छ।

इन्टेरियरकी पूर्वप्रशिक्षक सुजु प्याकुरेलका अनुसार आन्तरिक सजावटमा सधैं घरमा प्रयोग हुने सामान्य वस्तुहरूलाई सजावटको सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ। घरभित्रका ससाना वस्तुलाई मिलाएर उपर्युक्त साजसज्जाका साथ जडान गर्नु नै आन्तरिक सजावट भएको उनी बताउँछिन्। घरमा दैनिक प्रयोग हुने लोटा, गाग्री, नाङ्लो, डालोजस्ता सामान्य वस्तुलाई सजावटको सामग्री बनाउन सकिन्छ।



तस्बिर : सञ्जीव खनाल

आन्तरिक सजावटमा पुरुषभन्दा महिला आकर्षण बढी भएकाले पनि प्रदर्शनीमा अवलोकनकर्तामा महिलाहरूकै बाहुल्यता थियो। त्यसबाहेक भोग इन्टेरियरमा पनि एकवर्षे डिप्लोमा कोर्स गर्ने महिलाहरू मात्र छन्। एकवर्षे अध्ययन गरिरहेका प्रशिक्षार्थीहरूले बनाएका सजावटका नमुनाहरू नै प्रदर्शनीमा राखिएको थियो।

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल परीपट्टी, काठमाडौं

के तपाईमा यौन सम्बन्धी समस्या छ?
सिघ पतन, यौन सन्तुष्टी नहुने, लिंग चिलाउने, स्वप्न दोष (Night Fall), पिशाब पोल्ने, सरुवा यौन रोग (Transmitted Disease) को ग्यारेन्टी का साथ गोप्य तथा सफल उपचार गरिन्छ साथसाथै निः सन्तानको पनि उपचार गरिन्छ।
मोडर्न हेल्थ क्लिनिक (प्रा.) लि.
नयाँ बानेश्वर चोकबाट पुरानो बानेश्वर चोक जाने बाटो (ह्वाइट हाउस कलेज र शिवदर्शन हलको बीचमा)
फोन: २०४३५८५, ९८०३२२०९९६
समय: बिहान १०:०० बजेदेखि १:०० बजेसम्म, अपराह्न ३:०० बजेदेखि ६:०० बजेसम्म

होटल तालिम त्यो पनि छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month) Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa मा जानेलाई Special Discount
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर, बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ, 2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Management and Toursim Nepal), नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओभरवेट मार्ग, 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर, नयाँ बानेश्वर, BICC पार्नी ट्याङ्कीको ठीक अगाडि, 4464720, 9841-891131, 98510-93629

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Rs. 750/- Herbal44
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयूर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

अर्जेन्ट आवश्यकता
NGO बाट विगत ५ वर्ष देखी सञ्चालित संस्थालाई महिला विद्यार्थी कर्मचारीको आवश्यकता
तलब: ७,५००।-
संख्या: १७ जना
योग्यता: साधारण लेखपढ Test, S.L.C + Above
सम्पर्क: २०६३१००, ९८४१०६९४११, ९८०३४८४०२६
नोट:- महिला विद्यार्थी तथा गृहिणीलाई विशेष प्राथमिकता दिइनेछ।
(शनिबार पनि अफिस खुल्ला रहने छ।)

## सम्पादकीय

# मुख्य मुद्दा ओझेलमा नपरोस्

शान्ति सुरक्षा, राहत र अभावबाट मुक्ति यी तीन कुराले सरकारको नीति तथा कार्यक्रममा प्राथमिकता पाएका छन् । राष्ट्रपति डा. रामवरण यादवद्वारा व्यवस्थापिका संसद् समेतको हैसियतमा रहेको संविधानसभाको बैठकमा प्रस्तुत गरिएको गणतन्त्र नेपालको पहिलो नीति तथा कार्यक्रममा भनिएको छ– शान्ति सुरक्षाको अनुभूति नभै जनताले गुमाएको आत्मविश्वास र आत्मसम्मानको पुनः स्थापना हुन सक्दैन । यसैकारण सरकारले वितेको एक दशकमा देखापरेका विभिन्न किसिमका घटनाक्रमहरूका कारण छिन्नभिन्न अवस्थामा रहेको मुलुकको आन्तरिक सुरक्षा व्यवस्थालाई पहिलो प्राथमिकता दिएको छ । यसले जनताको सहज वातावरणमा जीविका निर्वाह गर्ने र खुला अर्थतन्त्रमा प्रवेश गर्न पाउने प्राथमिक अधिकारलाई समेत सम्बर्द्धन गर्नेछ भन्ने विश्वास राष्ट्रपतिद्वारा व्यक्त गरिएको छ । नेकपा माओवादीको नेतृत्वमा रहेको सरकारले आगामी ६ महिनाभित्र शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने, मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरण गर्ने एवं नयाँ संविधान लेख्ने कुरालाई विशेष प्राथामिकता दिने विश्वास नीति तथा कार्यक्रममा व्यक्त गरिएको छ । यसका लागि सरकारले अघिल्लो सरकारले मुलुकमा दिगो शान्ति स्थापनाका लागि आवश्यक मानेका विभिन्न हतियारधारी तथा अहिंसावादी राजनैतिक समूहहरूसँग गरेको सम्झौता तथा सहमतिहरूलाई समेत सरकारले उच्च प्राथमिकता दिने आशय नीति तथा कार्यक्रमले उल्लेख गरेको छ ।

मुलुकमा शान्ति बहालीसँगै एक दशक लामो जनयुद्धले थिलथिलो बनाएको जनतालाई आर्थिक तथा सामाजिक रूपमा राहत पुऱ्याउने प्रतिबद्धता पनि नीति तथा कार्यक्रममार्फत् व्यक्त गरिएको छ । यसका लागि सरकारले अल्पकालीन तथा दीर्घकालीन रणनीतिलाई अघि बढाउने भएको छ । अहिले मुलुकमा देखापरेको तात्कालिक समस्या 'महंगी' बाट जनतालाई राहत दिन सरकारले कृत्रिम अभाव एवं महंगी नियन्त्रणका लागि विशेष कार्यक्रम ल्याउने घोषणा त गरेको छ तर त्यसका लागि कस्ता कार्यक्रमहरू आउँछन् भन्ने कुराको कुनै शंकेत नीति तथा कार्यक्रममा देखिएको छैन । यो मुद्दा सरकारका लागि नीति तथा कार्यक्रममा जनताको भावनालाई 'क्यास' गर्ने विषय मात्र भयो भने यो नीति तथा कार्यक्रममा उल्लेख गरिएका सरकारी प्रतिबद्धताहरू 'बालुवाको घर' मा परिणत हुन कुनै समय लाग्नेछैन । सरकारले यसलाई जनताको भावनासँग खेल्ने विषयभन्दा गहनताका रूपमा हेर्नुपर्छ ।

आफ्नो नीति तथा कार्यक्रममार्फत् सरकारले मुलुकको आर्थिक कायापलट गर्न कृषि, पर्यटन तथा जलस्रोतलाई उच्च प्राथमिकतामा राखेको छ । यस्तो प्राथमिकता निधारण गर्दा सरकारले मुलुकमा वार्षिक २० लाख पर्यटक भित्र्याउने, १० वर्षभित्र १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने, ५ वर्षभित्र काठमाडौं उपत्यकालाई खानेपानीको संकटबाट मुक्त गर्ने, कृषि क्षेत्रको उत्पादकत्व बढाउन त्यसलाई औद्योगिकीकरणको बाटोमा लान आवश्यक लगानी गर्ने जस्ता प्रतिबद्धताहरू जाहेर गरिएका छन् । यस्ता प्रतिबद्धताहरू कागजमा मात्र सीमित हुन्छन् भन्ने नेपाली जनताको मानसिकतामा परिवर्तन गर्न सरकारले ठूलै कसरत गर्नुपर्ने देखिन्छ । १० वर्षसम्म सशस्त्र जनयुद्धमा होमिएको माओवादी नेतृत्वले जनतालाई आफूतर्फ आकर्षित गर्ने एउटा अर्को रणनीतिका रूपमा यो नीति तथा कार्यक्रमलाई अगाडि सारेको विश्वास गर्न सकिन्छ, जसले जनताबाट प्राप्त नयाँ गणतान्त्रिक संविधान लेख्ने म्यान्डेटलाई ओझेलमा पार्दै ललीपप बाँड्ने सपना देखाएको छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### सहुलियतको दुरुपयोग

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढ्नासाथ नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि भएको छ । यस्तो वृद्धिसँगै यातायात तथा ढुवानीका साधनहरूमा पनि मुल्यवृद्धि हुनु स्वाभाविक हो । मूल्यवृद्धिको साथसाथै विद्यार्थीहरूले पनि ५० प्रतिशत सहुलियत पाउनुपर्छ भनेर आन्दोलन गरे । विद्यार्थीहरूको आन्दोलनले उनीहरूलाई केही सुविधा र सहुलियत उपलब्ध गरायो तर विद्यार्थीहरूलाई प्राप्त यस्तो सहुलियतको चरम दुरुपयोग भएका उदाहरणहरू पनि छन् । म आफैंले देखेको छु- साठी वर्षको वृद्धले समेत विद्यार्थी परिचयपत्र देखाएर सहुलियतको लाभ उठाएका छन् । मेरो आफ्नै एकजना साथीले मलेसियाबाट फर्कनासाथ स्थानीय एक क्याम्पसमा गई सजिलैसँग विद्यार्थी परिचयपत्र बनायो । के यसरी विद्यार्थी परिचयपत्र बनाएर सहुलियत लिनु ठीक हो ?

यसरी उपलब्ध हुने विद्यार्थी परिचयपत्रले त्यस्तो सहुलियतका हकदार विद्यार्थीलाई मात्र नभई सार्वजनिक सवारी साधनका सञ्चालकहरूलाई पनि मर्कामा पारेको हुन्छ । कतिपय अवस्थामा त सवारी साधनमा चढेका ५० जनामध्ये करिब ४० जनासँग विद्यार्थी परिचयपत्र हुन्छ । त्यसैले सरकारले पनि यो विषयमा गम्भीरतापूर्वक ध्यान दिनुपर्छ । शैक्षिक संस्थाहरूले पनि विभिन्न विद्यार्थी संगठनहरूको दबाबमा त्यस्ता नक्कली विद्यार्थीलाई परिचयपत्र उपलब्ध गराउने काम तत्काल बन्द गर्नुपर्छ र सक्कली विद्यार्थीको हितका लागि विद्यार्थी संगठनहरूले पनि जो पायो त्यसैलाई विद्यार्थी परिचयपत्र उपलब्ध गराउने परिपाटीको अन्त्यका लागि पहल गर्नुपर्छ । त्यसो हुन सक्यो भने मात्र सही विद्यार्थीले उचित सहुलियत र यातायात व्यावसायीले आफ्नो लगानीको उचित प्रतिफल पाउन सक्नेछन् ।

**–टीकाराम अर्याल, ठमेल**

### बेरोजगारहरूको कुरा

गणतन्त्रको व्यावहारिक कार्यान्वयन नभए संविधानसभाले बनाउने नयाँ संविधान पनि 'हात्ती आयो फुस्सा' हुने सम्भावना बढेको छ । विगतको बजेटको पहिलो प्राथमिकता संविधानसभा र दोस्रो बेरोजगारी भत्ता हुनुपर्थ्यो । दुर्गम ठाउँबाट घरजग्गा बेचेर सहर आई स्नातकोत्तर पढेका युवायुवतीको समस्या जागिर खाइरहेकाहरूको तुलनामा भयावह छ । सबैले निराश भएर आत्महत्या गर्दैनन्, विद्रोहको सम्भावना रहिरहन्छ । नेपालमा स्नातकोत्तर बेरोजगारहरूलाई बेरोजगारी भत्ता दिने परम्परा सुरु गर्नु किन पनि आवश्यक छ भने उनीहरूले अन्य मुलुकमा यस्तो अभ्यास भएको देखेका छन् र आफ्नो देशको सरकारसँग रुष्ट छन् । सरकारले बजेटमा स्नातकोत्तर बेरोजगारहरूका लागि भत्ताको व्यवस्था गरेन भने स्नातक, प्रमाणपत्र र प्रवेशिका उत्तीर्ण बेरोजगारहरूसमेत आन्दोलित हुनेछन् । 'शिक्षामा लगानी' को अर्थ अब परम्परागत र सङ्कीर्ण होइन, आधुनिक र व्यापक हुनुपर्छ । अपारदर्शी खर्च र आर्थिक भ्रष्टाचारका कारण कुख्यात विद्यालय भवन निर्माण र साक्षरता प्रतिशत वृद्धिजस्ता अस्पष्ट लक्ष्य, अमूर्त योजना र निरन्तर पुनरावृत्त असफल शीर्षकमा ठूलो धनराशिको बजेट विनियोजन गरेरमात्र हुँदैन, बेरोजगार शिक्षित जनशक्तिको उचित व्यवस्थापन नहुँदा शिक्षामा नागरिकको आकर्षण नबढ्नुका साथै 'मोही माग्ने, ढुङ्ग्रो लुकाउने' सरकारी प्रवृत्ति प्रमाणित हुन्छ । बजेटमार्फत् सार्वजनिक गरिएको 'प्राथमिक तहका एक विद्यार्थी, एक ल्यापटप' शीर्षकको योजना पनि ठूलो आर्थिक लेनदेनसँग सम्बन्धित छ । यो योजना एकातिर नेपालमा कम्प्युटर बजारको विज्ञापन र मनोवैज्ञानिक प्रवर्द्धनका लागि ल्याइएको जस्तो देखिन्छ भने अर्कातिर यसले शिक्षित जनशक्ति व्यवस्थापन नगरी शिक्षामा आकर्षण नबढ्ने यथार्थलाई अवमूल्यन गरेको छ । पढेलेखेका ठिटाठिटी गाउँसहरमा अल्लारिएर हिंडेको देख्दा नयाँ र पाको पुस्ताले के सोच्छ ? राजनैतिक सत्ताको विपन्न शिक्षित नागरिकसँगको शत्रुतापूर्ण व्यवहारको परम्परागत संस्कारलाई तोड्न नसक्ने हो भने जतिवटा पञ्चवर्षीय योजना सम्पन्न भए पनि साक्षरता प्रतिशत बढ्न सक्दैन ।

बेरोजगारी भत्ताको माग राखी आन्दोलनमा उत्रँदा सशक्त निरन्तर लडाइँलाई सुनिश्चित गर्नुपर्ने कडा राष्ट्रिय चुनौतीलाई बेरोजगारहरूले बिर्सन मिल्दैन । शासकहरूले अराजक क्रियाकलाप र सङ्गठित विद्रोहको सम्भावनाको निरन्तर पुनरावृत्तिको ऐतिहासिक र तात्कालिक यथार्थमा ध्यान नदिए भयानक दुर्घटना हुन सक्छ । मुखमा ओखती हाल्नै नपाई थला परेर मर्नु, बिहाबारी हुन नसक्नु वा रोकिनु, छरछिमेक र इष्टमित्रले अलिकति ऋण पनि नपत्याउनु, गास, बास, कपासजस्ता मूलभूत आवश्यकताको पूर्ति नहुनु र अन्ततोगत्वा व्यक्ति, परिवार र समुदायकै वंशपरम्परामा गम्भीर आघात पर्नुजस्ता यातनालाई नेपाली शिक्षित बेरोजगारहरूले सहँदै आएका छन् । बेरोजगारी भत्ताको मल्हमपट्टी लगाइदिन नसक्ने, रोजगारी दिन नसक्ने तर विद्यालय र विश्वविद्यालय चलाएर विपन्न नागरिकसँग शुल्क असुल्नचाहिँ सक्ने राज्यसंरचनाले थप निरन्तरता पाउनुको प्रतिक्रिया असामान्य, प्रत्युत्पादक, विनाशकारी एवं विष्फोटक हुनेछ ।

**–गोपाल विरही**

### अहङ्कार र मानिस

अहङ्कार मानिसमा हुनुपर्ने गुण होइन । अहङ्कार गर्नु मानिसका लागि शोभनीय पनि छैन । हो, अहङ्कार हुन्छ- अध्ययन, धन, रूप, फेसन र शारीरिक बनौट आदिको । जस्तै- माथिल्लो स्तरमा हुनेहरूले तल्लो स्तरकाहरूलाई हेप्ने, चेप्ने र दुर्वचन बोल्ने साथै देखासिकी गर्ने प्रवृत्ति हुन्छ भने त्यहाँ पदको अहङ्कार पनि हुन्छ । जहाँ पनि जुन ठाउँमा पनि भावनात्मक कुरा प्रेम, आत्मीयता, सम्झदारी, सहयोगपूर्ण भावना, नैतिकता आदि गुणको आवश्यकता हुन्छ । अहङ्कारले प्रेम, आत्मीयता, समझदारी, सहयोगपूर्ण भावना, नैतिकता आदि गुणलाई छोपिदिन्छ । अहङ्कारले यी आदर्श गुणहरूको नाश गर्छ । अहङ्कारले नकारात्मक सोचाइलाई उत्प्रेरित गर्छ ।

अहङ्कार त्यस्तो फल हो, जुन सेवन गरेपछि मानिस अन्याय, अत्याचार, भ्रष्टाचार, दमन र शोषण गर्ने कार्यमा उद्यत हुन्छ । जहाँ अन्याय, अत्याचार भ्रष्टाचार, दमन र शोषणजस्ता कार्य हुन्छन् र अनैतिक क्रियाकलापको सिर्जना हुन्छ, त्यहीं विद्रोह उब्जिन्छ ।

अहङ्कारले मानिसलाई सभ्यताबाट खस्काउँछ । अहङ्कार त्यो अवगुण हो, जसले हृदयलाई अपवित्र पारी कमजोर बनाएर जीवनलाई निराशातर्फ हुत्याइदिन्छ । आगोको धर्म तातो, पानीको धर्म शीतल भनेजस्तै मानिसको धर्म अहङ्काररहित आदर्श मानिस हुनु हो । अहङ्कार भन्ने विकारलाई मनबाट हटाएर मानवीय गुणलाई अवलम्बन गरी अघि बढ्नुपर्छ । समाजको भलाइ र देशको विकासकार्यमा समर्पित हुनुछ भने असल चालचलनलाई व्यवहारमा उतार्नैपर्छ । दायित्व बहन गर्दा अहङ्कारी होइन, साहसी बन्नुपर्छ । बोलीमा सत्य, कर्तव्यमा इमान्दार, व्यवहारमा सदाचार प्रेम, स्नेह र विश्वास हिजो पनि आवश्यक थियो, आज पनि आवश्यक छ र भोलि पनि आवश्यक हुनेछ ।

**वसन्त खत्री, पनौती–१२, खोपासी**

## तीतो सत्य

सफलतामा दिने हातभन्दा असफलता दिने हातमा हजार गुणा शक्ति हुन्छ ।

प्रेममा बढी नाटक गर्नेहरूले भविष्यमा धोका दिन सक्छन् ।

खुसी पलभरको हुन्छ ।

**– ऐश्वर्य श्रेष्ठ**

सबैको शरीर नाशवान् छ, सबैले मर्नैपर्छ ढल्नैपर्छ र जल्नैपर्छ भने व्यर्थ बल र रूपको घमन्ड गर्नु उचित हुँदैन ।

भौतिक धनले भौतिक शरीर खरिद गर्न सम्भव छ तर जीवन किन्न असम्भव छ ।

आखिर सुन सुन नै हुन्छ पित्तल पित्तल नै हुन्छ ।

**– विन्दु**

मानिसले जीवनमा जति हण्डर एवं ठक्कर खाँदै जान्छ त्यति नै उसको चेतना वृद्धि हुँदै जान्छ ।

मानिसले भगवान्प्रति विश्वास नगरे पनि दुःख पर्दा भगवान्को नाम पुकारेकै हुन्छ ।

जसले प्रेमका लागि केही कुरा त्याग गर्न सक्छ त्यही असल प्रेमी हो ।

प्रेमका दुई पाटा छन् एउटा प्राप्ति अर्को त्याग ।

त्यस्तो व्यक्तिलाई ज्ञान नदेऊ जसले तिमीमाथि नै औंला ठड्याएर प्रतिप्रश्न गर्छ ।


**भुवनकुमार चौलागाईं**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

## सहर चर्चा

### मिलन लामाको बेग्लै अभियान



लोकगायक मिलन लामाले आफ्नो गाइने दैनिकी बदलेका छन् । उनको गायकीलाई प्रवासी नेपालीले रुचाएर एकपछि अर्को कार्यक्रममा विदेश बोलाउन थालेका छन् । उनले त्यही मौका छोपेर एउटा नयाँ अभियान थालेका छन् । उनको अभियान हो– विपन्न चेपाङ विद्यार्थीलाई सहयोग । त्यसका लागि उनी प्रवासी नेपालीसामु भीख माग्न तयार छन् । मिलनले आफ्नो अभियानको सुरुवात आफ्नो भादगाउँले टोपी लिलाम गरेर गरेका हुन्, दोस्रो पटक राजदूतसँग भीख मागेर, तेस्रो पटक परदेशी नेपाली सामु टोपी थापेर गरेको आर्जन । मिलन विदेश डुलेर गीत गाउँदै आर्जन गरेको रकम चितवनको चेपाङ विद्यँलयमा खर्च गर्छन् । मिलनको सहयोग र ममता पाएर विपन्न चेपाङ विद्यँर्थी पनि फुरुङ्ग छन् । उनको वात्सल्य २ सय चेपाङ विद्यँर्थीले पाएका छन् । निर्दोष मुहारका यी बालबालिका उनलाई अविभावक मान्छन् भने लामा यिनलाई आफ्नै सन्तान र भाइबहिनी । दुई वर्ष पहिले घर आएका बेला उनका आँखाले यी बालबालिकको नाजुक अवस्था देखे, अनि सम्झिए आफ्नो बाल्यकाल । 'मैले पनि यस्तै बाल्यकाल गुजारें,' उनले भने- 'अनि यिनका लागि केही गर्नुपर्छ भन्ने लाग्यो ।'

**–दीपेन्द्र बडुवाल**



सुधा बिजुक्छे

आकाशमा उडेर बादल चुम्ने रहर बोकेकी सुधा बिजुक्छे मोडलिङको रंगीन संसारमा आइपुगेकी छिन् । पहिलो पटक फोटोग्राफर सुरज श्रेष्ठसँग फोटोसेसन गरेपछि मोडलिङतर्फ उनको आकर्षण बढेको हो । बीबीएसकी यी १९ वर्षीया छात्रालाई घर-परिवारबाट समेत सपोर्ट मिलेको छ । त्यसो त आकर्षक शारीरिक बनौटले पनि सुधालाई मोडलिङमा लाग्न साथ दिएको छ ।

५ फिट ४ इन्च अग्ली सुधालाई ओभर फेसन गरेर हिँडेको मन पर्दैन । सीमा र मर्यादामा रहेको मोडलिङलाई शिरोपर गर्नुपर्ने उनको मान्यता छ । विशेषतः रक संगीतमा रमाउने सुधा धूम्रपान र मद्यपान गरेर आफ्नो समय बर्बाद गर्ने युवाहरूको व्यवहारबाट दिक्क पनि हुन्छिन् । सुधा भन्छिन्- 'सिर्जनात्मक जीवन सार्थक हुन्छ ।' सुधा मनको धनी र साधारण युवक आफ्नो भावी जीवनसाथी होस् भन्ने चाहना राख्छिन् । सुधाका अनुसार भगवान्प्रति राखिने आस्थाले मनलाई आनन्दित तुल्याउँछ । अहिले भैरहेको सौन्दर्य प्रतियोगिता विरोध उनलाई उति निको लागेको छैन । प्रतिभा प्रस्फुटनको माध्यम बनेको ब्युटी कन्टेस्टको विरोध गर्नु राम्रो होइन, -सुधाले भनिन् । सुधाका आकर्षक तस्बिरहरू पोखरासिटी डटकममा हेर्न सकिन्छ ।

साइबर गर्ल

## मुखाले

हिंजोसम्मको सहयात्री दललाई शत्रु किटान गर्ने माओवादीको रणनीति र चरित्र अलोकतान्त्रिक छ ।

**–अर्जुननरसिंह केसी, नेपाली कांग्रेस**

यो सरकारलाई ढाल्न कांग्रेसले प्रयास गर्नै पर्दैन ।

**–गोविन्दराज जोशी, पूर्वमन्त्री**

वर्तमान सत्ता गठबन्धन ठूलो धरापमा छ ।

**–माधवकुमार नेपाल, नेता, एमाले**

कांग्रेसको यथास्थितिवाद र माओवादीको उग्रवामपन्थी विचारका विरुद्ध जुधेरमात्र नयाँ संरचना निर्माण गर्न सकिन्छ ।

**–शंकर पोखरेल, नेकपा एमाले**

दस वर्ष जनयुद्ध लडेका लडाकुलाई एमएसरह मान्यता दिनुपर्छ ।

**–राम कार्की, केन्द्रीय सदस्य नेकपा माओवादी**

अहिलेका सबै प्रहरीको जागिर खोसेर जनसेनालाई प्रहरीमा भर्ना गर्नुपर्छ ।

**–दीपक मनाङे अर्थात् राजीव गुरुङ**

हामी माओवादीको पुच्छर होइनौं ।

**–सीपी मैनाली, नेता, नेकपा माले**

माओवादी र सरकारको एकल प्रयत्नबाट सेना समायोजन गर्न खोजियो भने सरकार धरापमा पर्छ ।

**–गोकर्ण विष्ट, नेता नेकपा एमाले**

मुड फ्रेस भएको बेला सेक्स गर्नु उपयुक्त हुन्छ ।

**–रेखा थापा, चलचित्र नायिका**

जनताले मलाई ९८५१०७९५२२ मा सीधै सम्पर्क गर्न सक्नेछन् ।

**-गणेश साह, मन्त्री, विज्ञान तथा प्रविधि**

# डनहरूले राजनैतिक संरक्षण पाउनुपर्छ

## महेश बस्नेत, प्रमुख युथ फोर्स


तस्बिर : नवराज बाँठे

तीन महिनाअघि प्रयोगका रूपमा स्थापना गरिएको नेकपा (एमाले) निकट युथ फोर्स अहिले चर्चामा छ। कहिले कार्यालयको काम गरेर घर फर्किरहेका सरकारी कर्मचारीमाथि आक्रमण गर्ने, कहिले वाईसीएलसँगको भिडन्तका कारण कर्फ्युको अवस्थासम्म ल्याउने केही घटनाका कारण उक्त समूह विवादमा पनि आएको छ। यद्यपि युथ फोर्सले जनताका लागि काम गरिरहेको भन्दै यसको विस्तार गर्ने निर्णय एमाले केन्द्रीय बैठकले गरेको छ। थोरै समयमा केन्द्रीय नेताबाट स्याबासी पाएको भन्दै युथ फोर्सका नेताहरूले थप कार्यक्रम सञ्चालन गर्न थालेका छन्। युथ फोर्सका प्रमुख महेश बस्नेतसँग भेट्दा पनि त्यसकै छनक पाइन्थ्यो। बस्नेत लगातार बजेका मोबाइल फोनबाट आगामी रणनीति बनाउन तथा जनताको गुनासो सुन्न व्यस्त थिए।

**युथ फोर्सको गठनले समाजमा थप अराजकता बढेको सङ्केत गर्दैन ?**

गर्दैन, बरु अराजकताको अन्त्यको सङ्केत गर्छ। समाजलाई व्यवस्थित गर्छ। विगतमा लादिएका गलत कुरा हराएर जाने अवस्था सिर्जना भएको छ।

**अब धनकुटाको भिडन्त, क्यासिनोको झगडा, कालिमाटीको द्वन्द्वलाई समाज व्यवस्थित भएको मान्नुपर्ने भयो, होइन ?**

तपाईंले जति पनि झगडाको प्रसङ्ग उठाउनुभयो, त्यो वाईसीएलसँगको द्वन्द्व हो। उनीहरूले गरेको अत्याचारले सीमा नाघ्दै गएपछि हामीले प्रतिवाद गर्न थालेका हौं। वाईसीएलले अत्याचार गर्दै जाने, हामी हातमा दही जमाएर बस्ने ? प्रतिवाद नगरेकै कारण हिजो माओवादीका नाममा जोकसैले डराउनुपर्ने अवस्था थियो। जनतालाई जगाउन, माओवादी नामको आतंकलाई निर्मूल पार्न आवश्यक थियो। यस्तो कुरामा आवाज उठाउन थालेपछि समाज व्यवस्थित हुन्छ भन्ने हाम्रो मान्यता छ।

**त्यसो भए त निकै पहिले नै युथ फोर्स गठन गर्नुपर्ने होइन र ?**

हिजो हाम्रा नेता तथा दलहरूबाट कतिपय रणनीतिक कमजोरी भएका हुन्। दलहरूका कमजोरीकै कारण माओवादीको जनयुद्धले ठूलो रूप लिएको सत्य हो। त्यसकै फाइदा उठाउँदै माओवादीले आफ्नो प्रभाव बढाउँदै लग्यो। शान्ति प्रक्रियामा आए पनि उसका अराजक गतिविधि बढ्दै गएपछि भने यो आवश्यक परेको हो। हामीले त निर्वाचनअघि नै युथ फोर्स गठन गर्न सुझाव दिएका थियौं। शान्ति प्रक्रिया बिथोलिने डरले मात्र निर्वाचनको परिणाम कुरेका हौं।

**माओवादीको उद्देश्य अरू राजनैतिक दललाई तह लगाउनु थियो, अहिले तपाईंहरूको उद्देश्य माओवादीलाई तह लगाउनु हो भने वाईसीएल तथा युथ फोर्समा के–के तात्त्विक अन्तर भयो र ?**

द्वन्द्वका बेला माओवादीले एमालेका ३ सय नेता-कार्यकर्ताको हत्या गर्‍यो। त्यसबेला चुप लाग्नु हाम्रैं बाध्यता बन्यो। जंगलबाट आएको सर्पलाई शान्ति प्रक्रियामा समावेश गर्दा त्यसको विष झारेर मात्र सहरमा बस्न दिनुपर्थ्यो, तर हामीले त्यसलाई विषसँगै स्वागत गर्‍यो। यो विषालु सर्पले जथाभावी डस्न थालेपछि फिल्डमा उत्रनु बाध्यता भयो। यद्यपि हामी सामाजिक न्याय तथा सुरक्षाका काम गरिरहेका छौं।

**अस्ति वाईसीएल, हिजो युथ फोर्स आज कांग्रेसको तरुण दस्ता, यसले युवाहरूलाई वैधानिक रूपमै गुण्डागर्दी गर्न उकास्दैन ?**

वाईसीएलको गतिविधि यति बढ्यो कि टोलको कुनै व्यक्तिले आफूलाई कांग्रेस वा एमाले भन्न सक्ने अवस्था थिएन। नरिवलको दानालाई बम भनेर डराउनुपर्ने, सिर्कनुलाई तरबार मान्नुपर्ने अवस्था कति दिनसम्म कायम राख्ने ? यो दादागिरीको अन्त्य हुनु आवश्यक थियो। माओवादी भन्नेबित्तिकै एउटा सामान्य व्यक्तिले व्यवसायीहरूलाई कुट्ने छुट कहाँबाट पाए ? माओवादी भएकै कारण बन्दुक बोक्न पाइन्छ ? के माओवादी विशेष जन्तु हुन् र उनीहरूले विशेष सुविधा पाउने ? उनीहरूको दादागिरी सहनुपर्ने ? कुनै स्वतन्त्र युवकले पल्सर मोटरसाइकल चढ्यो भने वाईसीएलका आँखा लाग्ने, कसैको व्यवसाय चम्कियो भने वाईसीएललाई चन्दा बुझाउनुपर्ने, यो कस्तो अराजकता हो ? यो अराजकता सहेर बस्ने कि प्रतिवाद गर्ने ? यस्तो अवस्थामा युथ फोर्स नजन्मिएको भए वाईसीएलका विरुद्ध अर्को ठूलो अराजक दस्ता निस्कन्थ्यो। कम्तीमा युथफोर्समा पढेलेखेका तथा राजनैतिक चेतना भएका व्यक्ति त छन्, जसले जनतालाई अन्यायका विरुद्ध प्रतिवाद गर्न सिकाएको छ। आक्रोशित युवा गलत बाटोमा जानबाट रोकिएका छन्।

**तपाईंको फोर्स र वाईसीएलमा भिन्नता छ र ? किनभने जुन कुरा तपाईंले गरें भन्नुहुन्छ, त्यही कुरा वाइसीएलले पनि गरेको दाबी गर्दै आएको छ।**

वाईसीएलले सर्वहारा वर्गको अधिनायकत्व भन्दै समानान्तर सरकारको अभ्यास गर्छ। वन कर, रोड कर, भन्सार नाकामा ढाट राखेर विभिन्न किसिमले पैसा असुली गर्छ। अहिले पनि अदालत तथा केरकारको कुरा गर्छ। हिजो हामीलाई सुविधाभोगी भन्नेहरू आज आफैंले पजेरो चढेका छन्। दादागिरी कहाँसम्म बढेको छ, कल्पना पनि गर्न सकिँदैन। हामी त्यस्ता गलत कुराको विपक्षमा रहेर सरकारी निकायलाई सहयोग गर्छौं। अपराध गर्ने सबै एकै हुन्, चाहे ती माओवादी वा अरू मानिस। हामी सरकारलाई त्यस्ता व्यक्तिलाई कारबाही गर्न सहयोगी भूमिका निर्वाह गर्छौं।

**सरकारी निकाय नै भ्रष्टाचार, अनियमितता एवं गलत क्रियाकलापका कारण गन्हाएको छ। कसरी काम हुन्छ ?**

हामीलाई थाहा छ, राज्यको साँठगाँठ भ्रष्टाचारी, तस्कर तथा कानुन हातमा लिनेहरूसँग छ। त्यस्ता मानिसको संरक्षणमा सरकारी निकाय लागेका छन् भनेर नै युवाहरूलाई उठाएका हौं। हामीले गृहमन्त्रीलाई भेटेर यसको जानकारी गराएका छौं। सरकारले गलत क्रियाकलापलाई कसरी सुधार्न सक्छ भनेर सुझाव पनि दिएका छौं। यदि त्यस्तामाथि कारबाही भएन भने हामी आफ्नै तरिकाले काम गर्छौं।

**भनेपछि तपाईंहरू पनि आफै कारबाही सुरु गर्नुहुन्छ ?**

हामी कारबाही गर्दैनौं, तर सरकारमा जहाँ-जहाँ अनियमितता हुन्छ त्यसका विषयमा जनतालाई उठाएर त्यसको भण्डाफोर गर्छौं।

**अहिले वाईसीएलका अराजक भनिएका गतिविधिमा पनि कमी त आएको छ नि ?**

उनीहरू आफैं सच्चिएका होइनन्। हाम्रो प्रतिवादले यसो गर्न नहुने रहेछ भनेर डराएका हुन्।

**युथ फोर्स र वाईसीएलको द्वन्द्व सधैंभरि यस्तै चलिरहन्छ त ?**

जुन दिन उनीहरू पूर्ण रूपमा सुध्रन्छन्, त्यही दिनदेखि हाम्रैं आक्रमण बन्द हुन्छ। मेरो विचारमा तीन महिनामा उनीहरू २५ प्रतिशत सुध्रिएका छन्। बाँकी ७५ प्रतिशत ३ महिनामा सुधार्ने लक्ष्यका साथ हिँडेका छौं।

**के छापामार शैलीमै वाईसीएलसँग भिड्नुहुन्छ ?**

हामीसँग ड्रेस कोड छैन। हामी एकै स्थानमा अर्धसैनिक दस्ता जस्तो पनि बस्दैनौ। यद्यपि भनेका बेला टोल-टोलबाट युवा जम्मा हुन्छन् र गलत गर्नेहरूविरुद्ध जाइलाग्छन्।

**तपाई प्रमुख भएका नाताले भिड्न फिल्डमै जानुहुन्छ कि बाहिर बस्नुहुन्छ ?**

म योजना बनाउँछु। त्यसैअनुरूप कसलाई कहाँ पठाउने हो खटाउँछु। यद्यपि म जहाँ कारबाही हुने हो त्यसकै छेउछाउमा हुन्छु।

**तपाईं आफ्नो राजनैतिक स्वार्थ पूरा गर्न टोलका गुण्डा, दादा तथा डनहरूको प्रयोग गर्दै हुनुहुन्छ, यसले अपराधलाई वैधानिकता दिँदैन ?**

गुण्डा, दादा र डनले सधैं त्यही नाममा समाजमा बाँच्नुपर्ने ? के उनीहरूले सुध्रन नपाउने ? उनीहरूलाई गुण्डा, दादा र डन कसले बनायो ? यही समाजले। त्यसो भए उनीहरूलाई सुधार गर्ने जिम्मा पनि समाजले लिनुपर्छ। मेरो विचारमा सरकारले बेरोजगारी भत्ता दिने हो भने कोही पनि अपराध गरेर हिड्न रुचाउँदैनन्। डनहरूलाई राजनैतिक संरक्षण दिएर गलत गर्नेहरूविरुद्ध लगाउनुपर्छ भन्ने मेरो मान्यता छ।

**हिजोका दिनमा पनि डनहरूले राजनैतिक संरक्षण पाएका थिए, तर सहरमा गुण्डागर्दी त कम भएनन् नि ?**

हिजो नेताहरूले डनहरूलाई निर्वाचनका बेला प्रयोग गर्थे। निर्वाचन सकिएपछि पैसा दिएर उनीहरूलाई बिदा दिइन्थ्यो। त्यसले बाँकी समय गलत काम गर्न समय तथा हौसला दिन्थ्यो। युथ फोर्सको गठनपछि उनीहरू राजनैतिक विचारद्वारा प्रशिक्षित हुन थालेका छन्। यहाँ अपराधी र टोलका बेरोजगार युवाबीचको फरक छुट्याउनुपर्छ। युथ फोर्समा अपराध गर्नेहरू छैनन्, तर बेरोजगार, निराश तर पढेलेखेका युवाहरू भने प्रशस्त छन्।

**तीनवटै प्रमुख दलले युवाहरू परिचालन गरेका छन्। जसले शहरमा त्रासको वातावरण सिर्जना गरेको छ, यसलाई कम गर्न संवाद तथा रचनात्मक कार्य गर्न–गराउन सकिँदैन ?**

राज्यले मानिसलाई गुण्डा बन्न बाध्य बनाएको कुरा बुझ्नुपर्छ। उसले नै युवाहरूलाई व्यवस्थित तुल्याउनुपर्छ। यसका लागि सरकारले नै रचनात्मक कार्य गर्न लगाउनुपर्छ। सबै दलका युवालाई सरकारले काम दिन सक्छ। राजनैतिक दलको संघठन भएकाले यसको दुरुपयोग हुने सम्भावन पनि कम हुन्छ।

**सरकारले राजनैतिक दलका युवालाई कस्तो काम दिन सक्छ ?**

उदाहरणका लागि विकासको कामलाई लिन सकिन्छ। प्रत्येक गाविसमा सरकारले ५ लाख पठाएको छ। उक्त रकमको सदुपयोग गर्न प्रमुख दलका युवा संगठनलाई पैसा दिएर विकास-निर्माणको काम गर्ने जिम्मेवारी दिन सक्छ। यसो गर्दा कुन संगठनले राम्रो काम गर्‍यो, जनताले मूल्यांकन गर्न पाउँछन्। रकम दुरुपयोग भयो भने दल र त्यसका युवा नेता बदनाम हुने भएकाले भ्रष्टाचार रोकिन्छ। कसले राम्रो काम गर्ने भन्ने प्रतिस्पर्धा हुन्छ, जसले कामको गुणस्तरीय कायम रहन्छ।

**यसले ठेकेदारहरूको आम्दानी गुम्दैन ?**

नयाँ राजमार्गमा ट्रक कुदाएपछि छेउछाउका घर चर्कनु, हल्लनु स्वाभाविक हो। गहुँमा एक-दुई घुन पिसिए भन्दैमा पीठो पिस्न नै बन्द गर्नुपर्छ भन्ने छैन। हामी नयाँ नेपालको कुरा गरिरहेका छौं भने युवाहरूलाई नयाँ तरिकाले चलाउन पनि सक्नुपर्छ।

**प्रस्तुति : अश्विनी कोइराला**

# के हो क्यारियर योजना?

कुनै काम थाल्नुअघि अध्ययनका लागि कुनै विषय चयन गर्नु अघि वा क्याम्पसमा भर्ना हुनुअघि सोच, विचार र आवश्यकता हेरी पाइला चाल्नुपर्छ। क्यारियर केवल जीविकोपार्जनको विषय मात्र नभएकाले क्यारियरप्रतिको संकीर्ण भावनाले हाम्रो सोचाइ पनि संकीर्ण हुनपुग्छ।

क्यारियर व्यक्तिसापेक्ष विषय मात्र होइन, यो व्यक्तिको विचार, पारिवारिक पृष्ठभूमि, घरपरिपरिको सामाजिक परिवेशले पनि ठूलो भूमिका खेलेको हुन्छ भन्ने बुझ्नुपर्छ। क्यारियर बाल्यावस्थाबाट सुरु भएर पचपन्नसम्म पुग्छ। यसैले यो विषय ज्यादै प्रासंगिक पनि छ। जीवन जीविका र जीवनको उद्देश्य निर्धारित गर्ने क्यारियर निर्माणका लागि थुप्रै आयामले भूमिका खेलेको हुन्छ।

क्यारियर छनौट गर्नु भनेको कामको छनौट गर्नु र जीवनको भविष्य तथा उद्देश्य छनौट गर्नु पनि हो। काम छनौट गर्दा कामको प्रकृति कस्तो छ ? शारीरिक श्रमयुक्त, मानसिक श्रमयुक्त, सिर्जनात्मक वा कलाकौशल आदिमध्ये केमा अधारित छ ? यसको प्रकृति छुट्याएर नै अघि बढ्नुपर्छ। यसका साथै काम आफ्नो स्वभावअनुकूल मन पर्ने-नपर्ने के छ ? हेर्नुपर्छ। बाध्यताले गरिएको काम केही दिनसम्म चले पनि त्यो दीर्घकालसम्म टिक्न गाह्रो हुन्छ।

क्यारियरको क्षेत्रमा प्रवेश गरिसकेपछि कामको जिम्मेवारी, पदीय अधिकार र स्रोत-साधनका बारेमा पनि विचार गर्नुपर्छ। सामाजिक प्रतिष्ठा, कामको चुनौती जीविकोपार्जनको सुनिश्चितता कति छ ? परिवार धान्नुका साथै आर्थिक उपलब्धि, धन र समयको बचत कति हुन्छ भने विचार गर्नुपर्छ। वृद्धावस्थाका लागि के व्यवस्था छ भन्ने पनि विचार गर्नुपर्छ। यसैले कुनै पनि काममा हात हाल्नु वा पाइला चाल्नुभन्दा पहिले धेरै सोच-विचार गरेर हात हाल्नु वा पाइला चाल्नु बेस हुन्छ।

**तनावबाट मुक्ति कसरी पाउने**

भागदौडले भरिएको आजको आधुनिक युगमा तनाव एउटा आम समस्या बन्न पुगेको छ। काम गर्दा अथवा कार्यस्थलमा व्यवसायसँग सम्बन्धित तनावको सामना जोसुकैले गरेका हुन्छन्। तनाव एउटा यस्तो समस्या हो, यो समस्याबाट पीडित व्यक्तिले कामको सिलसिलामा सानोतिनो गल्ती गरेकै हुन्छ। यस्तो गल्तीको कारण आलोचना पनि खपेकै हुन्छ, वा कार्यस्थलमा तनाव सहनुपर्छ। परिणामतः तनाव झन् बढ्छ।

जब कुनै मानिस काम वा रोजगारी थाल्छ त्यतिबेला कुनै पनि समय उसलाई तनावले घेर्न सक्छ। तनावकै कारण उसले आफूलाई प्रिय लाग्ने वस्तुको त्याग पनि गरिदिन सक्छ। कार्यस्थलसँग जोडिएको तनावबाट मुक्ति पाउन थुप्रै अनुसन्धान नभएका पनि होइनन्, तर ती सबै व्यवहारमा लागू गर्न कठिन छ। यहाँ केही त्यस्तै उपायहरू टिप्सका रूपमा उल्लेख गरिएका छन् जसलाई व्यवहारमा लागू गरेर विशेष फाइदा लिन सकिन्छ।

**काम सुनियोजित रूपमा गर्नुपर्छ**

आफूले गर्ने कामहरूको सूची पहिल्यै तयार गर्नु बेस हुन्छ। यसले कम समयमा धेरै काम गर्न मद्दत मिल्छ र काम सम्पन्न गर्न तथा राम्रो फल प्राप्त गर्न पनि सघाउ पुग्छ। यस पद्धतिले कार्यस्थलमा व्यवसायीलाई तनावबाट पनि बचाउँछ। समयलाई कामअनुसार विभाजन गरेर काम गर्नुपर्छ। पर्याप्त समय दिएर काम गर्नुपर्छ।

**समस्यामा छलफल गर्नुपर्छ**

यदि कामको सिलसिलामा आफूबाट निरूपण हुन नसक्ने समस्याहरू आइपर्छन् भने यस्तो समस्यालाई केवल आफूसम्म मात्र सीमित नराखी सहकर्मीहरूका माझ लगेर छलफल गरी त्यसको हल गर्नुपर्छ।

**कामलाई निजी जीवनबाट टाढै राख्नुपर्छ**

यदि अफिसको कामलाई घरमा पनि लिएर आउनुभयो भने तनाव अझ बढ्ने निश्चित छ। यो समस्याको अप्ठ्यारोमा परिवार पनि पर्नसक्छ। यसैले अफिसको काम घरमा ल्याएर गर्ने वा बाटाघाटोमै सम्हाल्ने काम गर्नु हुँदैन। अफिस र घरको बीचमा रहेको सीमा उल्लंघन गर्नु उचित हुँदैन।

**मतभेद हटाउनुपर्छ**

भिन्न विचार, भिन्न आवश्यकता र अपेक्षाका कारण साथीहरूबीच मतभिन्नता उत्पन्न हुनु स्वाभाविक हुन्छ। यसले नचाहिँदो तनाव पनि उत्पन्न गरिदिन सक्छ। यसैले आफ्नो कार्य सफलतापूर्वक गर्नका लागि व्यक्तिगत मतभेद र स्वार्थहरूलाई त्यागेर अफिसको काममा आपसी सौहार्दता बढाई काम गर्नु नै श्रेयस्कर हुन्छ।

**स्वास्थ्यमा ध्यान दिनुहोस्**

स्वास्थ्य नै सबैभन्दा ठूलो धन हो भने उक्ति छ। यदि व्यक्ति विमारी छ भने उसले कुनै पनि काम गर्न सक्दैन। अस्वस्थ वा विमार व्यक्तिले के नै गर्न सक्छ ? त्यसैले व्यक्ति खेतमा काम गर्ने होस् वा अफिसमा ऊ स्वस्थ हुनु आवश्यक हुन्छ। स्वस्थ्य व्यक्तिले नै काम राम्रोसँग गरी राम्रो आय आर्जन गर्न सक्छ। स्वस्थ्य व्यक्तिनै तनावमुक्त र प्रसन्नचित्त हुन्छ। तनावग्रस्त व्यक्तिमा जतिसुकै योग्यता र क्षमता भए पनि त्यो व्यक्ति धेरै माथिसम्म पुग्न सक्दैन, पछि नै परिरहन्छ। अर्कातिर वैदेशिक रोजगारीमा जाने व्यक्तिले त अनिवार्य रूपमा स्वस्थ्य रहेको प्रमाणपत्र नै लिनुपर्छ। त्यसैले आफ्नो स्वास्थ्य सुचारु राख्न उचित ताजा खानपान, पिउने पानी आदिमा विशेष ध्यान दिनुका साथै दुर्घटना, घाइते हुने कारण र घटनाबाट बच्नुपर्छ।

–भोला



# क्यारियर सुदृढ गर्ने उपाय

सुखी जीवन बिताउने बाटोमा क्यारियरले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। त्यसैले यसका लागि केही कुरामा विशेष ध्यान पुऱ्याउनु आवश्यक छ।

**राम्रो बायोडाटाको तयारी**

रोजगारीको खोजी आरम्भ गर्ने क्रममा सबैभन्दा पहिलो कार्य हो प्रभावशाली एवं सारगर्भित बायोडाटा तयार गर्नुजसलाई पढेर आफ्नो प्रतिभा एवं अपेक्षित आवश्यकताहरू एकै नजरमा बुझ्न सकियोस्। बायोडाटा पढेर सम्बन्धित व्यक्तिले आफ्ना लागि उक्त पद सही छ-छैन अर्थात् तपाईं उक्त पदका लागि सही उमेदवार हो-होइन बुझ्न सकोस्।

**राजनीतिबाट टाढा रहने प्रयत्न**

प्रायः हरेक कार्यालयमा राजनीति हुन्छ। कहिले कामलाई लिएर त कहिले पदोन्नतिलाई लिएर। सकेसम्म आफ्नो कामसित मात्र सरोकार भएका कुरामा संलग्न हुने प्रयत्न गर्नुपर्छ। व्यर्थका क्रियाकलापमा समय बर्बाद गर्नु उचित हुँदैन। कहिलेकाहीँ स-साना कुराले ठूल्ठूला समस्या जन्माउँछ, अतः ती कुराबाट टाढा रहनु बुद्धिमानी हुन्छ।

**सहयोगको भावना**

जुन ठाउँ तथा वातावरणमा अधिकतम समय बिताउनुपर्ने हुन्छ, सकेसम्म त्यहाँको वातावरण सहज एवं सौहार्द्रपूर्ण होस् भन्ने कुरामा प्रयत्नशील हुनुपर्छ। यदि अरूको समस्या समाधानको उपाय निकाल्न सहयोग गरियो, तिनका काममा सहकार्य गरियो भने अवश्य पनि आफ्नो हितअनुरूपको वातावरण सिर्जना हुन्छ।

**मेहनतको फल अवश्य प्राप्त हुन्छ**

परिश्रम गर्ने व्यक्तिले आफ्नो छुट्टै स्थान बनाउँछ, ढिलै किन नहोस् तर उसले मेहनतको प्रतिफल प्राप्त गरेरै छाड्छ। आफ्नो काममा बहाना खोज्ने प्रयास गर्नुहुँदैन। यो मेहनत गर्ने व्यक्तिको परिचय होइन। निरन्तरता र आत्मविश्वासका साथ मेहनत गरे अवश्य फल प्राप्त हुन्छ।

**अपडेट रहनुपर्छ**

समयसँगै अघि बढ्नुपर्छ। सफलताको बाटोमा यो मूलमन्त्र पनि हो। जुन क्षेत्रमा क्रियाशील हुनुहुन्छ त्यसका बारेमा पूरा ज्ञान आवश्यक छ। यसका साथै उक्त क्षेत्रमा भएका पछिल्ला प्रगति र उपलब्धिहरूका बारेमा जानकारी हुनु पनि उत्तिकै आवश्यक छ। ज्ञानको भण्डार जति बढ्यो त्यति राम्रो हुन्छ।

**चुनौतीबाट हड्बडाउनु हुँदैन**

क्षेत्र चाहे जुनसुकै होस्, चुनौतीबाट हड्बडाउनुहुँदैन। हरेक चुनौतीले क्यारियरको बाटो सुदृढ बनाउँछ, किनकि तिनको सामना गरेर नै अघि बढ्ने मार्ग प्रशस्त हुन्छ। चुनौतीबाटै व्यक्तिले के बुझ्छ भने जबसम्म लडिँदैन राम्रोसँग हिँड्न जानिँदैन। जब लडिन्छ तबबाट प्रयास प्रारम्भ हुन्छ।

**आफ्ना लागि पनि स्पेस राख्नुपर्छ**

नोकरीमा मेहनत गर्नु जरुरी छ तर आफ्ना आवश्यकताहरूलाई पनि प्राथमिकता दिनुपर्छ। नोकरी र खुसीबीच गहिरो नाता हुन्छ। मानिसको आशावादिता र व्यक्तिगत सम्बन्धमा पनि बेग्लै प्रकारको सामञ्जस्य हुन्छ। यदि नोकरी राम्रो छ, त्यसबाट सन्तुष्टि प्राप्त भएको छ भने त्यसको सकारात्मक प्रभाव अन्य सम्बन्धमा पनि पर्छ। आफ्नो परिवार एवं मित्रजनका लागि पनि समय निकाल्ने प्रयत्न गर्नुपर्छ। आफ्नो व्यावसायिक जीवनलाई आफ्नो व्यक्तिगत जीवनमाथि हावी हुन दिनुहुँदैन। यसो नभए व्यक्ति न व्यक्तिगत न त व्यवसायिक जीवनमा सुखी, सन्तुष्ट र सफल रहन सक्छ।

– रोजिन शाक्य


प्राइभेट Test/SLC
०६५ मा अन्तिम भर्ना खुल्यो तु. सम्पर्क राख्नुहोला
विगतका वर्षहरूमा उत्कृष्ठ नतिजा ल्याउन सफल तथा जि.शि.का. बाट मान्यता प्राप्त
कक्षा ८ पास गरि ९, १० फेल वा पास भएका उमेर नाघि ईच्छा भएका वा विविध कारणले विद्यालय जान नसकेका र यो वर्षमा रजिष्ट्रेशन नभरेका बिद्यार्थीहरूले मात्र सम्पर्क राख्नुहोला।
साथै Hibrew (इजरायली), जापानीज अंग्रेजी, Spanish भाषाका कक्षाहरू पनि धमाधम भईरहेका छन्।
Note: ईजरायल जानेहरूका लागी सम्पूर्ण तालिमका साथै जानको लागि आवश्यक जानकारी दिने भएकोले तु. सम्पर्क गर्नुहोला।
डिप्लोम्याटिक, कुमारीपाटी, ललितपुर, 5549139, 98510 21665
ओरियन, सामाखुशी, काठमाण्डौ, 2160822/98510 21071



अन्तिम भर्ना – पालो तपाईंको
प्राईभेट SLC-065
एस.एल.सी. ट्यूशन तथा कोचिङ कक्षाहरू
➢ Test/ SLC र कक्षा ९ फेल भएका
➢ कक्षा ८ पास गरि बिचमा पढाई छुटेका
➢ विविध समस्याले विद्यालय जान नसकेका हरूका लागि...
छोटो समयमै शुद्ध अंग्रेजी भाषा बोल्न र लेख्न।
पिस भिजन, 01-6913286, सोह्रखुट्टे, ठमेल
समर्पण एकेडेमी, 5547574, लगनखेल, ललितपुर



Learn to Speak English
20% for all of you
* 2 & 3 Months Packages
Hebrew (इजरायली)
Japanese (जापानी)
Korean/Chinese/French/Spanish/German/IELTS/Job /Visa/Interview Pre.
* 1 Months Special/Speaking Class
* Audio/Visual in American & British Tone
* Situational Conversation and Practices
* विदेश जाने, जान्दै नजान्नेलाई विशेष कक्षा
OASIS Language Centre
Galkopakha Thamel & Kalimati Chock
4359170, 2024700

# गहुँ खेतीका लागि जीरो टिल प्रविधि

शिव मुखिया

काठमाडौं- गहुँ रोप्ने समय नजिकिँदैछ। किसानहरू छोटो समय र कम श्रममै गहुँको उत्पादन बढाउने ध्यानमा लागेका हुन सक्छन्। त्यसका लगि जीरो टिल प्रविधि उपयोगी हुनसक्छ। जीरो टिल अपनाउँदा गहुँको उत्पादनमा ३० देखि ४० प्रतिशतसम्म वृद्धि हुने सम्बन्धित विज्ञहरू बताउँछन्। नेपाल, भारत, बंगलादेश र पाकिस्तानले संयुक्त रूपमा जीरो टिलको अवधारणा विकसित गरेका हुन्। हाल भारत र पाकिस्तानको ४० लाख हेक्टर जमिनमा जीरो टिल प्रविधिअनुरूप खेती गरिन्छ।




जीरो टिललाई नेपालीमा शून्य जोताइ एवं स्रोत संरक्षण प्रविधि भनिन्छ। नेपालको भैरहवा, रूपन्देही, बारा, पर्सा, रौतहट, सुनसरी आदि जिल्लामा परीक्षणका रूपमा जीरो टिल प्रविधि अपनाइएको छ। जीरो टिल प्रविधिअन्तर्गत धानबाली उठाइसकेपछि बारी खनजोत नगरी गहुँको बीउ र मल छरिन्छ। धानबाली लगाइएको बारीमा धान काटिसकेपछि खनजोत नगरी ट्र्याक्टरको पछाडि जडान गरिएको सिड ड्रिलबाट मल र बीउ छरिन्छ। यसरी धानबाली उठाएलगत्तै नजोतिएको बारीमा सिड ड्रिलबार मल छरेर बीउ लगाउने प्रविधि नै जीरो टिल प्रविधि हो।

चारपाङ्ग्रे ट्र्याक्टरको पछाडि सिड ड्रिल जडान गरिएको हुन्छ। त्यही सिड ड्रिलबाट मल र बीउ छरिन्छ। यो प्रविधि अपनाउँदा श्रम, समय र पानीको बचत हुन्छ। जीरो टिल प्रविधि अपनाउनुको फाइदा उचित समय गहुँको बीउ लगाउन सक्नु पनि हो। खनजोत गर्नु नपर्ने भएकाले मंसिरको पहिलो हप्तामै बीउ छर्न सम्भव हुन्छ। मंसिरको तेस्रो सातापछि छरेको बीउको उत्पादन क्रमशः घट्दै जान्छ। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का प्रवक्ता भोलामानसिंह बस्नेत भन्छन्- 'त्यसैले जीरो टिल प्रविधि अपनाउँदा उचित समयमै बीउ छरेर उत्पादन वृद्धि गर्न सकिन्छ। जीरो टिलअन्तर्गत खनजोत गरिरहनु नपर्ने भएकाले धेरै पानी पनि आवश्यक हुँदैन।

# कफी छोडाउने पल्पर

नेपाल कृषि अनुसन्धान परिषद 'नार्क' ले हालै कफी छोडाउने आधुनिक पल्परको विकास गरेको छ। हात, खुट्टा एवं विद्युतीय माध्यमबाट चलाउन सकिने तीन प्रकारका पल्पर परम्परागतभन्दा बढी क्षमताका र सुविधायुक्त छन्। हाल विकसित एइडी रोलर कफी पल्पर, एइडी साइकल पल्पर तथा एइडी इलेक्ट्रिक पल्परले प्रतिघन्टा ६० किलोदेखि १ सय ५० किलोसम्म कफी छोडाउन सक्छ।

एइडी रोलर कफी पल्पर हातको माध्यमबाट चलाउन सकिन्छ। यो पल्परले प्रतिघन्टा ६० किलो कफीको गुदी र बोक्रा छोडाउँछ। यसबाट कफी छोडाउँदा कम टुक्रिने, गुदी र बोक्रा राम्रोसँग छुट्टिने भएकाले किसानका लागि उपयोगी हुन्छ। २५ किलो तौलको यो पल्परको मूल्य ७ हजार ५ सय पर्छ। धेरै किसानले यो पल्पर रुचाएको पाइन्छ।

एइडी साइकल पल्परमा दुईवटा रोलर जडान गरिएको हुन्छ। यसलाई साइकलको झैं पाउदानी चलाएर कफी छोडाउन सकिन्छ। पल्पर अपरेटरको साइज र सविधाअनुसार सिटको उचाइ र दूरी थपघट गर्न सकिन्छ। यो पल्परले प्रतिघन्टा १ सयदेखि १ सय ३० किलोग्रामसम्म कफी छोडाउन सक्छ। ५० किलोग्राम तौलको यो पल्परको मूल्य १७ हजार रुपैयाँ छ।

एइडी इलेक्ट्रिकल पल्पर हालसम्म प्रचलित पल्परमध्ये सबैभन्दा बढी क्षमताको र सुविधायुक्त पल्पर हो। यसको फ्रेममा मोटर जडान गरिएको हुन्छ। यो पल्परले प्रतिघन्टा १ सय ५० किलोग्राम कफी छोडाउन सक्छ। विद्युतीय माध्यमबाट कफी छोडाउने हुँदा यसबाट धेरै श्रमशक्ति वचत हुन्छ।

नार्क अन्तर्गत कृषि इन्जिनियरिङ महाशाखाका वरिष्ठ वैज्ञानिक श्रीमद श्रेष्ठको नेतृत्वमा रविजि राशैली तथा शैलेन्द्र खत्रीको समूहले एक वर्षको मेहनतपछि यी पल्परको विकास गरेको हो। कम परिमाण कफी उत्पादन हुने नेपालमा प्रशोधनका लागि ठूला कारखानाहरू बनेका छैनन्। त्यसैले समूहगत रूपमा चलाउन मिल्ने पल्परहरू किसानका लागि उपयोगी हुने वैज्ञानिक श्रेष्ठ बताउँछन्। सन् २००२ मा इन्डोनेसियाको म्युजियमबाट झिकाइएको काठको परम्परागत पल्परकै विकसित रूपमा हालका पल्परहरू बनाइएको हो।

–शिव मुखिया

## कृषि वैज्ञानिकहरूको सम्मेलन

सोसाइटी अफ एग्रिकल्चर साइन्टिसको तेस्रो सम्मेलनमा १ सय ६२ जना कृषिक्षेत्रमा कार्यरत वैज्ञानिकको सहभागिता थियो। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)को खुमलटारस्थित भवनमा सम्पन्न उक्त सम्मेलनमा सयभन्दा बढी कार्यपत्र प्रस्तुत गरिएको थियो। उक्त अवसरमा कृषि विज्ञानमा आधारित 'कृषि ज्ञानमाला' शीर्षक पुस्तक पनि लोकार्पण गरियो। सम्मेलनमा कृषि वैज्ञानिकहरूले कृषि अनुसन्धानसम्बन्धी अपनाउनुपर्ने राणनीतिका सम्बन्धमा छलफल गरेको नार्कका प्रवक्ता भोलामानसिंह बस्नेतले बताए। यसबीच सोसाइटी अफ एग्रिकल्चर साइन्टिसको कार्यसमितिका लागि निर्वाचन सम्पन्न भएको छ, जसअनुसार डा. हीराकाजी मानन्धर अध्यक्षमा, डा. जगतदेवी रञ्जित उपाध्यक्षमा, डा. टेकबहादुर महासचिवमा, भोजराज जोशी, तुलसीप्रसाद पौड्याल एवं सूर्यनारायण शाह सचिवमा तथा केशवप्रसाद कोषाध्यक्षमा निर्वाचित भए।

# नयाँ नेपालमा एम कमर्सको भूमिका

नेपालको सन्दर्भमा एम कमर्सका सम्बन्धमा धेरैलाई थाहा नहुन सक्छ। मोबाइलबाट हुने कुनै पनि संकेत, एसएमएस, ब्यालेन्स ट्रान्सफर, अनलाइन मोबाइल बैंकिङ वा मोबाइलको प्रयोगबाट गरिने कुनै पनि व्यापार-व्यवसायलाई एम कमर्स भनिन्छ। समुन्नत मुलुकहरूमा यो मानव जीवनको एक अभिन्न अंगका रूपमा परिचित भैसकेको छ। हाम्रो जस्तो विकासोन्मुख राष्ट्रले पनि यसबाट फाइदा लिन सक्छ। अपर्झट घट्न जाने कुनै पनि दैवी प्रकोपको तुरुन्त User Tracking का आधारमा जानकारी गराउनेदेखि लिएर विद्यावारिधिसम्म गर्न सकिने सुविधा एम कमर्सका पाटाहरू हुन्। जस्तै– कुनै पर्यटक प्रवेश गर्नेबित्तिकै उसलाई एउटा पर्सनल मोबाइल नम्बर उपलब्ध गराई उसले यहाँ बसोबास गरुन्जेल प्रयोग गर्न दिइएको खण्डमा Tracking का आधारमा उसलाई तुरुन्त खोज्न वा चाहिएको बखत तुरुन्त पत्ता लगाउन सकिन्छ।

हाम्रो जस्तो भू-परिवेष्टित राष्ट्रमा एक ठाउँबाट अर्को ठाउँमा पुग्न कठिन हुने गरेको छ। जस्तै– Bank Balance थाहा पाउन, साधारण Message दिन आदि कामका लागि पनि हिंडेर नै पुग्नुपर्ने बाध्यताहरू हाम्रा सामु छन्, त्यसको निराकरणका लागि पनि एम कमर्स अपरिहार्य छ।

वास्तवमा हाम्रो बानी सरकारले गरिदिन्छ वा गरेन भन्नेतिर मात्र केन्द्रित रहेको पाइन्छ, तर हामीले पनि केही गर्नुपर्छ वा राष्ट्रनिर्माणमा हाम्रो भूमिका के हुन सक्छ भन्ने कुरा यदि सोच्ने हो भने नयाँ कामको थालनी आफैंबाट हुनु आवश्यक छ। धेरैजसो प्राइभेट बैंकले आफ्नो सुविधामा मोबाइल बैंकिङ सेवा प्रदान गर्दै आएका छन्। वास्तवमा यस्तो सुविधा सहरमा मात्र केन्द्रित छन् भने सरकारी बैंकहरूले पनि उपलब्ध गराई ग्रामीण भेगसम्म पहुँच पुऱ्याउन सके यसबाट सबैले सुविधा पाउन सक्ने अवस्था सिर्जना हुन सक्थ्यो।

एम कमर्सको प्रयोगले यसको विकासको चिनारी गराउँदै जानेभन्दा अरू कुनै बाटो हामीसामु छैनन्, किनकि यसलाई हामीले प्रयोग गरिरहे पनि यसका बारेमा न त धेरैलाई जानकारी नै छ, न त कुनै विद्यालय वा विश्वविद्यालयमा नै यससम्बन्धी जानकारी दिइन्छ। मोबाइल मर्मतसम्बन्धी तालिम दिने संस्थादेखि लिएर व्यवसायीहरूले यसको मापदण्ड बुझेर काम गर्नुपर्ने र अपरेटरहरूले पनि प्रतिस्पर्धाको नाममा नाफामुखी मात्र नभै आफ्नो सेवालाई भरपर्दो, उत्तरदायी र सेवाग्रही बनाएर कार्य गर्नुपर्ने आजको टड्कारो आवश्यकता हो। यदि एम कमर्सको मापदण्डलाई अनुसरण नगर्ने हो भने मोबाइल सेवा फाइदाभन्दा हानिकारक बन्दै जानेछ।

ई-कमर्स र एम कमर्स एक सिक्काका दुई पाटा हुन्, यी दुवैको दिगो विकास, लगानी एवं कार्यान्वयनका लागि साइबर कानुनको पालनाहुनु आवश्यक हुन्छ। त्यसैले सरकारले पनि साइबर कानुनअन्तर्गत एम कमर्सलाई पनि समेट्न सक्नुपर्छ अन्यथा साइबर कानुनलाई पूरा मान्न सकिनेछैन।

–अम्बिकाप्रसाद ढकाल

**विज्ञान समाचार**

## हेपाटाइटिस बी रोगीलाई राहत

हेपाटाइटिस बीका बिरामीका लागि राहतको खबर छ। भर्खरै नयाँ औषधी पत्ता लागेको छ। अन्य उपचारभन्दा यो असरदार रहेको बताइएको छ। यसले मर्नेको संख्या कम हुनेछ। विश्व स्वास्थ्य संगठनका अनुसार बर्सेनि विश्वमा करिब ३ करोड मानिस हेपाटाइटिस बीबाट प्रभावित हुन्छन्।

# यस्तो हुनुपर्छ आधुनिक डिजिटल रुम

डिजिटल प्रविधि सस्तो र दैनिक जीवनका लागि अभिन्न अङ्ग बन्दै गएकाले यस्ता प्रविधिबाट मनग्गे फाइदा र सुविधा लिन मानिसहरू डिजिटल रुमको परिकल्पना गर्न थालेका छन्। डिजिटल प्रविधिको विकास र उत्पादन गर्ने कम्पनीहरूले डिजिटल रुमका लागि सुहाउँदो प्राविधिक उपकरणहरूको बिक्री सुरु गरेका छन्। डिजिटल रुमका लागि सिफारिस गरिएका उपकरणहरूले केवल मानिसको कोठालाई मात्र सुविधायुक्त बनाउनेछैन, कोठाको उपयुक्त व्यवस्थापन, सजावट र सुन्दरता बढाउनसमेत मद्दत पुग्ने विश्वास गरिएको छ। डिजिटल रुमका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा नेटवर्क कन्ट्रोल प्यानल र टेलिभिजनको प्रसारण पनि हो। कोठामा राखिएका उपकरणहरूको मद्दतबाट चाहिएको टेलिभिजन कार्यक्रमहरू हेर्न, संगीत सुन्न, कम्प्युटर इन्टरनेटवर्क सम्पर्क गर्नेलगायतका सुविधा चाहिएको बेला, चाहिएको ठाउँबाट पाउन सकिनेछ।

**होम सर्भर**

एउटा सानो बक्सबाट हजारौं हजार गिगाबाइट्स डाटाहरूको हस्तारण र संग्रह गर्न सक्ने क्षमता भएको टेराबाइट्स होम सर्भर अत्यन्तै महत्त्वपूर्ण उपकरण हो। होम सर्भरले आफूलाई मन पर्ने चलचित्र, भिडियो क्लिप, सांङ्गीतिक एल्बमजस्ता मनोरञ्जन सामग्रीहरूका अतिरिक्त इन्टरनेट तथा इन्टरनेट-टेलिभिजनबाट डाउनलोड गरिएका कम्प्युटर डाटाहरू संग्रह र प्रयोग गर्न सकिन्छ। यो उपकरणले टेलिभिजन र इन्टरनेट सामग्रीहरू एकैसाथ हेर्न र डाउनलोड गर्न सकिन्छ। यसलाई टेलिभिजन, इन्टरनेट र कम्प्युटर नेटवर्क-सर्भरसँग जोडिएको र सबै काम एकसाथ गर्ने मेसिनले सम्भव एवं सुविधायुक्त बनाइदिएको छ।

**सिमिलिज कनेक्सन**

नेटवर्क सुविधाको सबैभन्दा नराम्रो पक्ष के हो भने हजारौंहजारको संख्यामा रहेका कम्प्युटर तथा टेलिभिजनमा बेतार सम्पर्क सुविधा प्रदान गरी पठाइने कम्प्युटर डाटा तथा भिजुअल दृश्यहरू गुणस्तरीय छैन। डिजिटल लिभिङ एलायन्स नामक कम्पनीले बेतार सुविधा र सामग्रीहरूलाई समेत त्रुटिरहित बनाई डिजिटल रुमका उपभोक्तालाई सेवा प्रदान गर्ने दाबी गरेको छ। डिजिटल लिभिङ एलायन्स कम्पनीले सोनी, नोकिया र जेभिसी इलेक्ट्रोनिक कम्पनीबाट उत्पादित विभिन्न उपकरणको प्रयोग गरी यो सुविधा उपलब्ध गराउने जानकारी गराएको छ। यी उपकरणको माध्यमबाट आधिकारिक टेलिभिजन प्रसारण सेवाका साथै इन्टरनेट सेवाका सामग्रीहरू डाउनलोड गर्न र हेर्न सकिन्छ। यस्तै डिजिटल लिभिङ एलायन्स कम्पनीको सुविधा लिने उपभोक्ताहरूका बीचमा पनि डाटाहरू आदानप्रदान गर्न र सीधा सम्पर्क कायम गर्न सकिनेछ।

**टेलिभिजन**

सानडिक्स नामक कम्पनीले घर र कोठावरिपरि घुम्ने टेलिभिजन डिजिटल रुमका लागि अघि सारेको छ। इन्फ्रारेड रिमोट सिस्टम, मेडियाप्लेयर र युएसबी मेमोरी सुविधा भएको यो टेलिभिजनले डिजिटल रुमको सुन्दरता बढाउन मद्दत पुऱ्याउनुका साथै चाहिएको सुविधासमेत प्राप्त गर्न सकिन्छ। यो टेलिभिजन सेटमा ८ गिगाबाइट क्षमताको ग्याडगेट जडान गर्न सकिने सुविधा पनि छ, जसले सर्भरमा भएको साङ्गीगित एल्बम, भिडियो क्लिप तथा टेलिभिजन कार्यक्रमहरू हेर्न सकिन्छ। यो टेलिभिजनमा भएको सिस्टमले गर्दा रिमोट कन्ट्रोलको सहायताबाट सामग्रीहरू ब्राउज गर्न र हेर्न सकिन्छ।

**स्मार्ट टेलिभिजन**

यो यस्तो टेलिभिजन हो जसले इन्टरनेटसँग सिधा सम्पर्क कायम गर्न सकिन्छ। यो टेलिभिजन स्क्रिनको एउटा कुनामा अरू छुट्टाछुट्टै टेलिभिजन कार्यक्रम तथा इन्टरनेट हेर्न र डाउनलोड गर्न सक्ने सुविधा छ।

**म्युजिक स्ट्रिम**

कम्प्युटर तथा स्टेरियो साउन्डबक्सको कनेक्सनविना नै गीतहरू सुन्न र म्युजिक भिडियो हेर्न चाहनुभएको छ भने स्क्वीजबक्स मेसिनले सहयोग पुऱ्याउनेछ। स्क्वीजबक्स मेसिनमा भएको अत्याधुनिक हाईफाई सिस्टमलाई रिमोट कन्ट्रोलबाट पनि चलाउन सकिन्छ। यसका साथै गीतहरू स्क्वीजबक्स स्टेरियोबाट सुन्न सकिन्छ भने एलसीडी स्क्रिनमा ती म्युजिक एल्बम हेर्न पनि सकिन्छ। एलसीडी स्क्रिनसेट कोठाको एक कुनाबाट अर्को कुनामा घुमाउन सकिने विशेषतायुक्तसमेत छ।

**वायरलेस प्रोजेक्टर**

यदि ठूला प्लाज्मा टेलिभिजन स्क्रिनबिना नै घरमा टेलिभिजन प्रसारण र भिडियो हेर्न खोजिरहनुभएको छ भने तपाईंको समस्यालाई तोसिबा कम्पनीको वायरलेस प्रोजेक्टरले समाधान गर्नेछ। मात्र एक मिटरको दूरीबाट यस प्रोजेक्टरले तपाईंको कोठाको भित्तामा २ मिटरको दूरीबाट १ मिटर २० सेन्टिमिटरको तस्बिर देखाउनेछ। यो प्रोजेक्टरले कोठाको कम्प्युटर र डिभिडी प्लेयरबाट तार सम्पर्कबिना नै टेलिभिजन प्रसारण, कप्युटरमा संग्रह गरिएको सामग्री एवं डिभिडीमा प्ले गरेको सामग्री देखाउनेछ।

**ड्युल स्क्रिन टेलिभिजन**

विभिन्न टेलिभिजन च्यानलहरू धेरैभन्दा धेरै टेलिभिजन कार्यक्रम र चलचित्रहरू एकैचोटि आउँदा कुन हेर्ने र कुन छुटाउने हो भन्ने दोधार हुन्छ तर हालै विकास गरिएको ड्युल टेलिभिजन स्क्रिनले यो समस्यालाई समाधान गरिदिने भएको छ। सामसुङ इलेक्ट्रोनिक कम्पनीले विकास गरेको आयामिक र ध्रुवत्व गुण भएको प्लाज्मा टेलिभिजनले एकैसाथ चाहेको टेलिभिजन कार्यक्रम र सिनेमा पनि हेर्न सकिनेछ तर प्लाज्मा टेलिभिजन स्क्रिनमा देखा पर्ने यस्ता विविध रङ्गीविरङ्गी कार्यक्रम हेर्न दर्शकले चस्मा लगाउनुपर्नेछ।

**युनिर्भसल रिमोट कन्ट्रोल**

टेलिभिजन स्क्रिन र कम्प्युटर एक-आपसमा जोडिएपछि ती दुवैलाई एकैसाथ चलाउन नयाँ किसिमको रिमोट कन्ट्रोलको विकास भएको छ। उक्त रिमोट कन्ट्रोलको माध्यमबाट टेलिभिजन, डिभिडी डेक र कम्प्युटरलाई निर्देशित मात्र गर्ने छैन कि यसले कम्प्युटरको कि बोर्ड र माउसको काम पनि गर्नेछ। यस्तो रिमोट कन्ट्रोलको विकास लोगिटेक डिनोभो नामक कम्पनीले गरेको छ। हत्केलाजत्रो आकारको ब्लुटुथ र रिचार्ज गर्न सकिने ब्याट्री तथा ब्याक-लाइट प्रकाश सुविधा भएको युनिर्भसल रिमोट कन्ट्रोलले अँध्यारोमा पनि काम गर्नेछ।

**वायरलेस फ्रेम**

डिजिटल क्यामेराबाट खिचिएको तस्बिर हेर्न कि त कम्प्युटरको प्रयोग गर्नुपर्छ कि त प्रिन्ट नै गर्नुपर्ने बाध्यता रहिआएको छ तर अब यस्तो वायरलेस फ्रेमको विकास गरिएको छ जसले तस्बिर धुलाउनुपर्नेछैन। मेमोरी कार्डजडित यस वायरलेस फ्रेमले गर्दा क्यामेरा, मोबाइल फोन सेट अथवा घरको कम्प्युटरमा रहेको तस्बिरहरू सीधै हेर्न र वर्षौंसम्म भित्तामा सजाउन सकिन्छ।

**फेसियल रिकोगनाइजेसन**

आफ्नो घरभित्र रहेको टेलिभिजनले तपाईंको अनुहार चिन्न सक्छ भन्ने कल्पना पनि गर्नुभएको छैन होला। पानासोनिक इलेक्ट्रोनिक कम्पनीले हालै विकास गरेको स्टे वीथ मि टेलिभिजन नामक टेलिभिजनको लाइफवालले तपाईंको अनुहार चिन्न सक्नेछ। यो टेलिभिजनले पहिले मानिसको चहलपहलको दृश्य खिचेर मेमेरीमा संग्रह गरिराख्छ र यसमा जडान गरिएको विशेष खालको चिप्स तथा सफ्टवेयरले मानिसको अनुहार पहिचान गर्ने र अन्तर्क्रिया गर्ने काम गर्छ। यो टेलिभिजनले बालबालिकाहरूको गलत गतिविधिलाई नियन्त्रण गर्न अभिभावकको भूमिका पनि निर्वाह गर्छ।

–भोला

# संयोग होला



चलचित्र 'तृष्णा' त्यतिबेला सबै किसिमबाट उत्कृष्ट मानियो। चलचित्रको गीत-संगीत, कलाकारहरूको अभिनय, संवाद, पटकथालगायत सबै उत्कृष्ट भएकाले चलचित्र सर्वोत्कृष्ट भयो र सुपरहिट पनि। चलचित्रको सबैभन्दा उल्लेख्य पक्ष छायांकन एवं निर्देशन थियो। चलचित्रलाई निर्देशन गरेका थिए उगेन छोपेलले भने खिचेका थिए विनोद प्रधानले। व्यावसायिक सामाजिक चलचित्रलाई फरक ढंगबाट प्रस्तुत गर्न निर्देशक उगेन खप्पिस छन्। विनोद यतिखेर बलिउडका नम्बर एक छायांकार भएका छन्। 'जाने भी दो यारो' देखि 'परिन्दा'सम्म उनी बलिउडमा उदाए भने '१९४२ अ लभस्टोरी' हुँदै 'देवदास'सम्म उनले आफ्नो छायांकन कला प्रस्फुटन गरे। पछिल्लो 'किस्मत कनेक्सन' पनि उनैले खिचेका हुन्। सबै प्रकारले उत्कृष्ट नेपाली चलचित्र 'तृष्णा' बनाउने उगेन र विनोद हालै एक साताको अन्तरमा धेरै पछि काठमाडौंमा झुल्किए।


अघिल्लो साता अन्त कतै जान लाग्दा बाटो पारेर 'फ्रेस' हुन काठमाडौं आएको बताउने विनोद र त्यसको एकसाता पनि नबित्दै एउटा कलेक्सन एल्बमको कामका लागि काठमाडौं आइपुगेका उगेनको आगमनलाई लिएर कलिउडमा चर्चा चल्यो। 'यिनीहरू किन झन्डै सँगसँगै काठमाडौं आए?' भन्ने उत्सुकता सबैमा छ। अभिनेता डेनी डेन्जोङ्पाका भान्जा उगेन तथा बलिउडका सर्वाधिक व्यस्त एवं सिर्जनशील छायाँकार विनोदले आफ्ना अन्तर्वार्ताहरूमा लगभग उस्तै कुरा गरेका छन्– 'मौका मिले फेरि एउटा नेपाली चलचित्रमा काम गर्ने।' उनीहरूको एकसाथ आगमन र उस्तै कुरालाई 'संयोग' मानिए पनि कतिपय यसको पछाडिको कारण खोतल्न लागिपरेका छन्।



# तरुनीसँगै नाचे बूढा



एउटी तरुनी नयिकासँग दुई बूढा कलाकार नाचे भने कस्तो देखिएला? दर्शकको प्रतिक्रिया मिश्रित आउन सक्छ। कसैले राम्रो भन्लान् त कसैले चित्त बुझेन पनि भन्लान्। प्रतिक्रिया जस्तोसुकै आओस्, एक जना निर्देशकले यस्तै गरेका छन्। उनले एउटी नायिकाका साथमा दुई जना बूढा कलाकारलाई नचाएका छन्। प्रसंग हो चलचित्र जंगबाजको। यो चलचित्रमा नायिक ऋचा घिमिरेसँगै कम्मर मर्काएर नाचेका छन्- युवराज लामा र अशोक शर्मा। प्रचारमा आउनका लागी विभिन्न हतकण्डा अपनाउने निर्देशक सोभित बस्नेतले प्रचारकै लागि नभएर विषय सुहाउँदो चलचित्र बनाउन तरुनी हिरोइनको साइडमा बूढालाई नचाएको बताए।



अर्को कुरा ऋचासँगै छमछमी नाच्ने लामा र शर्मा यो चलचित्रका खलपात्र हुन्। चलचित्रमा भूमिका जस्तो भए पनि वास्तविक जीवनमा भने उनीहरू खलपात्रकै रूपमा चिनिन्छन्। एक-अर्काको उछित्तो काढ्नमै व्यस्त छन् यी अहिले। यस्तो अवस्थामा पनि एउटै चलचित्रमा काम गर्ने सहमति कसरी भयो? निर्देशक अशोक शर्माले आफुहरूबीच नीतिका विषयमा मतभेद भए पनि त्यस्ता कुराले अभिनयमा खासै फरक नपार्ने बताए।

## लभ गुरु




**म कक्षा १२ मा अध्ययनरत १९ वर्षीया युवती हुँ। नेपाली सेनामा कार्यरत एक पत्रमित्रले आठ महिनाअघि प्रेमप्रस्ताव राखे। त्यतिबेला पढाइलाई असर पर्छ कि भनेर मैले केही सोचेकी छैन भनिदिएँ। हाम्रो भेट भएको थिएन। हामीले एक–अर्काको तस्बिर पनि देखेका थिएनौं। उसले मोबाइलमार्फत तिम्रो बोली–व्यवहार राम्रो लाग्यो र म तिमीजस्तै जीवनसाथी खोजिरहेको कुरा भने। मैले उनको कुरालाई नकारात्मक रूपबाट पनि हेरिनँ, किनकि उसले रूपलाई होइन बोली–व्यवहारलाई बढी प्राथमिकता दिएको छ। ऊ मेरो घरमा आयो र हाम्रो भेट भयो। त्यसपछि मलाई पनि उनको सम्पूर्ण क्रियाकलाप एवं बानी–व्यवहार राम्रो लाग्यो र हुन्छ भनिदिएँ। हामी दुवै खुसी थियौं। म परिवारकी कान्छी छोरी हुँ र मेरो दाइ र एउटी दिदीको विवाह हुनै बाँकी छ। ऊ आउने माघमा मसँग विवाह गर्ने कुरा गर्दैछन्। फेरि म माघदेखि नै २० वर्षकी हुन्छु। उसको घरबाट पनि उसलाई विवाह गर्न भनेका रहेछन्। दाइ र दिदीलाई छाडेर म कान्छीले विवाह गर्दा समाजले के भन्लान् ? फेरि छिटै विवाह गरे पढाइ पनि रोकिन्छ कि ?**

**–पीएमएस**

–दाइ र दिदीको विवाह भएको छैन भनेर आफूले विवाह नगर्नु र यदि त्यसो गरे समाजले के भन्ला भन्ने डर लिनु अहिलेको समयमा ठीक नहोला। किनकि आफूभन्दा अग्रजको विवाह नभएका बेला कान्छा वा कान्छीले विवाह गरेको प्रशस्त उदाहरण हाम्रो समाजमा पनि छन्। रह्यो पढाइको कुरा, प्रेमीसँग अहिले नै कुरा गरे त्यो समस्या पनि समाधान हुन्छ, तर पनि कक्षा १२ सकिएपछि विवाह गर्नु उचित हुन सक्छ। तपाईंको एउटा कुरा मलाई मन पर्‍यो। अहिले संसार रूप र धनको पछि दौडिरहेका बेला तपाईंका प्रेमीले बोली-व्यवहार मन परेर तपाईंसँग प्रेम गरेका रहेछन्। तपाईंको रूपरंग पनि सुहाउँदो होला। भेटघाट भैसकेपछि पनि उनी आफ्नो निर्णयमा अडिग रहे, अहिले यस्ता प्रेमी पाउन मुस्किल पर्छ। प्रेम अहिलेको समाजमा कतिपयका लागि सम्झौता र फेसनजस्तो भैरहेको छ। तपाईंले साँच्चै प्रेम गर्ने प्रेमी पाउनुभएको छ। यो अवसर खेर जान नदिनु होला। रह्यो उनले माघमै विवाह गर्न जोड गरेको कुरा। पारिवारिक सहमतिमा बरु अहिले कुरा छिनेर १२ कक्षा सकिएपछि विवाह गरे कसो होला ?

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर



• पोखरामा मगर चलचित्र 'गोठालो' को च्यारिटी शो शनिबार सम्पन्न भएको छ। लामो समय लगाएर सर्वाधिक उचाइमा अवस्थित तिलिचो ताल र चौरी गोठका लोभलाग्दा दृश्यहरू समेटिएकाले यो चलचित्रले दर्शकको मन छुन्छ। चलचित्रमा राखिएको कौडा नृत्य पनि आकर्षक छ। दर्शकदीर्घाबाट वाहवाही कमाउन सफल गोठालोका केही कमजोर पक्ष पनि छन्, जस्तै आवश्यकताभन्दा बढी मुरलीको धुन बजिरहँदा खल्लो महसुस हुन्छ। यो चलचित्रमा राजकुमार पुन, पुष्पा पुन, कमला पुन, शिव पुन, विराज पोखेल, खुमराज पुन, जनी पुन, सीता पुन, माया पुन आदिले प्रमुख भूमिका निर्वाह गरेका छन्।

• चलचित्र 'मनको टुक्रा'मा अभिनय गरेका नायक सरलदेवको असामयिक निधन भएको छ। उक्त चलचित्रमा नायिका सज्जा मैनालीको नायकको भूमिकामा देखिएका सरललाई अचानक पेटको समस्या देखिएपछि अस्पताल लगिएको तथा उपचारकै क्रममा उनको निधन भएको बताइन्छ। २८ वर्षीय स्व.सरलदेवको वास्तविक नाम भीमबहादुर गुरुङ हो।

• चार जना नायक रहेको चलचित्र 'जय शिव शंकर' प्रदर्शनका लागि तयार छ। विगतमा 'मैदान', 'जीवनदाता' आदि चलचित्र निर्माण गरिसकेका निर्माता सुशील पोखरेलको यो चलचित्रमा राजेश हमाल, निखिल उप्रेती तथा विराज भट्टका अतिरिक्त राजेश ढुंगाना पनि नायक छन्। चलचित्र 'जय शिव शंकर'मा मिथिला शर्मा, संचिता लुइँटेल, रेजिना उप्रेती, पुजना प्रधान, उमेश खड्का आदि कलाकारको पनि मुख्य भूमिका छ। राजेन्द्र उप्रेतीद्वारा निर्मित यो चलचित्रको विषयवस्तु सामाजिक भए पनि प्रस्तुति भने द्वन्द्वप्रधान छ।

• सिनेमास्कोप प्रविधिमा निर्माण हुने चलचित्र 'गुरु दक्षिणा'को शुभमुहूर्त सम्पन्न भएको छ। राजेश हमाल, रवि गिरी, सञ्चिता लुइँटेल, राजबल्लभ कोइराला, आयुष रिजाल, सुष्मा कार्की, हिउँबाला गौतम, सुलेमान शंकर आदि कलाकारले चलचित्रमा प्रमुख भूमिका निर्वाह गर्नेछन्। निर्देशक रामराजा दाहालले निर्देशन गर्ने यो चलचित्रमा वसन्त सापकोटा तथा दीपानारायण झाले संगीत दिनेछन्। छायांकन राजु गौली तथा निरञ्जन अर्यालले संयुक्त रूपमा गर्ने भएका छन्। चलचित्रमा योगन्द्र श्रेष्ठको द्वन्द्व, विजय नकर्मीको नृत्य रहनेछ भने सुवाससिंह बस्न्यातले यसको कथा, पटकथा तथा संवाद लेखेका हुन्।



# खलबलियो रात्रिजीवन

**पृष्ठ १ बाट जारी**

बल प्रयोग गरेर बन्द गराइयो। त्यसपछि ११ बजेभित्र काठमाडौंब्लाकआउट गर्नेभनेर प्रशासनले सार्वजनिक सूचना नै निकाल्यो।

'सुरुवातमा सरकारी नीतिमा किन बोल्ने भनेर चुप लाग्यौं,' नेपाल डान्स रेस्टुराँ व्यवसायी संघका अध्यक्ष समीर गुरुङले साप्ताहिकसँग भने- 'तर व्यवसाय नै चौपट हुने गरी ११ बजेसम्म सबै सुतिसक्नुपर्ने भनेर हस्तक्षेप गरिसकेपछि हामीले यसको विरोध गर्ने निर्णय गरेका छौं।'

खासगरी रात्रिजीवनमा हुने अवैधानिक क्रियाकलाप अन्त्य गर्न सरकारले यो कदम चालेको भनिए पनि रात्रि व्यवसायसूग सम्बन्धित लाखौं मानिसलाई यसले प्रत्यक्ष असर पारेको गुरुङ बताउँछन्। व्यवसायीहरूले यसको विरोधका निम्ति आन्दोलनमा उत्रने चेतावनी पनि दिएका छन्।

गृहमन्त्रीको निर्देशनपछि विभिन्न सुरक्षा निकायले छुट्टाछुट्टै बैठक बसी निर्देशन पालन गर्न विशेष रणनीति तयार गरेका थिए। जसअनुसार काठमाडौंमा ११ बजे, ललितपुरमा १० बजे र भक्तपुरमा ८ बजे होटल तथा रेस्टुराँ बन्द भैसक्नुपर्ने नियम सार्वजनिक गरियो। अहिले राति हिंड्नेहरूविरुद्ध व्यापक चेकिङ र गस्ती गर्न थालिएको छ। यसकारण रातको समयमा काम गर्न जानेहरूले आफ्नो व्यक्तिगत परिचयपत्र र अन्य आवश्यक कागजात अनिवार्य रूपमा बोक्नुपर्ने अवस्था आएको छ।

'यो त द्वन्द्वकालीन अवस्थाभन्दा चर्को भयो नि, होइन ?' प्रतिप्रश्न गर्दै अध्यक्ष गुरुङले भने- 'अपराध नियन्त्रण गर्ने भनेर कसैको मानवअधिकार हनन गर्ने तथा व्यवसाय गरेर खाने अधिकारमाथी धावा बोल्नु त भएन नि।'

यो मिसन कामकाजी मानिसहरूका विरुद्ध नभै आपराधिक गिरोहको क्रियाकलाप नियन्त्रणका लागि मात्र भएको महानगरीय प्रहरी परिसरका प्रमुख प्रहरी उपरिक्षक सर्वेन्द्र खनाल बताउँछन्। खनाल भन्छन्- 'सुरक्षित वातावरणमा सर्वसाधारणले हिंडडुल गर्न सक्ने वातावरण सिर्जना गर्न यो मिसन सञ्चालन गरिएको हो। यसले समाजलाई एउटा निश्चित दायरभित्र ल्याउनेछ।'

स्रोतका अनुसार गृहमन्त्रीले अपराध नियन्त्रणका लागि सादा पोसाकमा प्रहरीलाई व्यापक परिचालन गर्न पनि निर्देशन दिएका छन्। 'अपराधको विकास होटल रेस्टुराँबाटै हुने गरेको पाइएकाले त्यसमा नियन्त्रण गर्न पनि त्यहींबाट अपरेसन प्रारम्भ गरेका छौं' महानगरीय प्रहरी परिसरका प्रमुख खनाल भन्छन्- 'पहिलो साताको प्रतिक्रिया एकदमै सकारात्मक भएकाले हामी उत्साहित छौं, प्रहरीले यसलाई अझ बृहत् बनाउन नाकाहरूमा चेक प्वाइन्ट बढाएको छ।'

यसै क्रममा रातको समयमा व्यवसाय चलाउने विभिन्न संस्थाका प्रतिनिधिहरूको बृहत् भेलाले 'नाइट बिजनेस इन्टरप्रिनरसिप एसोसिएसन' गठन गरेको छ। यो एसोसिएसनले आफ्नो व्यवसायमाथिको हस्तक्षेपविरुद्ध गृह मन्त्रालयमा ज्ञापन पत्र बुझाउने निर्णय पनि गरेको छ। ज्ञापनपत्रबाट भएन भने हामी विरोध र्‍याली निकाल्छौं। त्यतिमात्र होइन, संस्थाले उपत्यका बन्द गराउने योजना पनि रहेको बताएको छ।

'आम्दानीका स्रोत धेरै भएकाहरू रातको जीवनमा रमाइलो गर्न डान्स, डिस्को, दोहोरी, क्लब र क्यासिनो पुग्ने गरेका छन्।' नाइट विजनेस इन्टरप्रिनरसिप एसोसिएसनका संयोजक समीर गुरुङले भने- 'खानपिनका अतिरिक्त रमाइलो सांगीतिक वातावरणमा रम्नेहरूको अधिकारको हनन गरिएको छ।' महानगरिय प्रहरी परिसर प्रमुख खनाल भने गुरुङको यो तर्क मान्न तयार छैनन्। प्रमुख खनालका अनुसार रमाइलो गर्न जानेहरूका लागि ११ बजेसम्मको समय पर्याप्त छ। 'यहाँ रमाइलो गर्ने नाममा यौनजन्य विकृति फैलाइएको छ,' खनाल भन्छन्- 'नाङ्गो नाच देखाएर मानिसहरूलाई लुट्ने र अन्य आपराधिक क्रियाकलापलाई प्रोत्साहन गर्ने धन्दा चलाउनेहरूलाई नियन्त्रणमा ल्याउनु आवश्यक भैसकेको छ।'

### आजदेखि आन्दोलन

रात्रि व्यवसायीहरूले सरकारको यो कदमविरुद्ध आजदेखि आन्दोलन गर्ने घोषणा गरेका छन्। मंगलबार भेला भएका १ सय २९ वटा डान्स, डिस्को, लाउञ्ज बारका प्रतिनिधिले एसोसिएसन खडा गरी त्यसमार्फत आन्दोलन गर्ने घोषणा गरेका हुन्। आज खुला मञ्चमा भेला भएर व्यवसायीहरूको एक जुलुसले गृहमन्त्रालयमा विरोधस्वरूप ज्ञापन पत्र बुझाउँदैछ। 'टायर बालेर आन्दोलन प्रारम्भ गर्नुपर्छ भन्नेमा हामी छैनौं,' एसोसिएसनका प्रमुख समीर गुरुङले भने- 'सुरुमा हाम्रा कुरा राख्छौं, सरकारले त्यसलाई बेवास्ता गरे सडकमा जान्छौं।' गुरुङका अनुसार केही तत्त्वले सरकारलाई असफल बनाउन यो अपरेशनलाई अघि बढाएका हुन्।

### पर्यटकलाई पनि गाह्रो

सरकारको यो नीतिले नेपाल भ्रमणमा आउने पर्यटकमा पनि नकारात्मक प्रभाव परेको व्यवसायीहरू बताउँछन्। ठमेलका एक व्यवसायी भन्छन्- 'यस्तो अवस्थामा पर्यटन क्षेत्रलाई प्राथमिकता दिनुको सट्टा पर्यटक नै नआउने वातावरण सिर्जना गर्दा नेपाललाई नै बेफाइदा हुन्छ।' विकृति फैलाउने यौनजन्य क्रियाकलाप बढिरहेको सरकारको भनाइप्रति व्यवसायीहरूले यसलाई वैधानिकता दिनुपर्ने तर्क पनि गरेको छ। नेपाल आउने पर्यटकलाई लक्षित गरेर सेक्स पर्यटनको बाटोमा जानुपर्ने बाध्यता आइसकेको उनीहरू बताउँछन्। 'थाइल्यान्ड, सिंगापुरजस्ता मुलुकमा समेत यो ट्रेन्ड चलिसकेको छ' व्यवसायी भन्छन्- 'त्यसकारण एउटा निश्चित क्षेत्र तोकेर नेपालले पनि सेक्स पर्यटनलाई बढावा दिनुपर्छ।

महानगरीय परिसर प्रमुख सर्वेन्द्र खनाल गलत क्रियाकलाप नियन्त्रण गरेर समाजलाई मर्यादित बनाउन यो कदम आवश्यक भएको उल्लेख गर्छन्। खनाल भन्छन्- त्यसकारण अब यो अपरेसनले समाजमा विकृति फैलाउनेहरूलाई नियन्त्रण गरेरै छोड्छ।' खनालका अनुसार यो कदमले पर्यटक आगमनलाई रोक्नुको सट्टा अझ बढाउनेछ। ठमेल तथा दरबार मार्ग क्षेत्र पूर्ण पर्यटकीय क्षेत्र नभै कामकाजी मानिसहरूको वासस्थान पनि भएकाले यो बजार २४ सै घण्टा खुला हुनुपर्छ भन्ने छैन। खनाल भन्छन्- 'यद्यपि नयाँ नियमले राम्रो काम गर्नेहरूलाई कुनै असर गरेको छैन, जसले गलत काम गरिरहेका छन्, जसले अर्काको मानवअधिकार हनन गरेका छन् उनीहरूलाई मात्र यसले असर पुगेको छ।'

### मसाज र क्यासिनोमा पनि नियन्त्रण

गत सोमबार महानगरीय प्रहरी टोलीले ठमेलका मसाज सेन्टरहरूमा अचानक छापा मारेको थियो। त्यस क्रममा ७० जनालाई गिरफ्तार गरेर हनुमानढोका ल्याइएको थियो। प्रहरी उपरीक्षक खनालका अनुसार गलत क्रियाकलाप गर्ने सबैलाई प्रहरी प्रशासनले कारवाही गर्नेछ। मसाजका नाममा ससाज अर्थात् यौनजन्य क्रियाकलाप सञ्चालन गरिरहेका ठमेलका मसाज सेन्टरलाई जे गर्न अनुमति दिइएको छ, त्यतिमै सीमित हुन आग्रह गरे पनि विकृति फैलाउने काममा सक्रिय भैरहेकाले छापा मार्नुपरेको उनको भनाइ थियो। क्यासिनोमा नेपालीहरूको प्रवेशलाई पनि नियन्त्रण गर्न थालिएको छ। रातको समयमा हामी सबै क्यासिनोको अनुगमन गरिरहेका छौं, खनालले भने- 'नेपालीको प्रवेश पूर्ण रूपमा बन्देज गर्छौं।'

### बाँच्नका लागि के गर्ने ?

दसैंको मुखमा आएर रोजीरोटी बन्द हुने अवस्था आइपरेपछि व्यवसायी मात्र होइन, सो क्षेत्रमा काम गर्ने मजदुर पनि आतंकित हुन पुगेका छन्। रेस्टुराँमा काम गर्ने कुक, वेटर, डान्सर र अन्य कर्मचारीहरूलाई उनीहरूका मालिकले आन्दोलनमा उत्रनुको विकल्प नरहेको बताएपछि उनीहरू असमञ्जसमा परेका छन्। 'विगत एक साता रेस्टुराँमा व्यापार नै भएको छैन,' एक कुकले भने- 'यस्तो अवस्थामा हामीलाई कसरी तलब ख्वाउलान् र ?' यो नीतिले रात्रिकालीन व्यवसायमा संलग्न मजदुर र उनीहरूमा आश्रित लाखौंको संख्यालाई बाँच्नका निम्ति गाह्रो बनादिएको उनले बताए। 'अब अपराध नियन्त्रण होइन, अझै बढ्छ,' व्यवसायी आकाश लामाले भने- 'चुपचाप कमाएर खाएर बसिरहेकाहरूको रोजीरोटी खोसेपछि पैसा कमाउन उनीहरू आपराधिक क्रियाकलापमा संलग्न भए भने यो सरकारले थेग्न सक्ला ?' प्रहरी उपरिक्षक खनाल भन्छन्- 'यो विषयमा नीति बनाउनेहरूले ध्यान दिनुपर्छ।'

### लोकदोहोरीको छुट्टै कुरा

रात्रिकालीन व्यवसायमा प्रमुख हिस्सा ओगट्ने लोकदोहोरी रेस्टुराँ पनि गृह प्रशासनको यो नीतिबाट प्रभावित भएको छ। एक स्रोतका अनुसार लोकदोहोरी रेस्टुराँ व्यवसायीहरूको एक समूहले सुटुक्क गृहमन्त्रीलाई भेटेर आफूहरू लोकसंस्कृति जगेर्ना गर्न व्यवसाय सञ्चालन गरिरहेको बताएपछि गृहमन्त्रीले उनीहरूप्रति नरम भैदिने आश्वासन दिएका छन्। महानगरीय परिसर प्रमुख खनाल पनि नाङ्गो नाच देखाउनेहरूको तुलनामा दोहोरी रेस्टुराँ तथा अन्य सभ्य होटलहरूका निम्ति प्रशासनले केही लचकता देखाएको बताउँछन्। यद्यपि ठमेलका लोकदोहोरी रेस्टुराँ व्यवसायीहरू भने एसोसिएसनअन्तर्गतको आन्दोलनमा सक्रिय हुने बताइरहेका छन्।

## नाङ्गो नाच देखाएरै पैसा कमाएको हो

८ बजेपछि खुल्ने डान्स रेस्टुराँहरू नाङ्गो नाच देखाएको स्वीकार गर्छन्। समाज विकसित हुँदै गएपछि एक थरी मानिसले 'न्याकेड डान्स' को चाहना राखेकाले डान्स रेस्टुराँको संख्या बढेको व्यवसायीहरूको तर्क छ। अहिले काठमाडौंमा २ सयभन्दा बढी डान्स रेस्टुराँ छन्। जुन बेलुका ८ देखि बिहान ३ बजेसम्म सञ्चालन हुन्थे। 'डान्स रेस्टुराँहरू सबैले न्याकेड डान्स नै गराउँछन् भन्ने छैन। केहीले गरे भन्दैमा सबैले सजाय भोग्नुपरिरहेको छ।' रात्रिजीवन व्यवसायी संघका संयोजक समीर गुरुङ भन्छन्- 'हामीले यो पेसालाई मर्यादित बनाउन आफ्नै किसिमले पहल गरिरहेकै अवस्थामा बन्द नै हुने गरी प्रशासनले पेलिरहेको छ।' महानगरीय परिसर प्रमुख खनालका अनुसार ग्राहकलाई नाङ्गो नाच देखाइन्छ भनेर स्वागत गरिन्छ र भित्र उसलाई लुटिन्छ। जाँड-रक्सी खाएका आपराधिक मानसिकताका मानिसहरू रेस्टुराँबाहिर निस्किएपछि लुटपाटमा संलग्न हुने गरेको पनि पाइएको खनालले बताए। एक व्यवसायी भन्छन्- 'नाङ्गो नाच देखाएको पैसा खानाबाट कट्टा गरेको मात्र हो, जसरी ग्राहकलाई लुटिन्छ भनिएको छ, त्यस्तो होइन। यदि त्यस्तो हुने भए लुटिने ठाउँमा मानिसहरू किन आउँथे आफैंलाई लुटाउन ?'

## हाम्रो समाज पेरिस, लण्डनजस्तो विकसित अवस्थामा छैन



**उपप्रधान तथा गृहमन्त्री बामदेव गौतम यतिखेर चर्चामा छन्। संयुक्त सरकारमा सहभागी एमालेको नेतृत्वकर्ता गौतमले शपथग्रहण लगत्तै सुरक्षा व्यवस्थामा कडाइ गर्न दिएको आदेशले रात्रिकालीन व्यवसाय जोखिममा परेको व्यवसायीहरूले तर्क गरेका छन्। यस विषयमा गृहमन्त्री गौतमसँग साप्ताहिकले गरेको कुराकानी :**

**चर्चा कमाउन यस्तो निर्णय लिइएको हो ?**

वामदेव गौतमले चर्चा कमाउन यसो गरिरहनुपर्दैन। मुलुकका नागरिकले सहज जीवनयापन गर्ने वातावरण बनोस् भनेर मैले सुरक्षा व्यवस्था कडा गर्न निर्देशन दिएको मात्र हो। मेरो कार्यकालमा गृह प्रशासनलाई जनताको सुरक्षाका निम्ति तम्तयार राख्नुपर्छ भन्ने मान्यताअनुसार यसो गरिएको हो।

**तपाईंले बताउन नमिल्ने मिसन भनेर के भन्न खोज्नुभएको नि ?**

मेरो मिसन भनेको नाङ्गो नाच देखाएर लुट्ने प्रवृत्तिको अन्त्य हो। म कुनै पनि हालतमा नाङ्गो नाचलाई रोकेरै छोड्छु। समाजलाई घातक असर पार्ने डान्स रेस्टुरेन्टको म घोर विरोधी हुँ। त्यसैगरी क्यासिनोमा नेपालीहरू जाने चलनलाई पनि ठप्प पार्नु, अन्तशुल्कले अनुमति नदिएका रक्सीको बेचविखन रोक्नु, सहज रूपमा जनताले बाँच्न पाउने अधिकारको सुनिश्चित गर्नु नै मेरो मिसन हो।

**तपाईंको यो कदमले रात्रिकालीन व्यवसायका हजारौं मानिस बेरोजगार हुन्छन् नि होइन ?**

सबैले बुझ्नुपर्‍यो। सबैले अनुशासित ढंगले चल्नुपर्छ। एउटालाई अर्काको अधिकार हनन गर्ने अधिकार छैन। मैले रात्रि व्यवसाय बन्द गर्नुपर्छ भनेको छैन, तर अनुचित तरिकाले चलाइएका धन्दालाई भने बामदेव गौतमले रोकेरै छोड्छ। अहिलेको यो अपरेसनले सभ्य र शान्त शैलीमा चलेका व्यवसायलाई असर पुर्‍याउँदैन। समाज सुहाउँदो शैलीमा व्यवसाय चलाए भयो नि, त्यसले कसैको रोजगार खोस्दैन।

**११ बजेभित्र बन्द गर्नुपर्छ भनेपछि सबैलाई असर परेन त ?**

म पनि शान्त रात्रिजीवनलाई सञ्चालन गर्न दिइनुपर्छ भन्ने मान्यताकै हुँ। सभ्य शैलीमा खानपान र संगीतको मज्जा लिन कसैलाई रोक्न हुँदैन, तर त्यसले समाजलाई खलबल गर्छ भने, लुटपाट वा आपराधिक गतिविधिलाई बढावा दिन्छ भने त्यस्ता व्यवसायलाई रोक्नुपर्छ। मैले सुरक्षा निकायका नेतृत्वकर्ताहरूलाई नाङ्गो नाच र क्यासिनोमा नेपाली प्रवेशबाहेक अन्यत्र लचकता अपनाउन भनेको छु।

**दसैंको मुखमा रात्रि व्यवसाय बन्द भएपछि बेरोजगार बनेकाहरूले लुटपाट मच्चाउन थाले भने के होला ?**

आपराधिक क्रियाकलापमा संलग्न हुनेहरूलाई कडाभन्दा कडा कारबाही गर्न निर्देशन दिएको छु। यदि तिनीहरू अपराधमा संलग्न भएँ भने झन् ठूलो सजाय गरिनेछ। गलत काम गर्नेलाई नगर भन्दाभन्दै आपराधिक क्रियाकलापमा संलग्न हुन्छ भने त्यो झन धेरै दण्डको भागीदार बन्छ।

**सरकारको यो नीति स्थायी हो कि केही समयका लागि मात्र हो ?**

म मेरो कार्यकालमा यो मिसनलाई सफल बनाएरै छोड्छु। बामदेव गौतम रहे पनि नरहे पनि भोलिको नयाँ नेपालमा यस्ता गतिविधिहरू पूर्णतः बन्देज भएर जाने वातावरण सृजना गर्छु। यदि कसैले कानुन बनाएर ल्याउँछन् भने त्यसको कुरा बेग्लै हो। जस्तै क्यासिनोमा नेपाली प्रवेशको विषयलाई कानुनी मान्यता दिइयो भने गृह प्रशासनले त्यस अनुरूपकै व्यवहार गर्छ।

**विदेशमा पनि पर्यटकिय स्थलहरूमा २४ सै घण्टा व्यवसाय चलाउने अनुमति दिइन्छ, यहाँ किन नियन्त्रण गरिएको हो ?**

हाम्रो समाज पेरिस, लन्डन जस्तो विकसित अवस्थामा पुगिसकेको छैन्। यहाँ त अपराध बढाउने मुख्य जडका रूपमा नाङ्गो नाच देखाउने थलो स्थापित भएकाले यसलाई नियन्त्रण गर्नुपरेको हो। अहिले नै विदेशको जस्तो खुलापन यहाँ आवश्यक छैन्।

**अपराध बढ्दै गएको अहिलेको समाजमा स्थायी रूपमा अपराध नियन्त्रण गर्न सकिएला र ?**

तपाईं अपराध बढ्दै गएको भनेर भ्रममा हुनुहुन्छ। अहिले त आपराधिक क्रियाकलाप धेरै कम भैरहेको छ। मेरो मिसन भनेकै अपराध नियन्त्रित समाज निर्माण गर्नु हो।

**दबाबमा आएर तपाईंले यो निर्णयमा परिवर्तन ल्याउनुपर्ने भयो भने के होला ?**

यदि डान्स रेस्टुरेन्टवालाहरू हामी सच्चिन तयार छौं भन्छन् भने त्यस्तो अवस्थामा अवश्य पनि उनीहरूलाई अवसर दिइनेछ। समाजलाई विकृत बनाउने नाङ्गो नाच नदेखाई रेस्टुरेन्ट व्यवसाय चलाउँछन् भने वामदेव गौतम उनीहरूको कुरा सुन्न तयार छ। समाजलाई मर्यादित राखेर उनीहरूले व्यवसाय चलाउन पाउँछन्, तर यसैलाइ चल्न दिने भन्ने कुरामा म कुनै पनि हालतमा मान्न तयार छैन।


## चलचित्र



### सानो संसार

यो चलचित्रलाई बहुप्रतिक्षित नेपाली चलचित्र भन्न सकिन्छ। म्युजिक भिडियो निर्देशनमा ख्याति आर्जिएका आलोक नेम्वाङले निर्देशन गरेको चलचित्र 'सानो संसार' आज शुक्रबारदेखि अधिराज्यभरिका २६ स्थानबाट सार्वजनिक हुँदैछ। युएफ ओ सिस्टमबाट सार्वजनिक गरिन लागेको यो चलचित्रलाई क्वेस्ट इन्टरटेन्मेन्टले निर्माण गरेको हो। प्रेमकथालाई मूल आधार बनाइएको यो चलचित्रको मुख्य भूमिकामा नम्रता श्रेष्ठ देखा पर्छिन्। नायकत्रय महेश शाक्य, विनय श्रेष्ठ र जीवन लुइटेलसँग उनको सफल तथा असफल प्रेमका किस्साहरू जोडिन्छ। छायांकनका दृष्टिकोणबाट पनि पृथक् एवं उत्कृष्ट भनिएको यो चलचित्रका छायाँकार धीरजजंग शाह हुन्। धीरजले अनेकौं म्युजिक भिडियो तथा टेलिभिजन विज्ञापन खिचेको अनुभव सँगालेका छन्। मिलनरत्न बज्राचार्यले सम्पादन गरेको यो चलचित्रको हिजो बिहीबार प्रथम प्रदर्शन गरियो। चलचित्रमा सचिन सिंह, सत्य-स्वरूपराज आचार्य, राजु सिंह, अनिल सिंह तथा बाबु बोगटीको संगीत सुन्न पाइन्छ।

### द लास्ट लिअर



नायिका प्रीति जिन्टालाई यसअघि दर्शकहरूले चुलबुले युवतीका रूपमा स्कर्ट, जिन्सजस्ता पहिरनमा देखेको थिए। आज शुक्रबार प्रदर्शन हुने बलिउडको नयाँ चलचित्र 'द लास्ट लिअर' मा उनी बिल्कुलै भिन्न शैलीमा देखिनेछिन्। चलचित्रमा उनले शबनमको भूमिका निर्वाह गरेकी छिन् जो चलचित्र अवधिभर सारीमा देखिनेछिन्। आफ्नो भूमिकाका कारण प्रीति स्वयं नै आश्चर्यमा परेको बताइन्छ। य ा चलचित्रमा प्रीतिसँगै अमिताभ बच्चन तथा अर्जुन रामपालले पनि प्रमुख भूमिका निर्वाह गरेका छन्। बलिउडका मसालेदार चलचित्रभन्दा पृथक् शैलीमा निर्माण गरिएको यो चलचित्रका निर्देशँक रितुपर्णो घोष हुन्। उनले चलचित्रमा अमिताभ बच्चनलाई पनि हालसम्मकै पृथक् भूमिकामा प्रस्तुत गरेको बताएका छन्। चलचित्र प्रीति, अमिताभ तथा अर्जुनको भूमिकाका बारेमा कुनै पनि जानकारी सार्वजनिक गरिएको छैन। टेलिभिजनबाट प्रसारण भैरहेका प्रोमो हेर्ने दर्शकहरूले भने चलचित्रका सम्बन्धमा विभिन्न अनुमान गरिरहेका छन्। सेफाली छाया, दिव्या दत्त, जिसु जेनगुप्ता आदि कलाकारले समेत प्रमुख भूमिका निर्वाह गरेको यो चलचित्रको निर्माण अरिन्दम चौधरीले गरेका हुन्।

### घोस्ट टाउन

यो साता हलिउडमा प्रदर्शन हुने चलचित्र 'घोस्ट टाउन' लाई निर्देशँक डेविड कोपले विशुद्ध कमेडी बताएका छन्। चलचित्रमा समावेश भएका विभिन्न रोमाञ्चक दृश्यका कारण यो चलचित्रलाई समीक्षँकहरूले साइन्स फिक्सन तथा फेन्टासीको दर्जासमेत दिएका छन्। चलचित्रमा रिक्की गेर्भाइज, ग्रेग किनर, एलन रुक, टि लिनी, आसिफ माण्डवी आदि कलाकारको प्रमुख भूमिका छ। रोजर बर्नबम, गेरी बार्बर तथा एज्रा सेर्डलो यो चलचित्रका निर्मँता हुन्। १ घण्टा ४३ मिनेट लामो यो चलचित्रमा शीर्षक अनुरूप नै एउटा भूताहा सहरको परिकल्पना गरिएको छ। कथाअनुसार चलचित्रका नायकको अचानक निधन हुन्छ, तर अचम्म के हुन्छ भने निधन भएको सात मिनेटपछि नै उनी जीवित हुन्छन्। मृत्यपछि प्राप्त नयाँ जीवनसँगै उनले एउटा अलौकिक शक्ति प्राप्त गर्छन् जसअनुसार उनी भूतहरूलाई सहजै देख्न तथा तिनीहरूसँग कुराकानी गर्न सक्छन्। यति मात्र होइन, भूतहरूले उनीमार्फत विभिन्न कामसमेत गराउँछन्, जुन उनीहरूले जीवित अवस्थामा गर्न सकेका हुँदैनन्। बालबालिकामाझ लोकप्रिय हुने अपेक्षँ गरिएको यो चलचित्रलाई वयष्क दर्शकले कस्तो रूपमा ग्रहण गर्ने हुन् हेर्न बाँकि नै छ।

## सहयोगी सुन्दरी



**साप्ताहिक समाचार**

काठमाडौं– सौन्दर्य प्रतियोगितामा विजयी भएका अधिकांश सुन्दरी ग्ल्यामर क्षेत्रतर्फ आकर्षित हुन्छन्, तर आयुषा कार्की भने समाजसेवातर्फ आकर्षित भएकी छिन्। मिस टिन- २००७ की विजेता आयुषाले गत वर्ष नै मिस युनिभर्सिटीको ताज पहिरिएकी थिइन्। मिस युनिभर्सिटीको ताज पहिरिएको एक वर्ष पुग्नै लाग्दा उनले गत शनिबार पनौतीका केही असहाय बालबालिकाको सहयोगका लागि केही धनराशि खर्च गरेकी छिन्।

कार्कीले पनौतीस्थित पनौती चिल्ड्रेन होममा आश्रित १ सय ६८ जना बालबालिकाको पढाइ खर्च, स्टेसनरी तथा लत्ताकपडाका लागि ५२ हजार रुपैयाँ प्रदान गरेकी छिन्। बालबालिकालाई सहयोग गर्न पाउँदा खुसी लागेको बताउने आयुषाले भविष्यमा समेत यस्ता कार्यमा सहभागि भैरहने धारणा व्यक्त गरेकी छिन्।

## तेस्रो लिंगीहरू छमछमी नाचे

वीरगन्जमा महिलाहरूले मात्र नभै यस वर्ष तेस्रो लिंगीहरूले पनि छमछमी नाचेर तीज मनाए। वीरगन्जस्थित नीलहीरा समाजमा आबद्ध तेस्रो लिंगीहरूले यसरी तीज पर्व मनाएका हुन्। अघिल्ला वर्षहरूमा गोप्य रूपले तीज मनाएका उनीहरूले यस वर्ष भने खुला परिवेशमा तीज मनाए। झन्डै ५० तेस्रो लिंगी र केही समलिंगीले पनि यसरी नाचगान गरी रमाइलो गरे। तीमध्ये ममता, करिना र कान्ता नाम गरेका तेस्रो लिंगीहरूले विधिपूर्वक तीज व्रत लिएको बताए। ममताले चार, करिनाले दुई र कान्ताले पाँच वर्षदेखि यो व्रत लिँदै आएको बताए। 'पहिले लोकलाजका कारण गोप्य रूपमा यो व्रत लिन्थ्यौं, यस वर्षदेखि खुला रूपमा व्रत लिन थालेका हौं,' -व्रतालुमध्येकी एक ममताले भनिन्।

व्रतालुहरू सबै तराई मूलका हुन्। पहिचानका लागि आफूहरू संघर्ष गरिरहेकाले आफूहरू जात, धर्म र सम्प्रदायको घेराभन्दा माथि उठेर मानिसका रूपमा तेस्रो लिंगी भनी आफूहरूको परिचय दिने गरेको उनीहरूले बताए।



आफूहरूले पहाडी समुदायले मान्ने तीज पर्व मानेर समावेशी एवं साम्प्रदायिक एकताको सन्देश दिएको उनीहरूले बताए। ममता जन्मजात मुस्लिम हुन् भने उनले हिन्दू ब्राह्मण पुरुषसँग विवाह गरेको बताइन्। करिना तराई मूलकी कोइरी जातकी हुन् भने कान्ता थारु हुन्।

**–शंकर आचार्य**

## साताको स्वर



मनोज राई

**'आऊ आऊ...' गीत कुन शैलीमा आधारित छ ?**
यो पप गीत हो, तर यसलाई फास्ट बिटमा गाएको छु ।

**नृत्यपरक गीत भन्न खोज्नु भएको हो ?**
यो नृत्यपरक गीत नै हो । खासगरी डान्सपार्टीको अवधारणालाई ध्यानमा राखेर यो गीत तयार पारेको हुँ ।

**गीतको कुन पक्षँ आकर्षक छ ?**
संगीत नै यसको आकर्षक पक्ष हो । बबी राजको कर्णप्रिय संगीतका साथै संगीत संयोजन पनि आकर्षक छ । यसबाहेक गायनमा प्रयोग गरिएको 'भोकार्डो' प्रविधि अर्को आकर्षक पक्ष हो ।

**म्युजिक भिडियो कस्तो छ ?**
गीतअनुरूप भिडियो पनि नृत्यपरक नै छ । भिडियो हेरेर नृत्य गर्न सकियोस् भन्ने हाम्रो उद्देश्य हो ।

**गीतका लक्ष्िंत वर्ग को हुन् ?**
नृत्य गरेर मनोरञ्जन लिने युवा-युवतीहरू यसका लक्षित वर्ग हुन् ।

**सांस्कृतिक** कार्यक्रमका लागि कलाकारहरूको एक समूह गत बुधबार दक्षिण कोरिया प्रस्थान गरेको छ । गुल्मी समाजको आयोजनामा भोलि शनिबार सियोलमा हुने उक्त सांस्कृतिक समारोहमा कलाकारहरूले आफ्नो कला प्रस्तुत गर्नेछन् । समारोहका लागि नायिका सञ्चिता लुइँटेल, गायकहरू रोज मोक्तान, हेमन्त शर्मा, लोकदोहोरी गायक-गायिका पुरुषोत्तम न्यौपाने, देवी घर्तीमगर तथा हास्यकलाकार गोपाल फिस्टे त्यसतर्फ गएका हुन् ।

**गत** आइतबार राजधानीमा आयोजित एक सांगीतिक कार्यक्रममा एकै साथ तीन नयाँ गीतिसंग्रह विमोचन गरिनुका साथै एउटा नयाँ संगीत कम्पनीको उद्घाटन भएको छ । डिजे युवा तथा हाकिमको नेतृत्वमा स्थापना भएको युवा रेकर्ड्सको उद्घाटन समारोहमा सांगीतिक समूह नेप्सेड्याजको 'आयो नेप्सेड्याज', डिजे युवाको 'स्पिड टु' तथा प्रकाशको 'लाइभ कन्सर्ट' शिर्षकका तीनवटा नयाँ गीतिसंग्रह विमोचन गरिएको हो । समारोहमा सांगीतिक समूह एक्सिस, नेप्सेड्याज, प्रकाश तथा डिजे युवाले सांगीतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

**गायक** रोशन पराजुलीको पहिलो गीतिसंग्रह 'स्टाइल' शीर्षकको गीति संग्रह तयार पारेका छन् । आठवटा पप गीतको यो संग्रहमा गायक पराजुलीले 'असारै महिनामा', 'म तिमीलाई माया गर्छु', 'कान्छी रे कान्छी रे' तथा 'ज्यानको माया' गरी चारवटा गीत रिमिक्स गरेका छन् । संग्रहको 'पिपलु बोट' गीतको म्युजिक भिडियो पनि तयार पारिएको गायक पराजुलीले बताएका छन् ।

**सांगीतिक** समूह 'एक्स' ले अस्ट्रेलियामा बसोबास गर्ने नेपालीहरूलाई आफ्ना गीत-संगीत सुनाएर मनोरञ्जन प्रदान गरेको छ । गत आइतबार अस्ट्रेलियाको सिड्नीमा आयोजित एक सांगीतिक कार्यक्रममा समूहका संगीतकर्मीहरू लाइभ कन्सर्टमा सहभागी भए । एक्स भोलि शनिबार मेलबर्नमा आयोजना हुने अर्को सांगीतिक कार्यक्रममा सहभागी हुनेछ ।

**गायक** विजय लामाले आफ्नै लगानीमा लाजिम्पाटमा स्थापना गरेको 'क्याफे वा' पबको उद्घाटनका क्रममा चार दिन लामो सांगीतिक कार्यक्रम सम्पन्न गरेका छन् । उक्त पबको उद्घाटनका अवसरमा आयोजित सांगीतिक कार्यक्रममा सुगम पोखरेल, निमा रुम्बा, दीपेशकिशोर भट्टराई, मिङ्मा शेर्पा, देव राना, राम श्रेष्ठ, खेमराज गुरुङ आदि गायक तथा केही सांगीतिक समूहको सहभागिता रह्यो ।

**अमेरिकाको** सनफ्रान्सिस्कोमा स्थापना भएको नेपाली सांगीतिक समूह 'द भाइभ्ज' ले आफ्नो पहिलो गीतिसंग्रह 'द भाइभ्ज जेनेरेसन' गत आइतबार सार्वजनिक गरेको छ । तीन वर्षअघि स्थापना भएको यो समूह अमेरिकाबासी नेपालीहरूमाझ परिचित छ । नेपालमा रहेका आफ्ना प्रशंसकका लागि उक्त संग्रह काठमाडौंमा सार्वजनिक गरिएको समूहले जनाएको छ । संग्रहमा आधुनिकदेखि रक संगीतसम्म समेटिएको समूहका सदस्य दिरेक श्रेष्ठले बताएका छन् ।

**गत** शनिबार पोखरामा माछापुच्छ्रे सांस्कृतिक समूहले आयोजना गरेको नृत्य प्रतियोगितामा काठमाडौंबाट गएका गायक अविनाश घिसिङ पनि सहभागी भए । कार्यक्रममा पोखराकै सांगीतिक समूह डि-मोर्चाका गायक भाष्करध्वज श्रेष्ठ तथा केही स्थानीय सांगीतिक समूहले पनि गीत-संगीत प्रस्तुत गरेका थिए ।

### लाइभ शो

• आगामी असोज १५ गते लमजुङको बेसीसहरस्थित तमु संग्रहालयको प्रांगणमा सांगीतिक कार्यक्रम 'रोधीको भाका-२०६५' आयोजित हुने भएको छ । सांगीतिक कार्यक्रममा लोक-दोहोरी गायक कृष्ण गुरुङ, राजु परियार, शर्मिला गुरुङ तथा देवी घर्तीमगरले लोक-दोहोरी गीत-संगीत प्रस्तुत गर्नेछन् । कार्यक्रमको आयोजना लमजुङ लोकसंस्कृति विकास प्रतिष्ठानले गर्न लागेको हो । यसअघि प्रतिष्ठानले काठमाडौं तथा नारायणघाटमा यस्तै कार्यक्रम सम्पन्न गरिसकेको छ ।

• 'गो पार्टी बिफोर हेल' अर्थात् 'नरक जानुअघि पार्टीमा जाऊ' भन्ने शीर्षकमा आगामी आइतबार होटल याक एन्ड यति परिसरमा रहेको क्लब प्लाटिनममा डान्स पार्टी हुँदैछ । दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन हुने उक्त पार्टीमा डिजे तेन्जिङ तथा डिजे रूपेशले डिजेइङ गर्दैछन् । पार्टीलाई नि-हुजले आयोजना गरेको हो ।

**गायक** दीपेशकिशोर भट्टराई केही महिनामा लामो अमेरिका तथा जापान बसाइपछि गत साता स्वदेश फर्किएका छन् । अमेरिकामा बसोबास गरिरहेका नेपालीहरूद्वारा विभिन्न सहरमा आयोजित सांगीतिक कार्यक्रममा सहभागी हुन उनी करिब तीन महिनाअघि अमेरिका तथा जापान गएका थिए । साप्ताहिकसँगको एक भेटमा गायक भट्टराईले अमेरिका तथा जापानको सांगीतिक कार्यक्रम सफल रहेको बताएका छन् ।

**गायक** सतिश महर्जनको 'भैगो भुलिदिन्छु' गीतको म्युजिक भिडियो यसै सातादेखि विभिन्न टेलिभिजन च्यानलमा प्रदर्शन भएको छ । विशाल भण्डारीले निर्देशँन गरेको उक्त भिडियो कीर्तिपुरमा छायांकन गरिएको हो । गायक महर्जनले यसअघि 'कुनै दिन...' गीतको भिडियो तयार पारेका थिए ।

**सांगीतिक** समूह नइपाल सांगीतिक कार्यक्रममार्फत सामाजिक कार्यमा सक्रिय समूह हो । समूहका संगीतकर्मीहरू अहिले एफ नेपाल संस्थामार्फत सामाजिक कार्यमा सक्रिय छन् । त्यसो त यसको गठन हुनुअघि पनि लाक्पा शेर्पाको अगुवाइमा यसमा संलग्न टोली सामाजिक कार्यमै समर्पित थियो । इमेज एवार्डमा समूहगत गायनको एवार्ड जितिसकेको यो समूहले अगस्ट १२ मा मनाइने अन्तर्राष्ट्रिय युवा दिवसमा आयोजित सांगीतिक कार्यक्रममा समेत गीत-संगीतमार्फत सामाजिक सन्देश दिएको थियो ।

**पाँच** वर्षअघि पहिलो गीतिसंग्रह 'तिम्रै लागि' तयार पारेपछि गायक भुवन सुप्तिहाङलाई 'आई डी छ कि छैन बैनी' गीतले श्रोतामाझ चर्चित बनाएको थियो । अहिले सोही गीतलाई उनले बजारमा आउन लागेको आफ्नो दोस्रो गीतिसंग्रह 'सजेसन' मा रिमिक्स गरेर समावेश गरेका छन् । डिजे मार्फत ज्याप पनि समावेश गरेकाले यो गीतले आफूलाई थप लोकप्रिय बनाउने कुरामा भुवन ढुक्क छन् । आलोकश्री, बडिराज राई, शिव प्रधान जस्ता संगीतकारले तयार पारेका आठवटा गीतमध्ये तीनवटा गीतको म्युजिक भिडियो निर्माण भैसकेकाले पनि उनी यसपटक नयाँ संग्रहले बजार पाउन कुरामा आशावादी देखिएका हुन् । आधा दर्जन चलचित्रमा पार्श्वगायन गरिसकेका भुवनको यो संग्रह आगामी सोमबार सार्वजनिक हुँदैछ ।

## अफबिट



कोसीपीडितहरूका लागि सडकमा उत्रिएर राहत संकलन गरेका संगीतकर्मीहरूले १ लाख १ हजार रुपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गरेका छन्। नेपाली संगीतिक संघका पदाधिकारीहरूले गत साता प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी उक्त रकम हस्तान्तरण गरेका हुन्।

## ब्यान्ड बक्स




गायक राजेश हमाललाई कलेजको एक कार्यक्रममा गायक स्व.अरुण थापाको गीत गाउँदा साथीहरूबाट भएको प्रशंसाले नै गायक हुन हौस्याएको हो । फुर्सदमा साथीभाइका साथ संगीत सिक्ने क्रममा २०५२ सालमा सांगीतिक समूह 'म्यासेन्जर' को स्थापना भएको हो, जुन म्यासेन्जर ब्यान्डका रूपमा लोकप्रिय छ ।

सुरुमा सात जना संगीतकर्मी सहभागी यो समूहमा हाल तीन जना मात्र सदस्य छन् । 'थोरै साथी मिलेर समूहलाई निरन्तरता दिइरहेका छौं, गायक हमाल बताउँछन् । सांगीतिक कार्यक्रमका क्रममा नेपालका विभिन्न ठाउँ घुमिसकेको यो समूहले स्थापना भएको वर्षमै 'सैलुङ्गे लेकैमा' शीर्षकको पहिलो गीतिसंग्रह श्रोतासामु ल्यायो । पहिलो संग्रहपछि यो समूहले क्रमशः 'भोल्युम टु' तथा 'माया देऊ' गरी तीनवटा गीतिसंग्रह तयार पारिसकेको छ । यसबाहेक समूहका मुख्य गायक हमालले टप अफ द पप्स, म्युजिकल ओएट, रिमोट, म्युजिक स्टेप, पप जोन, म्युजिक बक्स आदि गीतिसंग्रहमा स्वर दिइसकेका छन् । आफूले गाएका अधिकांश गीतमा गायक हमाल आफैंले संगीत पनि दिने गरेका छन् । तीन वर्षको तयारीपछि अहिले यो समूह आफ्नो नयाँ गीतिसंग्रहको तयारीमा छ । समूहले अब क्लासिकल, रिमिक्स तथा पप गरी तीन फरक विधाका तीनवटा गीतिसंग्रहहरू एकैसाथ निकाल्न लागेको गायक राजेश हमालले बताए ।

यो समूहले चाँडै नै बिभिन्न डिजे तथा ब्यान्डहरूको साथमा स्टेज सो गर्ने योजना बनाएको छ । सांगीतिक कार्यक्रममा कुनै पनि गीत ट्र्याकमा नगाई लाइभ गाउने तथा एकै प्रकारको गीत नगाएर सबै किसिमका गीत गाउने कुरालाई ब्यान्डको प्रमुख विशेषताका रूपमा लिइन्छ । पहिलेको तुलनामा अहिले सांगीतिक समूहको संख्या बढेकाले प्रतिस्पर्धा पनि बढी नै रहेको समूहको ठहर छ । फलस्वरूप बढी मेहनत र समय लगाएर ब्यान्ड स्थापना गर्नुपर्छ भन्ने सल्लाह ब्यान्डका गिटारिस्ट समीर हमालको छ । 'तिमीबिना पनि', 'म बाँचुन्जेल', 'नभन मेरो माया' तथा 'गोविन्द जय जय' जस्ता भजनमा ज्यापको मिश्रण गरिएका गीतले यो समूहलाई श्रोतासामु चिनाउन सहयोग गरेको छ । अहिले ब्यान्डमा रबिन राज भण्डारि (ड्रमर), समीर हमाल (रिड गिटार) तथा राजेश हमाल (गायन) सक्रिय छन् ।

## सानो पर्दा

• कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने हाजिरीजवाफमा आधारित कार्यक्रम 'क्विज ह्वीज' को छायांकन प्रारम्भ भएको छ । गत भदौ १८ गते बुधबारदेखि यो कार्यक्रमको छायांकन प्रारम्भ भएको हो । चलचित्र अभिनेता राजेश हमालले सञ्चालन गर्ने यो प्रतिस्पर्धात्मक कार्यक्रमको पहिलो भागमा विभिन्न तीनवटा कलेजका छ जना विद्यार्थी सहभागी थिए । कार्यक्रमका निर्माता सुरेश पौडेलका अनुसार विजयी समुहका दुई विद्यार्थीलाई १ लाख रुपैयाँको वाईवाई छात्रवृत्तिका साथै एक-एकवटा हिरो होण्डासमेत प्रदान गरिने भएको छ । कार्यक्रम आगामी असोज महिनाको पहिलो साताको बुधबार राति नौ बजेदेखि दस बजेसम्म प्रसारण हुनेछ ।

• 'संघीय गणतन्त्र नेपालको पहिलो समाचारमूलक च्यानल' नारा राखेर नेपालमा अर्को एउटा टेलिभिजन च्यानल प्रसारण हुन थालेको छ । 'एबीसी च्यानल' ले प्रसारणको सम्पूर्ण समय समाचार तथा समाचारमूलक कार्यक्रममै खर्चिने बताएको छ । यो च्यानल चौबीसै घण्टा प्रसारण हुनेछ । काठमाडौं उपत्यकामा मात्र सीमित यो च्यानल केही समयभित्रै देशभरिका दर्शकमाझ पुर्‍याइने बताइन्छ ।

• तराई टेलिभिजनका लागि टेलिभिजनकर्मी दिनेश डिसीले दुईवटा नयाँ टेलिश्रृंखला निर्माण गर्ने घोषणा गरेका छन् । उनी हाल 'लक्ष्य' तथा 'प्रश्न चिह्न' निर्माणमा व्यस्त छन् । डिसीका अनुसार टेलिश्रृंखला 'लक्ष्य' हप्ताको एकपटक प्रसारण हुनेछ भने 'प्रश्नचिन्ह' हप्तामा चार पटक प्रसारण हुनेछ । पछिल्लो समयमा डिसीकै निर्देशनमा 'लक्ष्य' को छायांकन भैरहेको छ भने 'प्रश्नचिन्ह' का लागि उनी कलाकारहरूको खोजीमा जुटेका छन् । नयाँ कलाकारलाई अभिनय गराइने 'प्रश्नचिन्ह' ३ सय श्रृंखलाको हुनेछ ।

• तीन वर्षअघि प्रसारण भएको टेलिश्रृंखला 'करुणा' दर्शकहरूले मन पराएका श्रृंखलाहरूमध्ये एक थियो । नेपाल टेलिभिजनमा मेगा सिरियलका रूपमा प्रसारण भएको यो श्रृंखला प्रसारण हुँदाहुँदै बीचैमा रोकिएको थियो । अहिले यसका निर्माताहरूले पुनः 'करुणा भाग २' तयार पार्ने निर्णय गरेका छन् । केही साताअघिदेखि नेपाल टेलिभिजनबाट 'करुणा-२' प्रसारण शीघ्र प्रसारण हुने विज्ञापन प्रसारण भैरहेको छ । श्रृंखलाका निर्देशँक महेन्द्र बुढाथोकीका अनुसार 'करुणा' का प्रमुख पात्रहरूलाई नै भाग-२ मा पनि समावेश गरिनेछ । श्रृंखलामा मेलिना मानन्धरले शीर्षक भूमिका निर्वाह गरेकी छिन् । यो श्रृंखला मंगलबार राति ९ बजे प्रसारण हुन थालेको छ ।





तीन जनाले एकैचोटि महादेवको तपस्या गरे। महादेव प्रसन्न हुनुभयो वरदान माग भन्नुभयो। एउटाले एक वर्षसम्म रसवरी लड्डु, पेडा खान्छु भन्यो। महादेवले एउटा कोठा सृष्टि गर्नुभयो र कोठाभरि रसवरी, लड्डु, पेडा उत्पत्ति गरेर युवकलाई कोठामा थुनिदिनुभयो।

दोस्रोले एक वर्षभरि मासु खान्छु भन्यो, त्यसलाई पनि महादेवले त्यसै गर्नुभयो।

तेस्रोले एक वर्षभरि संसारभरिका विभिन्न चुरोट चाहियो....एक वर्षसम्म खान्छु भन्यो, महादेवले एउटा कोठा सृष्टि गर्नुभयो, संसाभरिका हजारौं प्रकारका चुरोटका डब्बा उत्पत्ति गरेर एक वर्षका लागि युवकलाई थुनिदिनुभयो।

एकवर्षपछि महादेव आएर पहिलो ढोका खोल्नुभयो रसवरी, लड्डु खाने व्यक्ति मोटाएको थियो, उसले महादेवलाई धन्यवाद दियो, गयो।

महादेवले दोस्रो ढोका खोल्नुभयो, खसीको मासु खाने व्यक्ति केही दुब्लाएको थियो, तर पनि खुसी थियो उसले पनि धन्यवाद दियो र गयो।

महादेवले तेस्रो ढोका खोल्नुभयो, व्यक्ति रिसाएर कुनामा रिसाएर बसेको थियो। महादेव छेउमा जानुभयो र

## ठट्यौली प्रकाशसँग

सोध्नुभयो- 'किन खुसी छैनौ ?'

'किन खुसी हुनु ?' व्यक्ति रिसाउँदै बोल्यो।

'मैले त संसारभरिका चुरोटहरू उत्पत्ति गरेर तिमीलाई दिएकी थिएँ त।

चुरोट भएर के गर्नु ? सलाई चैं खोइ त ?

०००

एउटा व्यक्ति आफ्नो कुकुरसहित जंगलमा हरायो, खानेकुरा केही थिएन। चार दिनसम्म भोकै-प्यासै हिंडेपछि अब ऊसँग दुईवटा उपाय मात्र बाँकी रह्यो, या त ऊ भोकै मर्नुपर्‍यो या उसले कुकुरलाई मारेर खानुपर्‍यो ....अन्त्यमा उसले कुकुर मार्‍यो, काठ घोटेर आगो निकाल्यो र कुकुर मारेर पोलेर खायो। सबै खाइसकेपछि उसले फ्याँकिएको हड्डीको थाक हेर्‍यो अनि एकदमै भावुक भयो र भन्यो- मेरो कुकुरले यो हड्डी भेटेको भए कति मजाले चपाई-चपाई खान्थ्यो।

०००

काठमाडौं सहरमा पानीको हाहाकार भयो, सबैलाई असर परेझैं गर्ल्स होस्टलमा पनि असर पर्‍यो। गर्ल्स होस्टलका युवतीहरूको डेलिगेसन खानेपानी संस्थाको हाकिम भए ठाउँ गयो र आफ्नो समस्या राख्यो।

खानेपानीका हाकिमले तीन दिनभित्रमा समस्या समाधान गर्ने वचन दिए, साँच्चै समस्या समाधान भयो। पानी सर्वसुलभ भयो। गर्ल्स होस्टलकी एउटा युवतीले खानेपानीका हाकिमलाई धन्यवाद दिँदै पत्र लेखिन्- 'सर, पानीका लागि धेरै-धेरै धन्यवाद, अब त म नुहाउन बाथरुम पस्छु र कपडा खोली तपाईंलाई नै सम्झन्छु।'

०००

## कविता

### गरिबको नाम



कसैले खाते भन्छन् उसलाई, कसैले भन्छन् भरिया
मान्छेले मान्छेलाई बुझ्दैनन् तथाकथित सहरिया
पसिनैपसिना र थकानले गलेका छन् उसका रात
तर पनि खान पुग्दैन उसलाई कैले पेटभरि भात
सधैंभरि पसिना बगाई बन्नुपर्ने धनीका मात्र दास
कसले बुझिदिने, कसले सम्झिदिने, गरिबको थात
गरीब भनेर हेंला गर्छन् उसलाई सबैले यहाँ
अन्याय र अत्याचारले चेप्छ उसलाई जहाँ-तहाँ
धन हुनेको मात्र हुन्छ यहाँ सम्मान
गरिबको हुँदो रहेछ, जहाँ जहिले पनि अपमान
वचन सहनु र धनीको दास बन्नु उसको काम
खाते रहेछ, बदलिँदो युगमा गरिबको नाम।

–शोभा खत्री

### कस्तो भाग्य

सधैंभरि अर्काको भर, पर्नुपर्ने कस्तो भाग्य
गरिबले खानै नपाई, मर्नुपर्ने कस्तो भाग्य
गिट्टी कुट्दा हात फुट्या कसले देख्छ गरिबको
सदासदा बालुवा-गिट्टी, भर्नुपर्ने कस्तो भाग्य
माछा पनि मार्नैपर्ने, जस्तै बाढी आए पनि
पौडिएरै तामाकोसी, तर्नुपर्ने कस्तो भाग्य
गाँस-बास-कपास छैन, जीवनको आस छैन
सधैंभरि अर्काकै भर, पर्नुपर्ने कस्तो भाग्य
साहँ सधैं पैसा माग्छ, तिरौं तिर्ने पैसा छैन
बस्दै आ'को आफ्नै डेरा, सर्नुपर्ने कस्तो भाग्य ?

–बद्री शिवाकोटी

### आँखाबाट आँसु बह्यो

मैले फूल दिएकै थिएँ, कसरी तिमीलाई काँडा पर्‍यो,
माया गर्छु जानेकै थियौ, बीचमा कसले धोका गर्‍यो ?
कसम सारा निभाएकै थिएँ, वाचा कसम कसले तोड्यो,
सँगै जिउने बाचा थियो, बीच बाटोमै कसले छोड्यो ?
तिमीविना मर्छु भन्थ्यौ, को विना खै को नै मर्‍यो,
माया मैले गरेकै थिएँ, घृणाको विष खै कसले भर्‍यो ?
धनले के नै पो गर्छ भन्थ्यौ, कसले बिर्स्यो कसले जान्यो,
सानो मूलको पानी थियौ, खहरे खोलाले खै कसलाई पो तान्यो ?
सातै जुनी सँगै भन्थ्यौ, एक जुनीमै खै कसलाई पुग्यो,
आफ्नो भूलमा झुक्ने भन्थ्यौ, को नुग्यो खै को पो झुक्यो ?
यो दिन सधैं भेट्ने भन्थ्यौ, बाटोमा दिनभर कसले कुर्‍यो,
दोबाटोमा म कुर्दै थिएँ, तिमीलाई पराई साथ जुर्‍यो ?
तिम्रै सिन्दूर लाउँछु भन्थ्यौ, पराई सिन्दूर माथमा हाल्यौ,
सम्झनालाई दिएको चिनो, लुकाई-लुकाई खै कता फाल्यौ ?
'घुम्टो तिम्ले उठाउनु है' भन्थ्यौ, सम्झना त आलै रह्यो,
पराई डोली तिमी चढ्दा आँखाबाट आँसु बह्यो।

–अनिर खनाल

### यहाँ



दुई थोपा गोहीको आँसु के चुहाउनु यहाँ
पिरतीको नाटक गरी मन के दुःखाउनु यहाँ
जिउदै छँदा मान्छेलाई घृणा-रिस पोख्छन्
मरेपछि त्यो हरियो काँक्रो के ख्वाउनु यहाँ
चालचलन जीवनशैली अपवित्र छन् सर्वत्र
धमिलो पानीमा शुद्ध हुनु त के नुहाउनु यहाँ
आफै भ्रमित छ रेसम देख्दा सबको चालामाला
मान्छे पशु बन्न खोज्दा त के सुहाउनु यहाँ ?

–रेसमकुमार सुनुवार

## लघुकथा

### जिज्ञासा



बाख्रा चराइरहेको देखेर धर्मानन्द बाजेलाई बाख्राले निकै दुःख दिए। बाख्रालाई छेक्ने क्रममा भीरमा रहेको ढुङ्गो टेक्न पुगेका बुढा बाजे छवाङ्गै खोलामा पुगे। संयोगमा गाउँकी साहिली सार्किनी घाँस काट्न त्यही खोलातिर आएकी थिइन्। उसको घाँसको डोको भएकै ठाउँमा बूढा लम्पसार परे। अँगालोमा घाँस लिएर डोकोतिर आउँदा उसले देखि। त्यो दृश्य देखेपछि उसलाई डर लाग्यो अघिपछि आफूले छोएको पानी नखाने बाहुन बाजेलाई त्यहाँ पानी ख्वाउने कि नख्वाउने ? उसलाई द्विविधा भयो। मानवीय धर्म सम्झेर ज्यान बचाउन दुई मुठी पानी ख्वाई। त्यसपछि बाहुन चल्न थाले। गाउँलेहरूलाई खबर गरी आफूले पानी ख्वाएको कुरा डराइडराई सुनाइ। उनीहरू चुप लागे र बुढालाई घर पुर्‍याए।

साँहिली सर्किनी पनि घाँस बोकी हतारहतार घर पुगी। घाँस बिसाएर बाहुन बाजेको घरतर्फ गई। 'बाहुन बाजेलाई कस्तो छ, म त एकचोटी होरौं भनेर आएकी।' उसले आफ्नो कुरा राखी। घरभित्रबाट धर्मानन्दकी श्रीमती भनिन- उहाँ भित्र हुनुहुन्छ। तिमी सर्किनी पर्‍यौ, बाहुन घरभित्र आउन हुँदैन, कसरी हेर्छौ ?' उसले जवाफ दिइ- खोलामा त मैले बाजेलाई पानी ख्वाएँ, अब के हुन्छ त ?'

–माधव लामिछाने

# सुरू भयो मुस्लिमहरूको रमजान

विमल खतिवडा

गाईघाट- हिन्दू धर्मावलम्बीहरूको महान् चाडपर्वहरू दसैं-तिहार नजिकिँदै जाँदा मुस्लिम समुदायको एकमहिने महान् चाड रमजान पनि सुरु भएको छ। हिन्दू महिलाहरूको प्रमुख चाड हरितालिकाको दिन प्रारम्भ भएर आगामी असोज १६ गते इद उल फित्र मनाएपछि यो चाडको विधिवत् समापन हुन्छ। मुस्लिम समुदायको सबैभन्दा महत्त्वपूर्ण र लामो समयको यो चाडमा आठ वर्षभन्दा माथिका बालबालिका, युवायुवती, बूढापाका सबैले रोजा (उपवास) बस्ने चलन छ। बिहानीपखको सँर्योदयसँगै पानीसमेत नपिई रोजा बसेर साँझ सँर्यास्तपछि मिठाई, दूधबाट बनाइएका परिकारहरू र फलफूल खाइन्छ। रमजान सुरु भएदेखि नै लिएर वृद्ध-वृद्धाहरूसमेत दिनहुँ नुहाउने, राम्रा, सफा र नयाँ पहिरन लगाउँछन्।

आफ्नो घर-आँगन सिंगार-पटार गर्नुका साथै वर्षौंदेखि खाट, पलङ र बिछ्यौनामा ओछ्याइएका सबै लुगा डस्ना, कम्बल, सिरक आदि घाममा सुकाइन्छ भने दिनहुँ घर-आँगन बढारिन्छ। रोजा बसुन्जेल मुस्लिम समुदायका मानिसहरू अन्य समुदायका मानिसले छोएको पानीसमेत खाँदैनन्। अल्लाको नाममा एक महिना सम्म रोजा बस्दा कसैले पनि झूटो बोल्न नहुने, कसैको पनि कुरा काट्न नहुने र एउटाको कुरा तथा पोल अर्कालाई लगाउन नहुने, यदि यस्तो कार्य गरिए योभन्दा ठूलो पाप कुनै नहुने मुस्लिम धर्मावलम्बीहरू बताउँछन्।



गर्भवती, अशक्त, आठ वर्षभन्दा कम उमेरका बालबालिका, अपाङ्ग र रजस्वला भएका महिलाहरूले रोजा बस्नु नपरे पनि उनीहरूले प्रत्येक दिन गरिब समुदायका कुनै पनि एक जना सर्वसाधारणलाई पेटभरि ख्वाउनुपर्ने हुन्छ। यदि यसो नगरिए उनीहरूलाई अल्लाहले माफ नगर्ने र समाजले पनि तिरस्कृत गर्ने गरेको छ। यदि कसैले रोजा तोडेर केही खान्छ भने उसले थप एक महिना रोजा बस्नुपर्ने हुन्छ। त्यसैले मुस्लिम समुदायका सबै सर्वसाधारण विधिपूर्वक र नियममा रहेर रोजा बस्छन्। रोजा बस्दा मासु खान सकिने हुनाले पनि यो महिना मुस्लिम समुदायका लागि मांसहारी महिना भनेर चिनिन्छ।

रोजा बसेको एक महिनासम्म अनिवार्य रूपमा मुस्लिम धर्मावलम्बीहरू पशुपन्छीको मासु खान्छन्। यसरी मासु खानाले बिहानदेखि बेलुकासम्म खाली पेट बस्दा शक्तिमा आउने कमी पूरा हुने भनाइ छ। अरू बेला बुर्काले मुख छोपेर हिंड्ने मुस्लिम महिलाहरू रोजा बस्ने समायावधिसम्म बुर्का खोली अनुहार देखाएर अल्लालाई सम्झिन्छन्।

वर्ष दिनमा एक पटक आउने रमजानमा रोजा बस्न र इद उल फित्र मनाउन रोजगारीको सिलसिलामा विभिन्न जिल्ला तथा विदेशिएकाहरूसमेत घर फर्कन्छन्। रमजान सुरु भएदेखि नै टाढा-टाढा रहेका छोरी-चेली, भान्जा-भान्जी माइत-मावल आएर सामूहिक रोजा बसी एक महिनापछि इद उल फित्र मनाएर मात्र फर्कन्छन्। इद उल फित्रका दिनका घरघरमा खसी, बाख्रा, कुखुरा, परेवा, हाँस आदि काट्ने, खीर पकाउने, आफ्नै भाषामा रचना गरी तयार पारिएका गीत गाएर हातमा राखी बाँधि आपसमा शुभकामना साट्दै हर्षोल्लासका साथ नाचगान गरेर रातभर जाग्रम बसी यो चाडको समापन गरिन्छ।

नेपाल सरकारले इद उल फित्र मनाउन एक दिन सार्वजनिक बिदा दिने गरेको छ। इद उल फित्रका दिन रोजा तोड्न मुस्लिम समुदायका सर्वसाधारणले आफ्नो सम्पत्तिबाट दुई प्रतिशत जकाट निकालेर गरिबगुरुवालाई बाँड्छन्। यो नियम सबैमा अनिवार्य भएकाले सम्पत्तिबाट जकाट निकालेर गरिबहरूलाई नदिए एक महिनासम्म रोजा बसेको कुनै अर्थ नहुने र रोजा तोडिने भनाइ पनि छ। इद उल फित्रका दिन देशभरका मस्जिदमा ठूलो मेला लाग्छ। नेपालका ७५ जिल्लामा छरिएर रहेका करिब ४२ लाख मुस्लिमले रमजान चाड मनाउँदै आएका छन्।

# पौने दुई क्विन्टलको लड्डु



बजारमा पाइने र हामीले मीठो मानेर खाने लड्डुको सामान्य तौल कति होला ? सम्भवतः ५० ग्राम वा बढीमा १ सय ग्रामसम्म, तर वीरगन्जमा तयार पारिएको पौने दुई क्विन्टल अर्थात् १ सय ७५ किलोको एउटै लड्डुले वीरगन्जवासीको ध्यान खिच्यो। गणेश झंकार मण्डली, वीरगन्जले गणेश चतुर्थीका उपलक्ष्यमा वीरगन्जको गीतामन्दिरमा आयोजना गरेको गणेश पूजा समारोहमा भगवान् गणेशलाई भोग लगाइएको यो बडेमानको लड्डु हेर्न आउनेहरूको संख्या दिन-प्रतिदिन बढ्दो छ।

यो लड्डु तयार पार्न हलुवाईहरूले निकै मेहनत गर्नुपर्‍यो। तीन जना हलुवाईले १७ घण्टा लगातार काम गरेर उक्त लड्डु तयार पारेका हुन्। गणेश र अन्य देवी-देवताको भव्य मूर्तिनजिक गणेश भगवान्लाई भोग लगाई राखिएको उक्त लड्डु गणेश चतुर्थीका दिनदेखि प्रदर्शनमा राखिएको थियो। यस अवधिभर उक्त लड्डुलाई नचलाई चतुर्थी उत्सव समारोहको समापनका दिन सोमबार गणेश र अन्य देवी-देउताको झाँकी निकाली त्यसै क्रममा नगरबासीलाई प्रसादका रूपमा उक्त लड्डु वितरण गरिएको पूजा आयोजक समितिका कोषाध्यक्ष मदनप्रसादले बताए।

मण्डलीले छ वर्षयता वीरगन्जमा गणेश चतुर्थी उत्सव मनाउन थालेको हो। प्रत्येक वर्ष यसरी ठूलो आकारको लड्डु गणेश भगवान्लाई भोग लगाउने चलन रहेको र यसैको निरन्तरतास्वरूप यस वर्ष पनि ठूलो आकारको लड्डु तयार पारिएको मदन बताउँछन्। गत वर्ष १ सय ५१ किलोमा लड्डु बनाइएको उनले बताए। प्रत्येक वर्ष लड्डुको आकार बढाउँदै लगिएको छ। ठूलो आकारको लड्डुको प्रसादको भक्तजनका बीच उच्च माग रहने मदन बताउँछन्। भक्तजनले यो प्रसादका लागि तँछाडमछाड गरेको अनुभव उनले सुनाए।

–शंकर आचार्य



# परिवारप्रतिको
## परिवर्तित नेपाली सोच

सन्तानले डाँडा-काँडा ढाकून् भनेर चाडबाडमा आशीर्वाद दिने हाम्रो समाजमा दुई सन्तान– ईश्वरका वरदान भन्ने भनाइसमेत पुरानो बन्दैछ, अनि आधुनिक नेपाली समाजमा लोकप्रिय बन्दैछ एक दम्पती–एक सन्ततिको अवधारणा। यसका साथै लैंगिक विभेदको खाडल समेत पुरिने क्रममा देखिन्छ। केही वर्षअघिसम्म एक सन्तानमा चित्त बुझाउनेहरूलाई फस्ने भए विचराहरू वा लहडी वा मुर्ख आदि भनिन्थ्यो भने अहिलेचाहिँ उचित निर्णय भन्न थालिएको छ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको द्रुततर विकासले रोग लागेकै कारण मृत्युको मुखमा पुग्नुपर्ने अनुपात ह्वात्तै घटेकाले एक सन्तानमा चित्त बुझाउनेहरूको संख्या दिनानुदिन बढेको छ जसलाई गलत मान्नुपर्ने कुनै कारण छैन। यसैगरी राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा बढेको महँगी अनि प्रतिस्पर्धाका कारण धेरै सन्तान जन्माई उचित भरणपोषण दिन नसक्नु भन्दा एउटै काफी भन्ने सोच धेरैमा पलाएको देखिन्छ। नेपाली समाजमा बढेको छोराछोरीहरूको स्वार्थी प्रवृत्ति पनि यसका लागि सहायक छ।

यसै प्रसंगमा एउटा गीतको सम्झना आइरहेछ– कहिले होला मेरो छोरा फरफर फर्कने, कहिले होला मेरो छोरा स्कुल पढ्ने......! तीजको बेला गाउँ-घरतिरका महिलाहरूले गाउँने यस्ता गीतले वास्तवमै हाम्रो देशका असंख्य आमाको आफ्ना सन्ततिप्रतिको धारणा र आशाहरूलाई प्रतिनिधित्व गर्छन्। आमाहरूले मात्र होइन, बाबुहरूले पनि सन्तान जन्मनेबित्तिकै आफ्नो नाक घोक्रोझैं फुलाउँदै सकेसम्म आफ्ना सन्ततिहरूप्रतिको उत्तरदायित्व ग्रहण गर्दै विविध सपना सजाउन थाल्छन्, तर धर्मशास्त्रमा भनिएझैं कलियुगका मान्छेहरू जो साच्चै स्वार्थी हुन्छन् र नितान्त व्यक्तिगत भलाइमा निहित भै आफ्नो कर्तव्यबाट च्युत हुन्छन्, भएर हो वा अरू कुनै कारणले हो, बाबुआमाका यी सपनाहरू दिनप्रतिदिन कुल्चिइरहेका छन् आजका छोराछोरीहरूले। अझ यो प्रवृत्ति आफूलाई बौद्धिक र सम्पन्न भन्न रुचाउनेहरूको घरमा बढी देखिन्छ।

यदि हामीले वृद्धाश्रममा गएर हेर्‍यौं भने धेरै कुरा प्रस्ट हुन्छ। आज सामान्य अशिक्षित नागरिकका बाबु-आमाभन्दा समाजका गन्यमान्य भनिनेहरूका आमाबाबुहरू वृद्धाश्रममा जान बाध्य पारिएका छन्। अझ कतिपय त वृद्धाश्रममा पनि ठाउँ नपाएर सडकपेटीमै जीवन गुजार्न र काल पर्खन बाध्य छन्। आफूलाई हुर्काउनु, बढाउनुलाई बाबुआमाको कर्तव्य सम्झने हामीहरूले बुढेसकालमा उहाँहरूलाई सहारा दिनुपर्छ कि पर्दैन?

आफू भने सुखसयलको जिन्दगी गुजार्ने र बाबुआमालाई घरबाट निस्कन बाध्य पारिनु एउटा मानवले गर्न हुने काम हो कि होइन? कि वृद्ध भइन्जेल बाँच्नु नै पाप हो? आज वृद्धवृद्धाहरू यस्तै अनेकन प्रश्न आफ्ना सन्ततिहरूसँग गरिरहेका छन्, तर हामी भने यी प्रश्न एक कानले सुनेर अर्कोले उडाइरहेका छौं। छोराछोरी भनेका बुढेसकालका सहारा हुन् भन्नेहरू अरूका सन्ततिको गैरजिम्मेवारीपनबाट निराश भएर प्रकृतिलाई नै चुनौती दिँदै सन्तान नजन्माउने टुंगोमा पुग्न लागेको समाचारसमेत यदाकदा सुन्न थालिएको छ। भनिन्छ, आज त्यस्ता राष्ट्रमा सरकारले शिशु जन्माउने पर्ने कानुन बनाउनुपर्ने स्थिति आइसकेको छ। यसरी बाबुआमाहरू प्रकृतिलाई नै चुनौती दिन बाध्य हुन्छन् भने यसको जिम्मेवारी छोराछोरीले लिनुपर्छ कि पर्दैन? प्रत्येक जिम्मेवार छोराछोरीले सोच्नैपर्ने भएको छ। विदेशीको नक्कलमा आफ्नो धर्म, संस्कृति र रीतिरिवाज छाड्न उक्सिने हाम्रो प्रवृत्ति समस्याको कारक बनिरहेको छ।

माओत्सेतुंगले भनेजस्तो अध्ययन गर्नु ज्यादै राम्रो कुरा हो, तर अध्ययन जागिर खान र ओहदा पाउनका लागि नभएर मेहेनती हुन र योग्य बन्नका लागि हुनुपर्छ। त्यसैले म सभ्रान्त वा फलानो हुँ भन्नुभन्दा पनि आफ्ना सामाजिक व्यवहार कस्तो छ हेर्ने हो कि? यसका लागि हामीले आमा-बाबुको सहारा बनी उहाँहरूलाई पाल्न अनावश्यक र झन्झट नसम्झी आफ्नो भाग्य र कर्तव्य सम्झनुपर्छ।

छोराछोरीबाट आजित भएका आमा बाबुहरूको पीडा देखेर भुक्तभोगी बनेकाहरूले प्रकृतिलाई चुनौती दिँदै सन्तान नै नजन्माउने अवस्था आउनुपूर्व एउटा असल संस्कृतिको निर्माणमा जुट्न ढिला गर्नु हुँदैन अनि सन्तान बाध्यताले नजन्माउने वा जबरजस्ती जन्माउने भन्दा पनि रहरले जन्माउने अवस्था सिर्जना हुनु उत्तम हुन्छ। यसका लागि एक दम्पती–एक सन्तति भए अझ राम्रो।

–कविता पराजुली



# कामवासनाको
## शास्त्रीय संस्कार

हिजोआजका बालबालिका जन्मदै उदण्ड हुन्छन् भनेर आरोप लगाइने गरेको सन्दर्भमा कतै हाम्रो गर्भाधान संस्कारमै त खोट छैन? भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। किनकि संस्कारले संस्कृतिसँग गहिरो सम्बन्ध राखेको हुन्छ भने व्यक्तिगत एवं सामाजिक जीवनलाई सुव्यस्थित तुल्याई पूर्णता दिने संस्थागत व्यवस्थाहरूमध्ये संस्कारलाई प्रमुख मानिन्छ। मानवका बाह्य तथा आन्तरिक पक्षलाई समेट्ने यस्ता संस्कार हिन्दू समाजमा धेरै छन्, यी वैदिक संस्कारहरूमध्ये सोह्र संस्कार बहुप्रचलित छन्। लौकिक र वैदिक भेदका कारण संस्कार दुई थरीका छन्। प्रकृतिप्रदत्त वस्तुलाई आफ्नो बुद्धिविवेक अनुसार काटछाँट, सिलाइ, धुनु, पखाल्नु, किन्नु लौकिक संस्कार हुन्। लौकिक संस्कारबाट बाह्य शरीर मात्र हुन्छ। वैदिक संस्कारबाट अंग-प्रत्यंग अवयवहरूका साथै शरीर हृष्टपुष्ट एवं सुन्दर हुन्छ र मन शुद्धि भै आन्तरिक प्रसन्नता, सन्तोष, सद्भावना, सद्विचार, सत्संकल्प, विवेक, विनय, क्षमा, धैर्य आदि आन्तरिक आत्मिक गुणहरू प्राप्त हुन्छ। यसबाट यस लोकमा लोकमान्य, राजमान्य, बन्धुमान्य, दैवीगुण सम्पन्न भै सुख-आनन्दसाथ आदर्श जीवन बिताई परलोकमा पनि परम कल्याण प्राप्त गर्न सकिन्छ।

त्यसैले ऋषि-महर्षिहरूले आफ्ना भावी सन्तति चौरासी लाख योनिमध्ये सबैभन्दा उत्तम मानवजन्म पाएपछि फेरि चौरासीको चक्करमा नपरून् भनी हामीले गर्नुपर्ने सबै संस्कारको विस्तृत विवरण स्मृतिग्रन्थका रूपमा लेखी छाडिगएका छन्। शास्त्रले बताएको विधि-विधानअनुसार संस्कार गर्नुपर्छ भने शास्त्रविधिलाई छाडेर आफ्नो इच्छानुसार गरेको कार्यबाट फल प्राप्त हुँदैन। गीताको सोह्रौं अध्यायमा भगवान् श्रीकृष्णले शास्त्रविधिलाई छाडी आफ्नो इच्छानुसार कर्म गरे फलसिद्धि हुँदैन भन्नुभएको छ।

सन्तान प्राप्त गर्न स्त्री-पुरुषबीच हुने सहवास गर्भाधान संस्कार हो। यसैलाई क्षेत्रीय संस्कार (स्त्रीसम्बन्धी संस्कार) पनि भनिन्छ। धान, गहुँ आदि रोप्न खेतमा खन-जोत, मल आदि गरेजस्तै क्षेत्रस्वरूप पत्नीको शरीर हृष्टपुष्ट र शुद्ध रजोयुक्त भए सन्तान बलिया, निरोगी, विकलांग हुँदैनन्। क्षेत्रस्वरूप पत्नीको संस्कारद्वारा पाठेघरको संस्कार भै यसमा राखिने गर्भको बीज र गर्भबाट पैदा हुने दोष निवारण भै विशेष गुणसम्पन्न गर्न यो संस्कार गरिन्छ। स्त्रीको मासिक धर्मको चार दिन छोडी बाह्र दिनसम्म मात्र गर्भ रहन्छ। त्यसमा पनि पर्वका दिन, मातृ-पितृ आदिको श्राद्धको अघिल्लो एक भक्त हुने दिन, श्राद्धको दिन, तिथि, बार, नक्षत्र आदि असल नभएका दिन छोडी उत्तम दिन गर्भाधान गर्नुपर्ने विधान छ। दम्पती प्रसन्न मुद्रामा रही मनमा कुनै चिन्ता नलिई हर्षका साथ पूर्ण कामवासनामा भएको अवस्थामा पहिलो संस्कार अर्थात् गर्भाधान गर्नुपर्ने शास्त्रमा उल्लेख छ। सो दिन बिहान शौच नित्य कर्म सकी गुरु पुरोहितहरूद्वारा मातृका पूजा, आभ्युदायिक श्राद्ध र सात्विक भोजन गरी रातको पहिलो प्रहर र चौथो प्रहर छोडी गर्भाधान गर्ने विधान रहे पनि विधान अनुसार गर्भाधान गरिएको पाइँदैन।

गर्भ रहेको दोस्रो वा तेस्रो महिना गरिने पुंसवन (पुरुष नै पैदा होस् भनी गरिने) संस्कार र छ महिनापछि गरिने सिमन्तोन्नयन (तल निधार तर्फबाट सिउँदो काट्ने वा चिर्ने) संस्कार खासै प्रचलनमा रहेको पाइँदैन। शिशु जन्मिएपछि गरिने चौथो संस्कार जातकर्म संस्कार हो। यसमा शिशु जन्मनुभन्दा पहिले व्यथा लागेपछि सुत्केरी कोठामा लगी सजिलैसँग शिशुको जन्म होस् भनी पतिले शुद्ध कर्मपात्रोको जल लिई कुशसहितको दाहिने हातले वायु र समुद्र हरबखत चलिरहेजस्तो यो गर्भ चलिरहोस् भन्ने अर्थ भएको वेदको मन्त्रले अभिषेक गरिन्छ भने शिशु जन्मिएपछि जात कर्म गर्न पिताले लगाएको वस्त्रसहित स्नान गरी नाल काटेपछि सुतक लाग्ने हुँदा नाल नकाट्दै बालकलाई नुहाइदिइन्छ।

शिशुको शुक्रशोणित संयोग रूप, गर्भबाट हुने दोष निवारण र आयुको अभिवृद्धिपूर्वक व्यवहार चलाउन पाँचौं संस्कार अर्थात् नामकरण संस्कार गरिन्छ। सुत्केरी भएको एघार दिनका दिन चतुःस्वस्ति होम समाप्त गरी आमाद्वारा गोदान गरेर आमाले काखमा दाहिने कानमाथि तर्फ पारी नट्टेको हरियो पीपलको पातमा नक्षत्र अनुसारको नाम लेखी पञ्चैबाजा मंगल पाठपूर्वक तिमी यो नाम भएका छौ, सय वर्षसम्म बाँच भन्ने अर्थको मन्त्र तीन पटक सुनाउने चलन छ। यस क्रममा पीपलको पातमा आफूलाई मन पर्ने बोलाउने नाम लेखी दुवै पीपलका पात बालकको सिरानमा राखिन्छ। बालकलाई घरबाहिर ल्याई सूर्य नारायणको दर्शन गराइने छैटौं संस्कार निष्क्रमण संस्कार चार महिनामा गर्नुपर्ने शास्त्रमा लेखिए पनि अगाडि सारी एघार दिनमै गर्ने चलन छ। सातौं संस्कार शिशुलाई प्रथम पटक अन्न ख्वाउने अन्नप्राशन संस्कार हो। बोलीचालीको भाषामा पास्नी भनिने यो संस्कार छोराको ६ वा ८ महिनामा र छोरीको ५ वा ७ वा विजोर महिनामा गरिन्छ।

कान छेड्ने आठौं कर्णवेध संस्कार सूर्य, चन्द्र, वृहस्पति अनुकूल भै शुभ तिथि र शुभ ग्रहको बार पारी शुभ लग्नमा गरिन्छ भने केश खौरी टुप्पीमात्र राख्ने नवौं चूडाकर्म संस्कार तीन अथवा पाँच वर्षमा गर्नुपर्ने नियम भए पनि ब्राह्मण, क्षेत्री आदिले व्रतबन्धका साथ गर्ने चलन छ। वेद पढ्न गुरुछेउ लान अधिकार पाइने काम उपनयन संस्कार हो। एघारौं संस्कारका रूपमा रहेको वेदारम्भ वेद पढी ब्रह्म तेज सम्पादनपूर्वक वेदशास्त्र र धर्मशास्त्रमा विधान गरेका सत्कर्महरू गरी परमेश्वरको प्रीति प्राप्त गरिन्छ।

बाह्रौं संस्कार कपाल खौरने केशान्त संस्कार हो। गुरुकुलबाट घर फर्कने समावर्तन संस्कारपछि सुरु हुने चौधौं संस्कार विवाह संस्कारलाई हिन्दू धर्ममा निकै महत्त्व दिइएको छ। शास्त्रअनुसार ब्राह्म, दैव, आर्ष, प्रजापत्य, गान्धर्व, आसुर, राक्षस र पैशाच गरी आठ प्रकारका विवाह छन्। शास्त्रले अघिल्ला चारवटालाई क्रमैले सर्वोत्तम, उत्तम, मध्यमोत्तम र मध्यम मानेको छ भने बाँकीलाई निन्दित विवाह भनेको छ। गृहस्थाश्रममा बसेकाले लिनुपर्ने पन्ध्रौं संस्कार आवस्थ्याधान संस्कार हो भने अन्तिम संस्कार त्रेताग्निसंग्रह संस्कार हो। पछिल्ला दुई संस्कार प्रचलनमा छैनन् भन्दा पनि हुन्छ।

–विश्वमणि अधिकारी

## पारिवारिक स्वास्थ्य

बुद्धमैत्रीयद्वारा सिर्जना गरिएको बुद्ध मैत्रीय सोलथेरापी ध्यान गर्ने प्रविधि हो। यो प्रविधि नेपालमा हिज होलिनेस बुद्धमैत्रीय ट्रिटमेन्ट एन्ड हिलिङ्ग सेन्टर स्वयम्भूमा सञ्चालित छ।

सोलथेरापी प्रविधिमा एक घण्टाका लागि एक छुट्टै कोठा उपलब्ध गराइन्छ। यो प्रविधिमा ध्यान गर्ने व्यक्तिसिवाय अरू कसैको पनि संलग्नता हुँदैन, जसले गर्दा यसमा नितान्त व्यक्तिगत उपचारको अनुभव हुन्छ। सोलथेरापी गराउने कोठामा एउटा ठूलो पिरामिड राखिएको हुन्छ र ध्यान गर्ने व्यक्ति सुत्नका लागि मेटाट्रोन म्याट (ओछ्यान) हुन्छ। त्यो म्याटसँग बज्र जोडिएका हुन्छन्। ध्यान गर्ने व्यक्तिले त्यही ओछ्यानमा सुती बज्र समाएर बुद्धमैत्रीयद्वारा भनिएका प्रवचन एवं भजन संगीत भएको सिडी सुन्नुपर्छ। संगीत सोलथेरापी ध्यान गर्ने प्रक्रियाको एक स्रोत हो।

सोलथेरापी प्रविधि सम्भाला (उपचार गर्ने पिरामिडहरू) र संगीतको सम्मिश्रण हो। यो मानिसमा भएको नकारात्मक सोच एवं विचार र रोगहरूको उपचार गर्ने विज्ञान हो। सम्भाला (ध्यान गर्ने पिरामिडहरू) मिश्रका ठूला र विख्यात पिरामीडहरूको नाप र नक्सासँग मेल खाने गरी बनाइएका हुन्छन्। एक पटक मिलाएर राखिएपछि यी पिरामिड परिचालित हुन्छन् र यसले एक सय माइल व्यास भएको क्षेत्रसम्म आफ्नो ऊर्जा प्रवाह गर्छन्। हामी जब यी पिरामीडभित्र ध्यान गर्छौं यसले पृथ्वीको वास्तविकता, पृथ्वीमा रहेको ऊर्जाको तरंग, यसका राम्रा गुण एवं तत्त्वहरू, भगवान्संगको सम्बन्ध र धरतीमा जन्म लिएका सम्पूर्ण सन्त तथा उनीहरूको सद्विचारसँग हामीलाई आबद्ध गराउँछ। यसले पृथ्वीमा रहेको राम्रो कर्मलाई हामीभित्र रहेको ऊर्जामार्फत संचय गर्न सहयोग पुर्‍याउँछ। पिरामिडको आकार स्तूपाको आकारसँग मिल्दोजुल्दो हुन्छ। मानिसहरू शान्त एवं आरामदायक वातावरणमा ध्यान गर्न रुचाउँछन्। पिरामिडले पनि ध्यान गर्ने एक आध्यात्मिक वातावरण सिर्जना गर्छ। पिरामिडभित्र ध्यान गर्नु वा सुत्नु धेरै फाइदाजनक हुनसक्छ। यसले हामीमा भएको असमञ्जसता, भावनात्मक निद्रा, निदाउने असमर्थता वा गहन निद्रा नलाग्नेजस्ता कारणहरूको उपचार गरी समस्याहरूबाट निदान पाउन मद्दत गर्छ।



उपचार गर्ने तत्त्वहरू जस्तै वज्र, मेटाट्रोन म्याटले उपचार एवं बुद्धको ज्ञानको उज्यालो ज्योतिलाई मानिसमा सम्प्रेषण गरी आध्यात्मिक ज्ञानकको सञ्चार गर्दै मानिसलाई अन्तरआत्मासँग मिलाउने बाटोमा पुलको कार्य गर्छ। सोलथेरापी गरेपछि आफूमा भएका नकारात्मक सोच र ऊर्जा परित्याग गरी शारीरिक एवं मानसिक सन्तुलन कायम गर्न मद्दत पुग्छ।

ध्यान गर्नाले कर्म प्राप्ति हुनुका साथै आफूमा भएको बुद्धत्व (बुद्धको जस्तो स्वभाव) अनुभूत गर्न सकिन्छ। मानिसले आफ्नो जीवनमा एक उत्साहजनक परिवर्तन अनुभव गर्नुका साथै अन्तरआत्मासँग नजिकिँदै जान्छ। फलस्वरूप उसमा माया गर्ने र अरूको ख्याल राख्ने बानीजस्तो सकारात्मक सुधार आउँछ।

बुद्धमैत्रीयको सोलथेरापी (ध्यान प्रविधि) ले मानवतालाई नै सम्पूर्ण ग्रहको अनुकूल रही भविष्यको वास्तविकतालाई आफ्नो अन्तरआत्माको जागरणसँगै बुझ्न मद्दत पुर्‍याउँछ।

–आदर्श प्रधान

# विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?

सम्पादकज्यू, मैले विवाह गरेपछि श्रीमान्सँग सोधेर भन्छु नि है ।

**शान्ति श्रेष्ठ, मध्यपुर थिमी**

सोधेर जस्तो लाग्छ मलाई त ।

**कल्पना रायमाझी (१८), विराटनगर**

निधारमा लेखेको हुँदैन । स्वास्नी जतिखेर पनि साथमा लिएर हिँड्दैन, त्यसैले प्रत्यक्षतः सोधेर मात्र चिन्न सकिन्छ ।

**चन्द्रकुमार थामी**

लौ यति जाबो कुरा पनि के सार्वजनिक रूपमा सोधी बसेको होला ? सोधे भैहाल्यो नि । मुस्किलचाहिँ हुन्छ है चिन्न । मेरो विवाह नै भएको छैन भनेर केटीहरूलाई फसाउने पुरुषहरूको चाला त बुझ्नै कठिन हुन्छ भन्या ।

**kaleman-jesus@hotmail.com**

विवाहित महिलालाई चिन्न त्यति गाह्रो छैन तर पुरुषलाई कसरी चिन्ने थाहा भएन सम्पादकज्यू, मलाई पनि खुसुक्क भनिदिनुस् न ल ।

**दुर्गाबहादुर माझी, रामेछाप**

कस्तो गाह्रो प्रश्न गर्नु'भा सम्पादकज्यू, कतै विवाहित पुरुषको निधारमा विवाहित लेखेको स्टिकर टाँस्या भए पो चिन्न सक्नु । फेरि अहिलेको समयमा पुरुषले आफ्नो विवाह भएको कुरा कहाँ अरूले सजिलै थाहा पाउन् भन्ने चाहन्छन् र ?

**अनिल पोखरेल, इटहरी**

अहिलेको जमानामा विवाहित र अविवाहित पुरुष भनेर छुट्याउनै गाह्रो छ । महिलाहरूलाई त उनीहरूको सिउँदोको सिन्दूर र टीकाबाट चिन्न थाहा पाउन सकिन्छ तर पुरुषहरूको भने विवाह दर्ता नै हेर्नुपर्ला ।

**खड्कमणि थामी (२५), बस्तीपुर**

सोधेर चिन्न सकिन्छ ।

**यसोदा महत (२१), सिजुवा, सौठा**

यो प्रश्न पनि पाठकसँग सोध्नुपर्छ र ? बूढीकन्या कोमल वलीसँग सोध्नुस् न, उनले कसरी चिन्ने गरेकी छिन् ?

**उज्ज्वलकुमार बोहरा, बझाङ**

ओहो सम्पादकज्यू, आफू त अविवाहित पुरुष परियो, मेरो दृष्टिमा उनीहरूको हाउभाउ, आनीबानी, बोलीचाली र विचारविमर्श गरेर थाहा पाउन वा चिन्न सकिन्छ कि ?

**ए.पी. सुधा, बुटवल**

खै सम्पादकज्यू, विवाहित महिलाले जस्तो विवाहित पुरुषले पनि चुरा, पोते लगाएर हिँड्दैनन् अनि कसरी चिन्नु त ? अब सोधिहाले अचेलका युवाले ढाँटिहाल्छन् ।

**डियर उत्तम, तानसेन**

पछाडि सीआईडी लगाएर ।

**सुमित (१९)**

पर्स तथा उदासीनता हेरेर हो कि ?

**रमेश खड्का, झापा**

कसरी भन्नु ? उसको बोलीचाली र व्यवहारबाट चिन्न सकिन्छ कि ? ए ! हो त कस्तो बिर्सिएको ?

**सन्तोषी थापा (१५), काभ्रे**

जो निराश छ, दुःखी छ, जीउभरि डाडु, कुचो.... आदिको डाम छ, ऊ नै विवाहित पुरुष हो ।

**विनोद खतिवडा, इनरुवा**

यो प्रश्नको उत्तर त केटीहरूसँग पो सोध्नुपर्ने, तैपनि मेरो विचारमा पुरुषको यौन क्रियाकलापबाट । विवाहित पुरुष अविवाहितभन्दा अनुभवी हुन्छन् ।

**भरत आले (२२), प्रवासी**

खै सम्पादकज्यू ? पुरुषले सिन्दूर-पोते-चुरा लाउने भए त हुन्थ्यो। हुन त अचेल महिलाले पनि लगाउँदैनन्, खै कसरी थाहा हुनु ? सोधेर त होला नि हैन ?

**प्रवीण ज्ञवाली (२०) काठमाडौं ।**

कसरी भन्नु र ? आफ्नो त विवाह नै भएको छैन । सायद सोधेर चिन्न सकिन्छ ।

**दीपक गोतामे (२०), स्याङ्जा**

कि सोधेर, कि प्रेमको नाटकमा फसेर ।

**जितेन्द्र श्रेष्ठ (२५), सिन्धुपाल्चोक**

आफू त पुरुष परियो । महिलालाई चिन्न सके पो फाइदा हुन्थ्यो । किन उल्टा-उल्टा प्रश्न सोध्ने सम्पादकज्यू ?

**कृष्णप्रसाद घिमिरे (१७), कीर्तिपुर**

कसरी नचिन्नु त सम्पादकज्यू, .......जे देख्यो त्यही चाहिने किसिमका हुन्छन् । भनेजति पत्याउन सकिँदैन अनि गाली खाइन्छ, गम्भीर भइन्छ । गम्भीर भएपछि जसले पनि चिन्न सक्छ नि ?

**प्रसाद राई**

अब नयाँ नेपालमा पुरुषले पनि सिन्दूर, पोते, चुरा लगाउने कानुन बनाइदिनुपर्छ, त्यसपछि चिनिहालिन्छ नि ।

**जीवन थापा (१९)**

पुरुष हुनुको यही एउटा फाइदा त छ नि, त्यही भएर त जति पनि ठिटी पट्याउन पाइन्छ ।

**कपिल भण्डारी (२४)**

विवाहित पुरुषको टाउकोमा बेल्नाले हिर्काएको टुटुल्को हुन्छ ।

**संजय खत्री (२२)**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. दसैं कसरी मनाउनुपर्छ ?
२. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
३. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
४. यो संसार कस्तो छ ?
५. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
६. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
७. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
८. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
९. नेपालको राजनैतिक हिरो को हो ? किन ?
१०. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?



# महिलाका लागि ‘बोर’ बन्दैछ सेक्स



सेक्स र विवाहका बारेमा वहस-विवाद नटुंगिने विषय बनेको छ । सेक्स बिक्छ, बिकाउ चिज हो सेक्स । त्यसैले सेक्सलाई संसारभर नाम चलेका सबैजसो पत्रपत्रिकाले सधैं पर्याप्त स्थान दिने गरेका छन् भलै सेक्ससँग सम्बन्धित सामग्रीलाई आदर्शवादीहरूले भड्काउ सामग्रीका संज्ञा किन नदिऊन् तर उनीहरूमध्ये पनि कतिपय लुकेर ती पत्रपत्रिका पढ्छन् ।

पछिल्लो समयमा सेक्स र विवाहमा केन्द्रित रहेर तयार पारिएको एउटा सर्वेक्षणलाई भारतीय पत्रिकाले सार्वजनिक गरेको छ जसमा श्रीमती गुमाउन नचाहने सहरिया पुरुषहरूले होसियार र सजग बन्ने बेला आएकोतर्फ संकेत गरेको छ । सर्वेक्षणले विवाहले पुरुषलाई मोजमस्ती गर्ने लाइसेन्स दिएको तर महिलाको भावनालाई यसले कताकता ठेस पुऱ्याएको तथ्य उजागर गर्न खोजेको छ । सेक्सले मानिसलाई सबैभन्दा धेरै सन्तुष्टी दिएको छ तर आज यही कारणले दाम्पत्य जीवनमा तनाव उत्पन्न हुन थालेको तथा तालमेलको ठाउँमा बेमेल साझेदारीले स्थान पाएको तथ्य सार्वजनिक हुँदा पक्कै अनौठो लाग्न सक्छ । यस्तो तथ्य आउनुका पछाडि आधुनिक महिलाहरूमा पुरुषलाई हेर्ने दृष्टकोणमा आएको मानसिक परिवर्तनले त काम गरिरहेको छैन ? विवाहपछि महिलाले पतिको अर्धाङ्गिनीका रूपमा बस्नुपर्ने, उसैको खटनपटनमा रहनुपर्ने, जतिखेर पनि सेक्सका लागि तयार भैदिनुपर्ने, पतिले अरू महिलासँग सम्बन्ध राख्ने पनि औंला उठाउन नहुने तर पत्नीले परपुरुषसँग सम्बन्ध राखे सम्बन्धविच्छेद गर्नुपर्ने जस्ता विषयलाई महिलाहरूले वहसका रूपमा सार्वजनिक गर्न खोजेका छन् ।

सर्वेक्षण अनुसार भारतीय सहरका ५२ प्रतिशत विवाहित जोडीले एक सातामा सरदर तीन पटक यौन सम्पर्क गरेको बताएका छन् जबकि २७ प्रतिशत महिलाले मात्र पुरुष सरह साताको तीन पटक यौनमा सहभागी बन्ने गरेको बताएका छन् । यदि ५२ प्रतिशत विवाहित पुरुषले साताको तीन पटक यौन सम्पर्क गर्छन् भने २७ प्रतिशत श्रीमतीले मात्र उनीहरूलाई साथ दिएका छन् । अब प्रश्न उठ्छ बाँकी २५ प्रतिशत पुरुष कोसँग यौन सम्पर्क गर्छन् ? श्रीमती बाहेक अरू नै महिलासँग ?

सर्वेक्षण अनुसार ३९ प्रतिशत महिला आफ्नो वैवाहिक यौन जीवनबाट वाक्क-दिक्क बनेका छन् । यहाँ साताको तीनपटक श्रीमतीसँग यौन सम्पर्क गर्ने पुरुषको ५२ प्रतिशतमध्ये आधालाई मात्र महिलाले साथ दिएका छन् । बाँकी महिलामाथि नचाहँदा-नचाहँदै पनि पुरुषले वैवाहिक बलात्कार गर्ने गरेको तथ्य खुलेको छ । सर्वेक्षणमा सहभागीमध्ये ५० प्रतिशत विवाहित जोडीले मात्र सेक्सलाई आनन्दका स्रोत मानेका छन् । अर्को कुरा, ५५ प्रतिशत पुरुषले परम्परागत आसन (पुरुष माथि हुने) लाई मन परेको रती आसन माने भने १९ प्रतिशत महिलाले मात्र यसलाई ठीकै मानेका छन् । यी तथ्य अनुसार अब पुरुषले आफ्नो यौन साथी श्रीमतीलाई भन्ने बेला आएको छ, 'म त ठीक छु तर तिमी तयार छौ ? आसनमा पनि पुरुषको जोर-जबर्जस्ती चलेको यो तथ्याङ्कले देखाउँछ । अर्को आश्चर्यजनक तथ्य के छ भने प्रेमविवाह गर्नेमध्ये २६ प्रतिशतले विवाहेत्तर यौन सम्बन्ध राखेको स्वीकार गरेका छन् ।

सेक्सका बारेमा पछिल्लो समयमा आएर धेरै खालका प्रश्न उठ्न थालेका छन् । यौन आनन्दको खोजी गर्ने सिलसिलामा कामक्रिडा कस्तो र कसरी गर्नेदेखि आसनहरूका सवाल, यौन साथीसँग सेक्स गरिरहेको अवस्थामा पनि अन्य साथीका बारेमा कल्पना गर्नेदेखि सेक्स डलको प्रयोग, इन्टरनेट साइट, थ्री एक्स फिल्मको अश्लीलतादेखि यौन शक्ति बढाउने भियाग्रा वा यार्सागुम्बाका सेवन, गर्भ निरोधक साधन वा औषधी प्रयोग गर्नेदेखि कामुकता कायम राख्ने प्रश्न पुरुष एवं महिलाबीच बारम्बार उठिरहेका छन् ।

पुरुष तथा महिलाबीच यौनको विषयमा रुचि र शैलीमा धेरै अन्तर पाइन थालिएको छ । यौन व्यक्तिगत आनन्दका लागि कि साथीका साझेदारी आनन्दका लागि पनि हो ? भन्ने विषय पनि गम्भीर प्रश्न उठ्न थालेको छ । यी विषयमा पुरुषहरू आफ्नै आनन्दका लागि मात्र यौन सम्पर्कमा जुट्ने गरेका छन् भने महिलाहरू पुरुष साथीको आनन्दका लागि बाध्य भएर यौनका लागि तयार हुनुपर्ने तथ्य रहस्योद्घाटन भएका छन् । ५२ प्रतिशत पुरुष वैवाहिक जीवनलाई निरन्तर आनन्दित बनाउन सेक्स आवश्यक भएको मान्छन् तर यस्तो सोच्नेमा महिला ३३ प्रतिशत मात्र छन् । ३२ प्रतिशत पुरुषले श्रीमतीले सन्तान जन्माएपछि यौन आकर्षणमा कमी हुन थालेको उत्तर दिएका छन् । यस्तो अवस्थामा कुनै पनि बेला परस्त्रीगमन हुन सक्ने र दम्पतीमा दरार आउन सक्ने मनोवैज्ञानिकहरू बताउँछन् ।

समाजशास्त्री तथा इन्स्टिच्युट अफ चाइनिज स्टडिजकी निर्देशक पेट्रिसिया ओवेरायका अनुसार विश्वयुद्धपछि किन्से रिपोर्टले अमेरिकी समाजमा भएका समलैंगिकताको रहस्योद्घाटन गरे । यस्तै उत्तर नारीवादी आन्दोलनले स्त्री कामुकतालाई नयाँ प्रतिष्ठा दिलायो । पछिल्लो समयमा सेक्स मिडियाका लागि नियमित खजाना बन्यो । मिडियाकै कारण नारी र पुरुषबीचका सेक्स पर्दाभित्रको गोप्य आचरण रहेन, पत्रिकाको पानामा पोखिन थाल्यो । सिनेमाको पर्दामा देखिन थाल्यो, इन्टरनेट र कम्प्युटरको स्क्रिनमा आउन थाल्यो भने मोबाइलको स्क्रिनमा पनि देखिन थाल्यो । प्रश्न यति हो सेक्सको आनन्द पाउने होडबाजीमा पुरुष अगाडि कि महिला अगाडि ? खासगरी उत्तर अधुनिक नारीवादी आन्दोलनले महिलाहरूमा चेतना ल्याएका कारण अब उनीहरू पुरुषको आनन्दका लागि मात्र सेक्स गर्न तयार नदेखिएका सर्वेक्षणले देखाएको छ । जब कि अहिले पनि ७६ प्रतिशत विवाहित पुरुष श्रीमतीसँग सेक्स गर्नुलाई आफ्नो नैसर्गिक अधिकार मान्छन् । ४२ प्रतिशत विवाहित महिला पतिको खुसीका लागि जवर्जस्ती यौनसम्पर्क सहनुपरेको बताएका छन् तर पत्नीलाई खुसी बनाउने पतिको प्रतिशत भने अत्यन्तै न्यून छ । यहाँ एउटा पुरानो भनाइ लागू हुन्छ, पुरुषहरू महिलाबाट सेक्स चाहन्छन् तर महिलाहरू पुरुषबाट प्रेम चाहन्छन् ।

यी तथ्य हेर्दा सेक्समा पुरुष अगाडि देखिए पनि कुनै बेला महिलाले आफ्नो इच्छाविपरीत सेक्स गर्ने पुरुष विरुद्ध एकसाथ जेहाद छेडे भने आश्चर्य नमाने हुन्छ ।

**–प्रदीप मेयाङ्बो**


**कष्मेटिक उपचार**

- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Botox Treatment

सम्पर्क: ०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल

**होटेल तालिम मोडर्नमा**

Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

**अब गर्व गरौं**

0% side effect 100% effective
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
डेलिभरी सुविधा
अन्तराष्ट्रिय होलोग्राम सहित
100% आयुर्वेदिक औषधि
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौनः लिङ्गको विकास, शीघ्र पतन, दुर्वलता
स्तनः बढाउन, घटाउन र टाइट गर्न
शरीरः ३ महिनामा 12kg घटाउन, बढाउन
कुलतः जाँड रक्सीबाट पूर्ण मुक्ति 061-240234
4672065, 2084130
2172882, 9841883397

**कुकिङ्ग तालिम**

२०६५ असोज १ गतेबाट तालिम शुरु

| | |
|---|---|
| चाइनिज कुकिङ्ग | बिहान १०:०० बजे |
| इण्डियन कुकिङ्ग | बिहान ११:०० बजे |
| इटालियन कुकिङ्ग | दिउँसो १२:०० बजे |
| कन्टिनेन्टल कुकिङ्ग | दिउँसो १:०० बजे |
| बेकरी | दिउँसो २:०० बजे |
| आइसक्रिम | दिउँसो ३:०० बजे |
| बेकरी | साँझ ५:०० बजे |

अभियान पर्यटन तथा होटल तालिम केन्द्र
कुपण्डोल बस स्टप
५५३६०५७, ५५२३०८२
९८४१ २०८७४९

## सन्देश

कान्छी, तिमीलाई आरामै छ होला भन्ने आशा गरेको छु । सायद तिमी मलाई भुल्नका लागि घर गएकी थियौ । एक्कासि तिमी त्यसरी घर जाँदा पागल हुनुसिवाय मैले कुनै विकल्प पाइनँ । तिमीलाई म अझै पनि साँचो र चोखो माया गर्छु । एकपटक भेट है ।

**गोपाल**

रेनु, तपाईं कहाँ हुनुहुन्छ ? एसएलसी पास हुनुभयो होला । कैयौं पत्र पठाएँ, तर खै किन हो प्राप्त गर्नु भएन कि ? उत्तर नै दिनुभएन । अहिले म काठमाडौंमा छु, जसरी भए पनि फोन गर्नुहोला ।

**प्रवीण**

सुगेनजी, आजकाल किन फोन उठाउनुहुन्न ? तपाईंलाई फर्मासिस्ट चाहिएको कि म ? यसमा मेरो केही दोष छैन । तपाईं मलाई वचन दिनुहोस्, म फार्मेसी होइन, एमबीबीएस नै अध्ययन गर्दैछु, म मेरो यही क्षेत्रबाट तपाईंको नाम चम्काइदिनेछु, केवल मलाई साथ दिनुहोस् । साथमा तपाईंको बीडीएस सफल होस् । मेरो आँसुले तपाईंको प्रगतिको बाटो नछेकोस् ।

**गी.**

बी., सुमधुर सम्झना र धेरै-धेरै माया । तिमीले माया मारे पनि



मैले मारेको छैन । जीवनमा धेरै-धेरै प्रगति गर । तिम्रा हरेक इच्छा पूरा हुन् । मबाट टाढा गए पनि म तिमीलाई सम्झिरहन्छु ।

**एस.बी.**

माया, जब हाम्रो परिचय भयो त्यस दिनदेखि नै हरक्षण हरपल तिमीलाई सम्झिरहन्थें । पछि जात्रामा भेटेपछि त तिम्रो यादले अझ बढी सताउँछ । हाम्रो पहिलो भेटदेखि नै मैले तिमीलाई आफ्नो मनको कुरा भन्न सकिनँ । तिमीले मेरो प्रस्ताव स्वीकार गर्छौ भन्ने पूर्ण आशामा छु ।

**ए.के.एस.**

**सूचना**

**साप्ताहिकको विजयादशमी अंक असोज १७ गते प्रकाशित हुँदैछ । उक्त अंकमा आफ्ना इष्टमित्रलाई शुभकामना सन्देश पठाउन चाहने पाठकले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा असोज १० गतेसम्म पठाउनुहोला ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..................

उमेर : .................. उचाइ : ..................

पेसा : .................. शिक्षा : ..................

स्वभाव : .................. वैवाहिक स्थिति : ..................

अभिरुचि : .................. वर्ण : ..................

इमेल : ..................

ठेगाना : ..................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..................

..................

नोट : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा

### मायाको परिभाषा

हिजोजस्तो लाग्छ हाम्रो पहिलो भेट भएको तर अनायास आज किन विछोड हुन पुग्यो । मेरा गल्ती हजार वा लाखौं कति थिए, माफ गर पनि भन्न नपाई तिमी छुट्टिन पुग्यौ । मलाई माफ गर भन्ने पनि अधिकार ममा नभएरै पो हो कि ? कस्तो बिडम्बना ? हाम्रो भेटमा धेरै मीठामीठा कुरा भएका थिए ।

आज ती सबै सिसा फुटेझैँ चकनाचुर भए जसले केही गुमाएको छ त्यसलाई मात्र विछोड कस्तो हुन्छ भन्ने थाहा हुँदो रहेछ । राम्रो चीज आफूबाट टाढा हुँदा मेरो हृदय छियाछिया भएको छ । जन्म लिएपछि मरण निश्चित छ तर यो संसारको रीतभन्दा टाढा म जिउँदै मरेको लासझैँ हुन पुगको छु । दिनभरिको कामको थकानपछि कहिलेकाहीँ हामी थकान मेटाउन कहिले कसको पसल त कहिले कसको पसलमा दुःख साट्थ्यौँ, सायद अब तिमीले सम्झना सम्झिने पनि छैनौ होला, त्यसैले एक पटक ती दिनको सम्झना गराउन चाहन्छु ।

हामी ती दिनहरूमा यो काठमाडौंको माकुरोको जालोझैँ सडक र गल्लीमा कति चहारेका थियौँ याद भएकै होला, तिमीसँगको मित्रतामा मैले हुर्किने र बढ्ने अवसर पाएँ, राम्रा-राम्रा मित्रको साथ पाउने अवसरहरू प्राप्त गरेँ ।

आज म जे छु यी सबै तिम्रा उपदेशले भएका हुन् । म एउटा दोबाटोमा अलमल्ल परेको यात्रीलाई तिमीले आफू काँडामा टेकेर भए पनि बाटो देखाइदियौ । आज म आफैंलाई धिक्कार्छु कति कमजोर रहेछ मेरो भाग्य, तिमीलाई अपनाउन सकिनँ । माफ गर मलाई एउटा कलिलो अबोध बालक सम्झेर, मेरो हृदय आज साह्रै दुःखी छ ।

जतिसुकै ठूलो सागरमा गएर पानी ल्याए पनि आखिर जत्रो घैला छ त्यही भरि मात्र आउने रहेछ । तिमी जहाँ रहे पनि मेरो हृदयभरिको शुभकामना अनि उत्तरोत्तर प्रगतिको कामना छ, तिमी हिँड्ने बाटाहरूमा बाधा, विघ्न एवं अवरोध कहिल्यै नआओस् भगवान् पशुपतिनाथसँग मेरो प्रार्थना छ ।

**– पदम**

### मकै पोल्ने महिला र छोरीहरू

४०-५० वर्ष उमेरकी एक महिला मेरो घर नजिक सधैं मकै पोल्न आउँथिन् । गलाका नसा तन्किनेगरी मकलको आगो फुक्दा त्यहाँ कारुणिक दृश्य देखिन्थ्यो । सायद रोगी हुँदी हुन्, आगोको धूवाँले निसास्सिएर बारम्बार खोक्थिन् । उनको वरिपरि दुई साना नानी घेरिएर बस्थे । बिस्तारै-बिस्तारै मैले जानकारी पाएँ कि उनी पतिबाट परित्यक्ता हुन् । आमाको आगो फुक्ने अभियानमा साथ दिने ती नानीहरू न कहिल्यै स्कुल गएको देखियो न त अरू केटाकेटीझैँ बालक्रीडामा रमाएको दृश्य नै ।

ती दुई बालिकाको दिनचर्या देख्दा लाग्थ्यो, भोलि यिनीहरू पनि मकै नै पोलेर आफ्नो जिन्दगी पाल्नेछन् । तिनीहरूको उमेरलाई अनुमान लगाउँदा ठूलीचाहिँ चौध-पन्ध्रकी र सानी सात-आठ वर्षकी देखिन्थे । उनीहरूले लगाउने पहिरन ठाउँ-ठाउँमा च्यातिएका थिए ।

कहिलेकाहीँ आमाचाहिँ कामविशेषले अन्त जाँदा ठूली छोरीको काँधमा व्यापारको जिम्मेबारी आउँथ्यो ।

एक साँझ ठूली छोरी मकै पोलिरहेकी थिई । एउटा हुल्याहा केटाले मकै समात्ने बहानामा उनको नाडीमा च्याप समात्यो । उसको अनुहार भय र लाजले रातो भयो । एकैक्षणपछि त्यो केटो हात छोडेर साथीहरूको हूलतिर गयो । त्यसपछि ठूली छोरी रुन थाली । नजिक गएर हेरेको उसको नाडीको एक लहर रातो चुरा भुइँमा चकनाचुर अवस्थामा थियो । त्यसको भोलिपल्टदेखि ठूलीचाहिँ मकै पोल्न आइन । आमाचाहिँ आउँथिन् र उनलाई सानी छोरीले साथ दिएको दृश्य केही महिना देखियो ।

एक दिन म तिनीहरूले मकै पोल्ने ठाउँ नजिकै बसिरहेको थिएँ । उकालो बाटोमा काठ बोकेको एउटा ट्र्याक्टर उकालियो । संजोगवश एउटा काठ उकालोमा खस्यो । मभन्दा दुई हात मात्र पर खसेको हुनाले मैले त्यो काठ ती महिलालाई दिएँ । उनले बडो मायालु नजरले मलाई हेरिन् । मलाई कता-कता डर र संकोच अनुभव



भयो । एकछिनपछि ती मकै पोल्नेकी सानी छोरी मेरो छेउँ आई र मलाई पोलेका दुईवटा मकै दिई । मलाई जिज्ञासा भयो- मैले यी मकै केबापत पाएँ ? मैले पैसा भुक्तानी गर्न खोज्दा बेलामा ती महिलाले भनिन्– 'हजुरले हामीलाई काठ दिनुभएको छ नि ।' मैले प्रतिरोध गरेँ– त्यो काठ मेरो थिएन । त्यो त एउटा ट्र्याक्टरले खसालेर गएको थियो । मलाई ती मकै खानु पनि पाप जस्तो लाग्यो । गरिब भएर पनि कसैको गुणलाई गुणैले भुक्तान गर्न खोज्ने ती महिला मलाई आदर्श लागिन् ।

त्यसपछिका केही दिन उनी र उनका छोरीहरू त्यहाँ देखिएनन् । मेरो मनमा प्रश्न उठ्थ्यो यतिखेर ती महिला र उनका नानीहरू कहाँ होलान् ? म ईश्वरसँग कामना गर्थें– ती मकै बेच्ने महिला र उनका छोरीहरू जहाँ भए पनि सुखी रहुन् ।

एक दिन संजोग भनूँ, म कुनै नयाँ ठाउँ गैरहेको थिएँ । ती मकै बेच्नेकी दुई छोरीलाई मैले मकै बेचिरहेको देखेँ । उनीहरूकी आमा त्यहाँ थिइनन् । मैले सानीचाहिँको छेवैमा पुगेर प्रश्न गरें– आमा खोइ ? कुनै जवाफ आएन, बरु दुवैका आँखाबाट आँसु तरक्क चुहिए । फेरि तिमीहरूले कहिलेदेखि मकै बेच्न थाल्यौ भनेर प्रश्न गरेँ । ठूलीचाहिँले अलि घोप्टो अनुहार पारेर आजैदेखि भनी ।

ठूलीचाँहिको नाडीमा दुई लहर चुरा सलक्क मिलेका थिए । लाग्यो, आज पनि ती केटाहरूले यिनको चुरा फुटाउनेछन् वा अरू केही । मेरो मनमा प्रश्न उठ्यो, ठूलीचाँहिले आज आमा हुँदाखेरिझैं तरक्क आँसु चुहाउनेछिन् वा नयाँ चुराका लागि सम्झौता गर्नेछिन् ।

**–प्रेमकृष्ण श्रेष्ठ**

## साप्ताहिक साथी



प्रवीण ज्ञवाली 'पृथक्' अविवाहित युवक हुन् । २० वर्षीय पृथक्ले प्लस टुसम्मको अध्ययन गरेका छन् । साहित्यिक अभिरुचि राख्ने प्रवीण चञ्चले स्वभावका छन् । अविवाहित प्रवीणको उचाइ ५ फिट ५ इन्च छ । बढी नबोल्ने तथा लजालु शैलीका ज्ञवाली गोरो वर्णका छन् । प्रवीणसँग पत्रमित्रता गर्न चाहनेहरूले उनलाई parbin_gyawaly@yahoo.com मा पत्राचार गर्न सक्नुहुन्छ ।



२५ वर्षीया सरिता शाही गहुँगोरो वर्णकी छिन् । ५ फिट १ इन्च अग्ली सरिता चञ्चले स्वभावकी छिन् । एसएलसीसम्म अध्ययन गरेकि शाही व्यापार-व्यवसायमा संलग्न छिन् । अविवाहित सरिता आफ्नो यात्रामा साथ दिने असल साथीको खोजीमा छिन् । फुर्सदको समयमा विभिन्न स्थानको भ्रमण गर्न रुची राख्ने सरितालाई नयाँ सडक, प्युखा काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।

# तातोपानीमा नांगै-भुतुंगै

तातोपानी (म्याग्दी)- संसारकै सबैभन्दा गहिरो अन्धगल्छीस्थित तातोपानी पर्यटकहरूले आनन्द लिने थलोका रूपमा प्रख्यात छ । बर्सेनि हजारौं विदेशी पर्यटकले यहाँ डुबेर आनन्द लिन्छन् । नाङ्गै-भुतुङ्गै पर्यटकले तातोपानीको पोखरीभित्रै प्रियसीसँग चुम्बन गर्दै चिसो बियरको चुस्की लिइरहेको दृश्य सामान्य लाग्छ ।

'आहा ! प्रियको आलिंगनमा बसेर तातोपानीमा डुब्दा छुट्टै मजा हुँदो रहेछ, दिनभरिको हिंडाइको थकान एकैछिनमा हरायो', तातोपानीको पोखरीबाट बाहिर निस्किएपछि छ्याप्पै भिजेको पेन्टी मिलाउँदै इजरायली युवती पिन्कीले अनुभव सुनाइन् ।

जमिनमुनिबाट निस्कने पानीमा हातखुट्टा चोपल्दा एक भल्को उमालेको पानीले झैं च्वात्त पोल्छ । पर्यटकीय मौसममा तातोपानीमा डुबेर आनन्द लिने पर्यटकको भीडले दुवै पोखरी भरिभराउ हुन्छन् । अन्य मौसममा पनि तातोपानी नुहाउन आएका स्थानीय युवा-युवती बग्रेल्ती पाइन्छन् ।



'थोरङलाको चिसो हावाको पोखरी छाडेको एक दिनपछि तातोपानीको पोखरीमा पस्न पाउँदा आनन्द भएको छ,' राउन्ड अन्नपूर्ण पदमार्गको थोरङ्ला पास गरी फर्किएका फ्रान्सेली नागरिक ओरिभरले बताए । मिसेलको १२ सदस्यीय टिमका सदस्यहरू तातोपानीको पोखरीभित्रै बियरको चुस्की लगाउँदै थिए ।


सदरमुकाम बेनीबाट धूले सडकमा जीपबाट डेढ घन्टा यात्रा गरेपछि थप दुई घन्टाको पैदल हिंडेपछि अन्धगल्छीको तातोपानी पुग्न सकिन्छ । तातोपानी भुरुङ गाविसमा पर्छ । तातोपानीको पोखरी सफा हुनुका साथै पर्यटकले इच्छाएअनुसार चिसो पानी मिसाउन पाइन्छ ।

अन्नपूर्ण र धवलागिरि पदयात्राको संगम स्थल तथा मुस्ताङको प्रवेश मार्ग मानिने भुरुङमा पर्छ । यहाँ साना-ठूला गरी झन्डै ४० वटा सुविधासम्पन्न होटल छन् । यहाँ प्राथमिक उपस्वास्थ्य चौकी, हुलाक र विद्यालय पनि छन् ।

तातोपानीको पोखरीमा नुहाएबापत विदेशीसँग २५ रुपैयाँ तथा नेपालीसँग ५ रुपैयाँ शुल्क लिइन्छ । यसरी उठेको रकमबाट स्थानीय सर्वोदय माध्यमिक विद्यालयमा तीन जना निजी स्रोतका शिक्षक राखिएको छ । पर्यटकको सुविधाका लागि पोखरीको छेउमा रेस्टुराँ पनि सञ्चालित छ । उक्त रेस्टुराँ खोल्न स्थानीय अरुण भट्टचनले वार्षिक साढे दुई लाख रुपैयाँमा ठेक्का लिएका हुन् । भुरुङको जस्तै तातोपानी जिल्लाका अरू ६ ठाउँमा पनि छन् । उक्त पोखरीको तातोपानीको तापक्रम ६० देखि ६५ डिग्री सेल्सियससम्म छ ।

**–घनश्याम खड्का**

## रेशम फिरिरी रिमिक्स



**साप्ताहिक समाचार**

काठमाडौं– अहिले रिमिक्सको मैंसम छ। पुराना गीत रिमिक्स गरेर थुप्रै नयाँ गायक-गायिका चर्चित भैसकेका छन्। डान्स पार्टीका आयोजकलाई पनि रिमिक्स गीतले राहत दिएको छ। डान्स पार्टीमा लोकप्रिय रिमिक्स गीत बजाएर डिजेहरूले युवा-युवतीहरूलाई मज्जाले नचाइरहेका छन्। गत शनिबार साँझ प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा आयोजित डान्स पार्टीको शीर्षक नै 'रेशम फिरिरी डान्स पार्टी' राखिएको थियो। पुरानो गीतलाई रिमिक्स गरेपछि अहिले युवा-युवतीको जिब्रोमा झुन्डिएको रेशम फिरिरी...लाई नै आयोजकले डान्स पार्टीको थिम बनँएका थिए। दिउँसो १ बजेका लागि तय गरिएको कार्यक्रममा साँझ परेपछि मात्र भीड बढेको थियो। डिजे एनकेले छनौट गरेका चर्चित नेपाली रिमिक्स गीतमा नृत्य गर्नेहरूमा मोडलिङ तथा सांगीतिक क्षेँत्रका चर्चित व्यक्तिहरू पनि थिए। कार्यक्रममा गायिका आगन्तुक खरेल तथा लसता जोशीले त गीत नै गाए। दुवै गायिकाले आफ्ना लोकप्रिय रिमिक्स गीत गाउँदा डान्स पार्टीमा नृत्य गरेर रमाइरहेका युवा-युवतीहरू थप उत्साहित देखिए।

# विराटनगरमा लिटिल क्विन र मास्टर किङ

**साप्ताहिक समाचार**

विराटनगर– लामो समयपछि गत शुक्रबार विराटनगरको सभागृहमा निर्माण गरिएको र्‍याम्पमा बालबालिकाहरूले धक फुकाएर क्याटवाक गरे। एक महिना लामो प्रशिक्षण पछि सातदेखि बाह्र वर्ष उमेर समूहका तीस जना बालबालिका 'लिटिल क्वीन तथा मास्टर किङ' को उपाधिका लागि आकर्षक पहिरनमा सजिएका थिए।

काठमाडौंको द एरो मोडलिङ एजेन्सीले आयोजना गरेको बालबालिकाको मोडलिङ प्रतियोगितामा १५ जना बालक तथा १५ जना बालिका सहभागी भए। केही महिनाअघि प्रदर्शन भएको चलचित्र 'तारे जमिन पर' को एउटा गीतमा सहभागी बालबालिकाले गरेका आकर्षक सामूहिक नृत्यसँगै कार्यक्रम प्रारम्भ भएको थियो। पाँच चरणमा विभाजित उक्त कार्यक्रमको दोस्रो प्रस्तुतिमा सबै सहभागीले आकर्षक हाउभाउसहित आफ्नो परिचय दिए। परिचय दिने क्रममा उनीहरूले आफू सुहाउँदा पहिरन पनि प्रदर्शन गरे। परिचयात्मक कार्यक्रमपछि फेसन सो प्रारम्भ भयो। इभिनिङ गाउन, कुर्ता-सुरुवाल, सारी, सुट, टिसर्ट, जिन्सजस्ता पहिरनमा बालबालिकाहरू सुन्दर देखिएका थिए। तेस्रो चरणमा निर्णायकले 'टप टेन' प्रतियोगी छनौट गरे। टप टेनमा पुगेका बालबालिकाहरूको बौद्धिकता परीक्षण गर्ने प्रश्नोत्तर कार्यक्रमपछि निर्णायक चरणका लागि पाँच-पाँच जना बालबालिका छनौट भए। निर्णायक चरणमा सोधिएका एक-एकवटा प्रश्नको उत्कृष्ट जवाफ दिएपछि प्रतियोगिताका विजेता घोषित गरियो।

सिद्धान्त घिमिरेको कोरियोग्राफी तथा सपन जे शर्माको संयोजनमा सम्पन्न प्रतियोगितामा स्थानीय अरनिको स्कुलका निवेदिता चापागाईं तथा लोकेश झाले क्रमशः लिटिल क्विन तथा मास्टर किङको उपाधि हात पारे। लोकेशले मास्टर ट्यालेन्टको उपाधि पनि जिते। फस्ट रनर-अप आशुतोष चापागाईंले मास्टर डिसिप्लिन तथा बेस्ट ड्रेस गरी सर्वाधिक तीनवटा उपाधिमा आफ्नो पक्षमा पारे। अन्य उपाधितर्फ मृदुला तापडिया फस्ट रनरअप भइन् भने नवीन केसी तथा रश्मिता चौहानले सेकेन्ड रनर-अपमा चित्त बुझाए। सायसा राईले बेस्ट ड्रेस तथा लिटिल क्युटको उपाधि जितेकी थिइन्। कार्यक्रममा गायक सपन श्रेष्ठ तथा विभिन्न सांगीतिक प्रतियोगितामा सहभागी भैसकेका राजु थापाले गीत-संगीत प्रस्तुत गरेका थिए।



## लिटिल मिस काठमाडौं



काठमाडौं- प्रतियोगिता प्रारम्भ भएदेखि नै प्रतियोगी नम्बर १८ को ट्याग भिरेकी आकृति खरेल दर्शकहरूको रोजाइमा परेकी थिइन्। अन्ततः प्रतियोगिताको अन्तिम चरणमा पुगेपछि निर्णायक प्रश्नको सान्दर्भिक एवं सटिक उत्तर दिएर आकृतिले लिटिल मिस काठमाडौंको मुकुट आफ्नो शिरमा सजाइन्। आकृतिलाई गत वर्षकी विजेता दिक्ता थापाले विजेताको मुकुट पहिऱ्याएकी थिइन्।

आकृतिले लिटिल मिस काठमाडौंको शीर्ष उपाधिका अतिरिक्त मिस ट्यालेन्टको एवार्ड पनि हात पारिन्। फस्ट रनरअप उपाधि सरिता पुरीले जितिन् भने सेकेन्ड रनरअप उपाधिमा तमन्ना ढकालले कब्जा जमाइन्। गत शनिबार प्रज्ञाभवनमा मुभि हाउसले आयोजना गरेको लिटिल मिस काठमाडौं शीर्षक अन्तर्गतको प्रतियोगितामा ३९ जना फुच्चीको सहभागिता थियो। सांस्कृतिक विविधता समेटिएको सामूहिक नृत्यसँगै प्रारम्भ भएको उक्त प्रतियोगिता बेस्ट ड्रेस राउन्ड हुँदै उत्कृष्ट १५ र उत्कृष्ट ७ छनौट गरेपछि उपाधि विजेताको निक्यौंल गरेपछि टुंगिएको थियो।

नेपाली राष्ट्रियता, जातीयता तथा सांस्कृतिक विविधता झल्काउने परम्परागत एवं परिमार्जित पहिरनहरूको बाहुल्यता रहेको बेस्ट ड्रेस राउन्डमा श्वेता प्रज्ञापतिले एवार्ड जितिन्। अनिला श्रेष्ठको कोरियोग्राफीमा सम्पन्न उक्त प्रतियोगितामा रिक्क्षिता खत्री फोटोजेनिक, आयुष्मा सिंह फ्रेन्डली, जसना नकर्मी डिसिप्लिन, लसता नकर्मी पर्फमेन्स, विधि ढकाल चार्मिङ पर्सनालिटी, मुना गौचन क्याटवाक तथा सुवेक्षा चापागाईं बेस्ट स्माइल उपाधि विजेता घोषित भएका थिए।

## मिस्टर एन्ड मिस नेपाल आइकन सम्पन्न



गत शुक्रबार प्रज्ञँभवन, कमलादीमा सम्पन्न 'मिस्टर एन्ड मिस नेपाल आइकन नेपाल' शीर्षकको प्रतिस्पर्धात्मक कार्यक्रममा रहभागी प्रतिस्पर्धीहरूमध्येबाट पुरुषतर्फ युनिश बज्राचार्य तथा महिलातर्फ प्रतिमा डंगोल विजयी भए। प्लस प्वाइन्टको आयोजनामा सम्पन्न उक्त प्रतिस्पर्धामा पुरुषतर्फ रितेश तुलाधर र सुवास खड्का तथा महिलातर्फ मञ्जु प्रजापति र अमिता जोशी क्रमशः फस्ट र सेकेन्ड रनरअप छानिएका थिए।

अन्य उपाधितर्फ एलिजा शाक्य र रोहित कंसाकार मिस्टर एन्ड मिस चार्मिङ, सानु शँक्य र उषा बिंडारी मिस्टर एन्ड मिस क्याटवाक, सुवास खड्का र मञ्जु प्रजापति मिस्टर एन्ड मिस पर्सनालिटी, बेस्ट फिजिक्सतर्फ राजीव सुनुवार, बेस्ट फिगरतर्फ अमिता जोशी विजयी भएका थिए।

यसैगरी युनिस बज्रचार्य र एलिना शाक्य मिस्टर एन्ड मिस ट्यालेन्ट, गोपाल छन्त्याल र विनिता थापा मिस्टर एन्ड मिस डिसिप्लिन तथा अजविन्द र रीना श्रेष्ठ मिस्टर एन्ड मिस फोटोजेनिक घोषित भए।


## Classified Advertisement

### रोजगार

शिक्षित/अशिक्षित महिला पुरुष आवश्यकता-१५ जना रु ८०००। कौशलटार ९८०३४२१५२६, ६६३५४०१

सिमित सिटमा SLC पास केटीहरुको लागि जर्मनीमा Child Care गर्ने सुबर्ण अबशर ०१६९१३७८९, ९८४१३८९९७५

महिला कर्मचारीहरु चाहियो घर मै बसि पार्टटाइम, फुलटाइम काम गर्न सकिने ७०००। गौशाला, ४४६६७००

एक प्रतिष्ठित कार्यालयमा working Partner भई कामगर्न इच्छुक महिला १०+above ले फोटो बायोडाटासहित पेष्टबक्स १३६७८मा Apply गर्नुहोला

Earn Money Effortlessly 24-7. http://eme247.googlepages.com/

### कम्प्यूटर/भाषा तालिम

बिजयादशमीको पावन अवशरमा कम्प्युटर ल्याङ्गवेज, IELTSका कक्षाहरु धमाध सञ्चालन भैरहेको छ, Youth Institute , Narayangopal chowk, 4371530

१२ बर्ष पुरानो राज टेक्नीकलमा ३०% छुटमा मोवाइल, टेलिभिजन, हार्डवेयर, इलेक्ट्रिकल्स, सिफ्रीज तालिम नयाबानेश्व, ४४९५५८१ कालिमाटी, ०१६२२४७९८ (टुल्सहरु निशुल्क)

कम्प्युटर प्रविधीबाट मोवाइलफोन मर्मत टेलिभिजन, हाउसवाइरिङ्ग, तालिम ०१-२४०५८३२।

बिभिन्न कोर्षमा भर्ना खुल्यो, Auto CAD, (2D & 3D), Accounting Package, Basic Course, Hardware, **Soft-tech Computer**, New Baneshwor, 4499967

Crash Course 1550/- 016913789, 9803386712

### बिक्रीमा

चलिरहेको ब्युटिपार्लर बिक्रिमा सितापाइलाचोक, ९८४१२३०६९८

### सम्पर्क

संगीतको स्तरिय शिक्षा तथा सस्कारको लागि हामीलाई सम्झनुहोस्, अनुराग संगित बिद्यालय, ४२३३६९०

Septitank Vacum Cleaning 700, 9851093070

बिनाधितो बिना झण्झट नया-पुरानो गाडी फाइनान्स गर्नुपरेमा ९८५१०१४१९६, ९८५११०५२२१७

फुलको बिक्रि तथा सजावटको लागि Puspa Kunja Flower Decorator त्रिपुरेश्वर, ९८४१२०४५९०

डेलिसियस थकाली किचेनको थकालीखाना ढिडो तथा विभिन्न परिकारहरुको स्वादलिनको लागि एकपटक अबश्य पाल्नुहोस, ठमेल २०४०७१०

श्रीराम डेरी महाराजगंज चक्रपथमा गाईभैसीको दही, मही, घिउ, चिज, बटर , पनिर, आइसक्रिम, गुदपाक, पुष्टकारीकालागि सम्झनुहोस् , ४३७३२५२

स्तरिय खाना तथा पारिवारीक बातावरणकोलागि अबश्य सम्झनुहोस्, रातो भाले बबरमहल

बिजया दशमीको उपलक्ष्यमा विशेष छुटका साथ नागार्जुन कलरल्याबमा फोटो खिच्न हार्दिक स्वागत गर्दछौ, बालाजु वाइपास ४३८३४१०

### ब्युटिपार्लर

अन्जुषा ब्युटीपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर पुतलीसडकचोकमा हेयर एक्स्टेन्सन, हाइलाइट, फेसियल गरिनुकासाथै ग्यारेन्टीका साथ तालिम दिईन्छ । ९८४१२३१९८५, २००२३९५

सबिनाज ब्युटि केयर एण्ड ट्रेनिङ्ग सेन्टर पकनाजोलमा ब्युटिसियन सम्बन्धि विभिन्न तालिमका साथै हेयर Straighting, Perming, skin आदि ग्यारेन्टीकासाथ गरिन्छ, ९८४१५५४७५७, ०१६२२६९४२

### मर्मत

Key House पुतलीसडक, न्यूप्लाजा: ४४३०८११, मोवाईल: ९८४१८८८२४२

### ड्राईभिङ्ग सिकौं

ग्यारेण्टीका साथ ड्राईभिङ्ग सिकौं महाराजगञ्ज: ४३७५३३९, ९८४१२६४८५५

### भाडामा

घरफ्ल्याट तुरुन्तै भाडामा लिनदिन: ९८४१८१२०९५, २३६२७८०

### रिकण्डिसन मोटरसाईकल

मोटरसाइकल ट्याक्सी खरिद बिक्रि तथा सट्टापट्टाकोलागि महालक्ष्मी रिकन्डीशन शोरुम चाबहिल मीत्रपार्क: २०७३५५४, ९८५१०४२६२८

नयापुरानो मोटरसाइकल खरिद बिक्रिकोलागि उपत्यकामै एकमात्र भरपर्दो स्थान आरसी अटोइन्टर प्राइजेज बालाजुचोक ४३६४८४१, ४३६१९०१

### उपचार

यौनवर्धक औषधिहरु स्त्री पुरुषलाई ९८५१०९३०७०

ग्यारेन्टी अल्काई piles उपचार केन्द्र सोह्रखुट्टे नयाबजार ९८४१४०८४५४

### नया दररेट

- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

# बुटवललाई फुटबलमय बनाउँदै सकियो तिलोत्तमा



घरेलु मैदानमा नेपाली ए डिभिजनसहित विदेशी टिमहरूको फुटबल भिडन्त हेर्ने बुटवलवासीको चाहना पूरा गर्दै तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिता सम्पन्न भएको छ। भदौ १० गतेदेखि भदौ २१ गतेसम्म चलेको तिलोत्तमा गोल्डकप प्रतियोगिताले फुटबलप्रेमीहरूलाई भरपूर मनोरञ्जन मात्र दिएन बुटवलको वातावरणलाई नै फुटबलमय बनाएको थियो। प्रतियोगितास्थल बुटवल- १३ देवीनगरस्थित फिफा टेक्निकल सेन्टर बुटवल र आसपासका दर्शक तथा खेलप्रेमीहरूले खचाखच भरिएको थियो। सेमिफाइनलका खेलदेखि त दर्शकको भीड यति बढ्यो कि जसलाई सम्हाल्न प्रहरी बल र आयोजकलाई हम्मेहम्मे पऱ्यो। स्थायी र अस्थायी प्याराफिटमा मात्र होइन खेलमैदानको घेरा छोडेर बाँकी सबै ठाउँमा दर्शक भरिभराउ रहे।

प्रतियोगितामा सहभागी नेपालबाहेक भारत तथा भुटानका गरी १० टिमलाई पाखा लगाउँदै शारीरिक रूपमा बलियो र स्फूर्त नेपाली सेनाको त्रिभुवन आर्मी क्लब प्रतियोगिताको च्याम्पियन बन्यो। प्रतिस्प्रर्धात्मक खेलको फाइनलमा आर्मीले नबिल श्री स्टारलाई १ का विरुद्ध २ गोल गरी विजेता बनेको हो। पहिलो चरणको खेलमा कास्की-११ पोखरा, क्वाटर फाइनलमा भुटानको थिम्पु- ११ सेमिफाइनलमा सामसुङ जावलाखेल युथ क्लबलाई पराजित गरेको थियो। जितसूगै उसले गोल्डकपका साथै १ लाख ११ हजार एक सय १ रुपैयाँ नगद पुरस्कार पाएको छ। आर्मी यो गोल्डकपमा २०५४ सालको समेत विजेता हो। पूर्व-राष्ट्रिय खेलाडी तथा पूर्व-कप्तान राजुकाजी शाक्यको प्रशिक्ष्ँण एवं राष्ट्रिय टिमका गोलरक्षक विकास मल्लको नेतृत्व रहेको आर्मी क्लबमा राष्ट्रिय टिमका खेलाडी चुनबहादुर थापा, राजु तामाङ आदि खेलाडी सहभागी थिए। नबिलका अगाडि दबाबमा परेको आर्मीले राष्ट्रिय टिमका गोलरक्षक विकास मल्लको गोल रक्षाकै कारण उपाधि चुमेको हो।

खेलअवधिभर आर्मीका लागि कडा चुनौती दिइरहेको तथा टेक्निकल रूपमा नेपालकै सबैभन्दा बढी बलियो नबिल श्री स्टार भने उपविजेतामा मात्र सीमित रह्यो। गोल्डकप जित्ने आशा पालेर आएको नबिलले ५५ हजार ५ सय ५५ रुपैयाँ नगद बोकेर फर्कनुपऱ्यो। पूर्व-खेलाडी बालगोपाल महर्जनको प्रशिक्षण रहेको नबिलमा अञ्जन केसी, लोकबन्धु गुरुङ, विसन गौचन, युगलकिशोर राई, सन्दीप राई, टंक बस्नेत, विजय घिमिरे जस्ता अनुभवी तथा राष्ट्रिय टिमका सदस्यहरू सहभागी थिए। कोशीमा आएको बाढीका कारण प्रतिस्पर्धी झापाको नाइट चेस क्लब नआएपछि सीधै सेमिफाइनलमा पुगेको नबिलले सेमिफाइनलमा रूपन्देहीलाई पराजित गरेको थियो।

प्रतियोगिताको अवधिभर ७ गोल गर्ने ललितपुरको सामसुङ जावलाखेल युथ क्लबका राजकुमार घिसिङ सर्वाधिक गोलकर्ता बने। उनले भारतको दुर्गापुरस्टिल प्लान्टसितको खेलमा एकै दिनमा ५ गोल गरेका थिए। त्यसैगरी खेल अवधिभर उत्कृष्ट खेल प्रदर्शन गर्ने नबिल श्री स्टारका विजय गुरुङ सर्वोकृष्ट खेलाडी बने। सर्वोत्कृष्ट खेलाडी र सर्वोकृष्ट गोलकर्ता दुवैले ५ हजार ५ सय ५५ रुपैयाँ नगद पुरस्कार पाए।

प्रतियोगितामा भुटानको थिम्पु ११, भारत कोलकाताको दुर्गापुर स्टिल प्लान्ट क्लब, नेपालका नबिल श्री स्टार, सामसुङ जावलाखेल युथ क्लब, फ्रेन्डस क्लब, सशस्त्रको एपीएफ क्लब, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, कास्की- ११ पोखरा, सहारा क्लब पोखरा र घरेलु टिम रूपन्देही-११ गरी १० वटा टिम सम्मिलित थिए। नेपाली टिमहरूबीच प्रतिस्प्रर्धात्मक खेल भए पनि भुटानको थिम्पु- ११ र भारत कोलकाताको दुर्गापुर स्टिल प्लान्टले नेपाली टिमसामु प्रतिस्पर्धात्मक खेल खेल्न सकेनन्। वाई पाएर सीधै सेमिफाइनलमा पुगेको भारत कोलकाताको दुर्गापुर स्टिल प्लान्टलाई सामसुङ जावलाखेल युथ क्लबले ० का विरुद्ध १० गोलको फराकिलो अन्तरले हराएको थियो। त्यसैगरी बाई पाएर सेमिफाइनलमा पुगेको भुटानको थिम्पु- ११ लाई त्रिभुवन आर्मी क्लबले १ का विरुद्ध ६ गोलले पराजित गरेको थियो। गत वर्षको साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको सेमिफाइनलमा भारतसूग २-१ ले पराजित भुटानको थिम्पु- ११ ले अत्यधिक गर्मीका कारण खेल्न नसकेको बताए पनि दुर्गापुर स्टिलले आफ्नो हारका सम्बन्धमा केही बोलेएन।

उक्त प्रतियोगिता रूपन्देही फुटबल संघको आयोजना र बुटवल नगरपालिकाको प्रायोजनमा भएको थियो। २०३३ सालदेखि सुरु भएको गोल्डकप बीचमा रोकिँदै २०५८ सालसम्म पुगेको थियो। ततपश्चात् खेलमैदान र आर्थिक अभावमा रोकिएको प्रतियोगिता ७ वर्षपछि फिफा टेक्निकल सेन्टरलाई मर्मत गरेर सञ्चालन गरिएको थियो।

**–अमृता अनमोल**



## ५ प्रश्न

देशकै जेठो शारीरिक सुगठन प्रतियोगिता मिस्टर धरानको पछिल्ला विजेता हुन् सुमन श्रेष्ठ। चौथो सहभागितामा युनिक हेल्थ क्लबका २५ वर्षीय खेलाडी सुमनले गत चैत महिनामा सम्पन्न १४ औं मिस्टर धरानको उपाधि जितेका थिए।

**जिमखाना धाउन थालेको कति भयो ?**

पाँच वर्ष।

**खेलाडीका रूपमा सन्तुष्ट हुनुहुन्छ ?**

हाम्रो मुलुकमा आवश्यक सुविधा र खेल देखाउने अवसर कमै पाइन्छ। खेलकुदमा व्यावसायिकताले पनि प्रवेश पाएको छैन। दाम नभए पनि नाम र इज्जत भने छ। हिजोसम्म सीमित साथीभाइ र नातेदारमै सीमित मलाई आज धेरैले मिस्टर धरान भनेर चिन्छन्। यो नै सन्तुष्टिको पक्ष हो।

**खानपिनमा कतिको ध्यान दिनुपर्छ ?**

खेलाडीले आफ्नो स्तर वृद्धि गर्न खानपिनमा ध्यान पुऱ्याउनैपर्छ। चिल्लो कम गर्नुपर्छ। शक्ति धेरै खर्च हुने भएकाले सामान्य व्यक्तिको तुलनामा शारीरिक सुगठनका खेलाडीलाई बढी क्यालोरी भएको सन्तुलित खानेकुरा चाहिन्छ।

**जित र हारलाई कसरी लिनुहुन्छ ?**


खेलमा हार र जित त सिक्काका दुई पाटा नै हुन्। निरन्तर चार वर्षको प्रयासपछि मात्र मैले मिस्टर धरानमा सफलता हात पारेको हुँ। जितमा मेहनतको फल प्राप्त भएको अनुभव गरे। त्यसअघि तीन संस्करणको हारमा एकदमै निराश भएको थिएँ। बेकारमा मेहनत गरेजस्तै लाग्थ्यो, तर हारमा ईख लिएर अझ धेरै मेहनती हुनुपर्ने रहेछ।

**मनपर्ने खेलाडी ?**

नेपालीमा सचित प्रधान र अन्तर्राष्ट्रिय खेलाडीमा पछिल्ला दुईपल्टको मिस्टर ओलम्पिया जोए कटलर।

**–राजु घिसिङ**

## मैदान बाहिर




### दन्त्यकथाकी नायिका रिहा

छोटो दूरीकी अमेरिकाकी धाविका मारियन जोन्सले सन् २००० को सिड्नी ओलम्पिक प्रतियोगितामा ५ वटा पदक जितेपछि ओलम्पिक प्रतियोगितामा दन्त्यकथाकी नायिकाको उपनाम नै पाएकी थिइन्, तर उनले उक्त प्रतियोगितामा सफलता पाउन शक्तिबर्धक औषधी टेट्रे हाइड्रो जेस्टिरोन सेवन गरेको प्रमाणित भएको थियो। जोन्सले त्यतिबेला आफूले उक्त शक्तिबर्धक औषधी जानीजानी नखाएको तर प्रतियोगिताको समयमा भएको एक रात्रिभोजमा अरूले भोजनमा शक्तिवर्धक औषधी मिसाएर ख्वाइदिएको बयान दिएकी थिइन्। उनको बयानलाई पुष्टि गर्न एक विक्रेताले आफूले जानीजानी मरियनलाई ककटेल पार्टीमा उक्त औषधी मिसाएर ख्वाएको बयान दिएका थिए। यस्तो किसिमको बयान आएपछि मरियनलाई फेडरल ब्युरोले तीन महिनाको कैद सजाय तोकेको थियो। मरियनले सन् २००७ मा एक पत्रिकाका लागि तस्बिर खिचाउने क्रममा सन् २००० को सिड्नी ओलम्पिकमा अमान्य घोषित गरिएका स्वर्णपदक लगाएपछि उनलाई थप तीन महिना सजाय तोकिएको थियो, जसअनुसार उनी गत साता रिहा भइन्।

### शंकाले जलेको ब्रेट्लीको घर

लोग्नेस्वास्नीको सम्बन्धलाई लिएर धेरै किसिमका उखान नेपाली समाजमा प्रचलित छन्। जस्तै– 'शंकाले लंका जल्छ', 'लोग्ने स्वास्नीको झगडा परालको आगो' आदि इत्यादि। अहिले यही उखान नेपालमा होइन, अस्ट्रेलियन क्रिकेट टिमका फास्ट बलर ब्रेट्लीको जीवनमा चरितार्थ हुँदैछ। छ महिनाअघि वैवाहिक जीवनमा बाँधिएका ३१ वर्षीय ब्रेट्ली र त्यही उमेरकी लिज केम्पबाट एक वर्षको छोरा प्रेस्टोनसमेत छन्, तर स्थानीय सञ्चारमाध्यमहरूले ब्रेट ली क्रिकेट खेल्न विदेश गएको समयमा लिज अन्य पुरुषसँग घुमफिर गर्न गएको समाचार प्रकाशित भयो। उक्त समाचार प्रकाशित भएपछि दुवैले एक-अर्कासँग स्पष्ट कुरा राख्ने प्रयाससमेत गरेनन्, जसका कारण उनीहरूबीचको सम्बन्ध चिसो भयो। अन्ततः लामो मौनतापछि लिज्ले आफू ब्रेट्लीको जीवनबाट अलग हुने निर्णय गरिन्। उनले यो निर्णयले आफूलाई मर्माहत बनाएको र आफ्नो प्रेम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिइन्। घन्यवाद दिने क्रममा लिजले भनिन्- 'हाम्रो व्यक्तिगत जीवनलाई आइन्दा सबैले गोप्य राखिदिनुहोला।'





### माइकल फ्लेप्सकी शंकास्पद प्रेमिका

बेइजिङ ओलम्पिकको पौडीमा आठ स्वर्ण पदक जितेर विश्व खेलकुद इतिहासमा महानायक बनेका २३ वर्षीय माइकल फ्लेप्सकी प्रेमिका छिन् कि छैनन् भन्ने शंका उठेको छ। छिप्पिसकेका माइकल फ्लेप्सले अझै पनि आफ्नी प्रेमिका यिनै हुन् भन्ने कुरा सार्वजनिक गरेका छैनन्, जसका कारण अहिले सञ्चारमाध्यमहरू माइकल फ्लेप्सकी प्रेमिका पत्ता लगाएर सनसनीपूर्ण समाचार बनाउने अभियानमा जुटेका छन्।

सञ्चारमाध्यमहरूले गरेको अनुमानअनुसार माइकल फ्लेप्सले मन पराएकी युवतीमा आमन्दा बियर्ड वा लिली डोनाल्डसन हुन सक्छिन्। सन् २००४ को एथेन्स ओलम्पिकमा अमेरिकाका तर्फबाट विश्वकीर्तिमान सहित स्वर्ण पदक जितेकी आमन्दा फ्लेपकी हुन सक्ने अनुमान बढी गरिएको छ। आमन्दा यसपटक पनि अमेरिकी टिममा रहेर बेइजिङ ओलम्पिकमा सहभागी भएकी थिइन्। एउटै टिममा रहे पनि उनीहरूबीच गाढा प्रेम भएको झनक कतै पाइएन।

माइकल फ्लेप्सकी प्रेमिकाको खोजी गर्ने क्रममा लिली पनि मिडियाको शंकामा परेकी छिन्। लिली बेलायतकी सुपर मोडलका रूपमा ख्याति कमाइरहेकी छिन्। उनले केही महिनाअघि बेलायतकै सुपर मोडल केट् मोसका मुख्य मोडलिङ कम्पनीलाई आफ्नो पक्षमा पारेकी थिइन्। लिली र माइकलको भेट एक फोटोसेसनका क्रममा भएपछि माइकलको जीवनमा लिलीले प्रवेश गरेको अनुमान मिडियाको छ। लिली सेप्टेम्बर महिनामा न्यूयोर्क फेसन शोमा सहभागी हुने क्रममा माइकलको त्यहाँ हुने उपस्थितिले उनीहरूबीच कस्तो किसिमको सम्बन्ध छ भन्ने थाहा हुनेछ। यद्यपि अमेरिकी मिडियाले के आशा गरेको छ भने माइकलको जीवनमा जो आए पनि ती मोडल नै हुनेछिन्। स्मरण रहोस्, आमन्दाले प्लेब्वाइलगायत जनावरहरूको अधिकारका लागि लडिरहेको संस्था पेटाका लागि निर्वस्त्र फोटोसेसन गराएकी थिइन्।

# आजदेखि दक्षिण एसियाली जुडो

मद्रासमा आयोजित सातौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा ३ स्वर्ण पदक जितेर नयाँ प्रभाव जमाएको जुडो खेल बीचमा फेरि एकपटक ओरालो लागेको थियो। पछिल्ला केही वर्षयता प्रगतिउन्मुख नेपाली जुडोले शुक्रबारदेखि काठमाडौंमा दक्षिण एसियाली जुडो च्याम्पियनसिपको आयोजना गर्दैछ। नेपाली जुडोका लागि महत्त्वाकांक्षी मानिएको यो प्रतियोगिताका लागि तय गरिएको दुई महिनाको प्रशिक्षण अवधि पक्कै पनि छोटो हो। छोटो प्रशिक्षणका बाबजुद आफूहरूले कडा मेहनत गरेको र राम्रो प्रदर्शनमा आशाबादी रहेको खेलाडीहरू बताउँछन्। 'हामीले राम्रो परिश्रम गरेका छौं। हामीसँग उपलब्ध समय छोटो हो, तर पनि हामीले कुनै कसर बाँकी राखेका छैनौं।' देबु थापा भन्छिन्। त्यसो त नेपालले बेइजिङ ओलम्पिकमा पनि जुडोमा सहभागिता जनाएको थियो। बेइजिङमा विश्वच्याम्पियनसिपमा दोस्रो स्थान पाएकी ताइवानकी खेलाडीसँग पराजित देबु थापा यस पटकको प्रतियोगिता फरक हुने विश्वासमा छिन्।

शुक्रबार सुरु हुने दुईदिने प्रतियोगीतामा समावेश १९ वटै स्पर्धामा नेपालले सहभागिता जनाउनेछ। पुरुषको तुलनामा बलियो मानिएको महिला टिममा ६३ किलो तौल समुहकी देबु थापा, ४४ किलो तौल समूहकी कौशिला राई, ४८ किलो तौल समूहकी राधादेवी राई, ५२ किलो तौल समूहकी रञ्जु राई, ५७ किलो तौल समूहकी सुनीता थापा, ७८ किलो तौल समूहका सरस्वती थापा, ७० किलो तौल समूहकी इन्दिरा राई र हेभीवेट खेलाडी इला कार्की छन्। देवु, सुनीता, राधा, रञ्जु र इन्दिरा नेपाली खेलाडीका माझ राम्रो मानिए पनि अन्य खेलाडी पनि त्यति कमजोर नभएको प्रशिक्षकहरूको दाबी छ।

पुरुषतर्फ ६० किलो तौल समूहमा तृष्णा गुरुङ, ५० किलो तौल समूहमा प्रकाश श्रेष्ठ, ५५ किलो तौल समूहमा हेमेन्द्र श्रेष्ठ, ६६ किलो तौल समूहमा देवेन्द्र कमाचार्य, ७३ किलो तौल समूहमा राजबहादुर चन्द, ८१ किलो तौल समूहमा श्रीराम मकाजू, ९० किलो तौल समूहमा कालुमान तामाङ तथा हेभीवेटमा राजन जोशीले प्रतिस्पर्धा गर्नेछन्।


सबैभन्दा धेरै नेपाल पुलिस क्लबका ६ जना खेलाडी प्रतियोगितामा समावेश हुदैछन् भने नेपाल आर्मीका १, बहुउद्देश्यीय मार्सल आर्ट केन्द्रका १, न्यू होराइजन स्कुलका २, कैलालीका १, ललितपुरका २, पर्साका २ तथा काठमाडौं र काभ्रेका १-१ खेलाडीको प्रतियोगितामा सहभागिता रहनेछ। नेपाली टिमका प्रशिक्षक ध्रुव श्रेष्ठ भने २ देखि ४ स्वर्ण पदकको सम्भावना रहेको बताउँछन्।

नेपाललगायत अफगानिस्तान, पाकिस्तान, भारत, बंगलादेश र श्रीलंकाको सहभागिता रहने प्रतियोगिताअगावै हुने रेफ्री सेमिनार महोत्सवको अर्को महत्त्वपूर्ण पक्ष हो। यसबाट नेपालमा प्राविधिक जनशक्तिको विकास हुने कुरामा रेफ्री समूह पनि त्यत्तिकै आशावादी छ।




बुधबार र बिहीबार भएको रेफ्री सेमिनारका लागि एसियाली रेफ्री कमिसनका प्रमुख तथा विश्व रेफ्री कमिसनका सदस्य ताकाओ काओगुजु नेपालमा आउनु नेपालका लागि अर्को महत्त्वपूर्ण पक्ष बन्यो। आईजीएफ कन्टिनेन्टल रेफ्रीका लागि बुधबार कक्षा सञ्चालन गरियो भने बिहीबार परीक्षा सञ्चालन भयो। यो दुई दिनमा जेयुए बी तह पार गर्ने रेफ्रीले नै शुक्रबार सुरु हुने प्रतियोगिताको निर्णायकको भूमिका निर्वाह गर्ने अवसर पाउनेछन्। जुन प्रतियोगीता नै रेफ्रीका लागि ए तहको परीक्षाका रूपमा रहनेछ।

**– मनोज घिमिरे**



# फेडरर नयाँ कीर्तिमान कायम गर्न सफल

लगातर पाँचौं पटक युएस ओपन टेनिसको उपाधि जितेर रोजर फेडररले नयाँ कीर्तिमान कायम गरेका छन्। सन् १९२४ देखि सुरु भएको युएस ओपनमा लगातार पाँच पटक उपाधि जित्ने फेडरर पहिलो खेलाडी हुन्। यसअघि सन् २००८ का तीनवटा ग्रान्डस्लाममा पराजित भएपछि फेडरर युगको अन्त्य भएको चर्चा चलेको थियो। वर्षभरि नै बेजोड फर्ममा रहेका स्पेनिस स्टार राफेल नाडाल सेमिफाइनलमा एन्डी मुरेसूग पराजित भएपछि फाइनल खेलमा फेडररले मुरेलाई ६-२, ७-५, ६-२ ले पराजित गरे।



यो विजयसूगै फेडरर आफ्नो खेलजीवनमा १३ औं ग्रान्डस्लाम आफ्नो नाममा लेखाउन सफल भए। अब उनी सबैभन्दा धेरै ग्रान्डस्लाम जित्ने पिट सम्प्रासभन्दा एक उपाधि मात्र टाढा छन्। सन् २००३ मा मार्क फिलिपाउसिसलाई पराजित गर्दै पहिलो पटक विम्बल्डन जित्दै ग्रान्डस्लाम उपाधिको यात्रा गरेका फेडरर फाइनलमा नाडालबाहेक अन्य खेलाडीसूग पराजित भएका छैनन्।

महिलातर्फको उपाधि सेरेना विलियम्सले जितिन्। सेरेनाले जेलेना जान्कोभिकलाई ६-४, ७-५ ले पराजित गर्दै उपाधि जितेकी हुन्। सेरेनाको यो तेस्रो युएस ओपन र खेलजीवनको नवौं ग्रान्डस्लाम उपाधि हो। सेरेना यो विजयसहित डब्लुटीएफको शीर्ष वरियतामा उक्लन पनि सफल भएकी छिन्। सन् २००३ पछि कुनै पनि अमेरिकी खेलाडी वरियताक्रमको शीर्ष स्थानमा उक्लिएको यो नै पहिलो अवसर हो।

# बार्सिलानाको सहयोगमा म्याराथन



दमक, झापा– विश्वप्रख्यात स्पेनी फुटबल क्लब बार्सिलोनाको सहयोगमा झापाको दमकमा मिनी म्याराथुन प्रतियोगिता सम्पन्न भएको छ। विश्व म्याराथुन दिवसका अवसरमा आयोजित कार्यक्रममा भुटानी शरणार्थी तथा स्थानीय खेलाडीहरूबीच प्रतिस्पर्धा भएको थियो।

क्यारितास नेपाल तथा राष्ट्रसंघीय शरणार्थी आयोग (युएनसीएचसीआर)को आयोजना एकता, शान्ति र उन्नति भन्ने नाराका साथ सम्पन्न उक्त प्रतियोगितामा कुल १ हजार ७ सय प्रतियोगी सहभागी थिए। त्यसमध्ये ६ सय महिला रहेको प्रतियोगिता आयोजक क्यारितासका दमक प्रमुख फादर भर्कीले बताए। पुरुषका लागि १० किलोमिटर तथा महिलाका लागि ७ किलोमिटर दूरी तय गरिएको थियो। पुरुषका लागि धरमपुरमा रहेको कमल खोलादेखि दमक चौकलाई गन्तव्य बनाइएको थियो भने महिलाका लागि केर्खा चौकदेखि दमकसम्मको दूरी तय गरिएको थियो।

महिलातर्फको प्रतियागितामा झापाको दमक ५ बेलडाँगीकी उर्मिला तामाङ ३४ मिनेट १४ सेकेन्डमा निर्धारित दूरी पार गरेर प्रथम भइन्। त्यस्तै ३६ मिनेट ५० सेकेन्डमा दुरी पार गरेर सतासीधाम ५ की सजिना राई द्वितीय र ३७ मिनेट ४ सकेन्डमा निर्धारित दूरी पार गरेर तोपगाछी-७ की अरुणा जगेबु तृतीय भइन्। पुरुषतर्फको खेलमा ३१ मिनेट ५२ सेकेन्डमा निर्धारित दूरी पार गरेर मुनाल क्लब चन्द्रगढीका भूमिराज राई प्रथम भए भने उक्त समयलाई पछ्याउँदै जबरजंग गण चारआलीका नरेन्द्र वनले ३७ मिनेट २२ सकेन्डमा दूरी पार गरेका थिए। त्यस्तै मोरङको पथरीका नरेन राई ३८ मिनेट २२ सेकेन्डमा दूरी पार गरी तृतीय भए।


**–युवराज विवश**



## प्रसंग कतिपय



विक्रम राई



संविधानसभाको निर्वाचनअघि तत्कालीन महामहिम भारतीय राजदूतले कांग्रेस तथा एमालेका नेताहरूलाई भेटघाटमा माओवादीलाई पनि केही सिट जित्न दिनुपर्छ भनी दक्षिण अफ्रिकाको उदाहरण पटक-पटक प्रस्तुत गर्ने गरेको सबैलाई थाहै छ। दक्षिण अफ्रिकामा भएको संविधान निर्माण गर्ने निर्वाचनमा त्यहाँको अफ्रिकन नेसनल पार्टीले विभिन्न समूह र क्षेत्रीय पार्टीहरूलाई आरुनो पकड भएको क्षेत्रमा पनि बराबरको हैसियतले जित्ने मौका दिएर संविधान निर्माणमा सबैको सहभागिता गराएको थियो। उसले संविधान निर्माण भएपछिको निर्वाचनमा सबै राजनैतिक दललाई पराजित गर्दै शासन-सत्ता चलायो।

यही सिको गर्ने विषयलाई लिएर पनि नेपालमा संविधानसभाको चुनाव निम्ति समानुपातिक प्रणालीलाई स्वीकार गरिएको थियो। परिणामस्वरूप समानुपातिकको नाममा विभिन्न क्षेत्र, अल्पसंख्यक, वर्ग एवं जातिहरूले आ-आफ्नो समूहको प्रतिनिधित्व गर्ने मौका पाए तर बुझ्न कठिन रहेको विषय भनेको खुद्रा व्यापारीदेखि ठूला व्यापारीहरूसम्म सभासद्मा मनोनयन हुनु हो। यसमा अर्को भयानक आश्चर्य भनेको दलहरूले मुलुकको आर्थिक एजेन्डामा छलफल गर्न यी व्यापारीहरूलाई अघि बढाउनु हो। व्यापारीको काम व्यापार गर्नु हो। प्रत्येक विषयमा मुनाफा हेर्नु उसको धर्म हो। सायद मुनाफा नै धर्म भएकाले होला, ठूलो पार्टीको दरभाउ ठूलो भएका कारणले हो वा अन्य कारणले हो उनीहरू सानो पार्टी वा नवपार्टीहरूबाट पनि सभासद भएका छन्।

हद त के हो भने एउटै व्यापारी घरानाका दाजुभाइ फरक-फरक दलबाट सभासद् भएका छन्। सबैलाई थाहा भएकै कुरा हो- कहीं नभएको जात्रा हाँडीगाउँमैं हुन्छ। व्यापारीहरू राज्यका अभिन्न अंग हुन्। त्यसैले उनीहरूको पहुँच हुनु राम्रै हो तर व्यापार-व्यवसाय गर्न छाडेर सभासद् हुने प्रवृत्तितर्फ लम्कनुचाहिँ चिन्ताजनक विषय हो। यस पटक व्यापारीहरू सभासद् भए भने अर्को पटक अर्को शक्तिका कारण मुन्द्रे दादाभाइहरूको आगमन होला। आखिर डनहरू सबै दलका पछाडि देखिएकै छन्। यसले गर्दा आगामी दिनमा नेपाली राजनीतिले व्यापारीकरणलाई बढावा दिँदै अपराधीकरणलाई उक्साउनेछ।

यथार्थमा यो समानुपातिक प्रणालीले पिछडिएका तबका, समुदाय, क्षेत्र, लिङ्ग र वर्गलाई समेट्नुपर्ने हो तर यसको सदुपयोगको सट्टा दुरुपयोग बढी भएको छ। नेपाली समाजका लागि हामी पनि केही गर्न सक्छौं भन्ने व्यापारीहरूले म्यानपावर कम्पनीले सहयोग गरेजति रकम पनि बाढीपीडितहरूलाई सहयोग गर्न सकिरहेका छैनन्। अञ्चल र क्षेत्र भ्रमण गर्दा राजाहरूलाई टक्र्याउने थैलीहरू अहिले धेरै दुब्लाएका र लगभग हराएका छन्।

मुलुकको प्रतिनिधित्व गर्न सक्छु भन्ने व्यापारीहरूले डुबान क्षेत्रका गाविसहरूको भागबन्डा गरी सहयोग प्रायोजन गरिदिए जनताको उद्धार नै हुने थियो। बियर र रक्सी कम्पनीका मालिकहरूले बाढीप्रभावित क्षेत्रका विद्यालयहरू चाँडोभन्दा चाँडो खुलाउन होस्टेमा हैंसे गरे उनीहरूको जय नै हुने थियो। अनि गुप्त दानको चलन नभएको हाम्रो समाजमा कम्तीमा यसको सुरुवात व्यापारीहरूबाट भए राम्रै हुने थियो। प्रत्येक नेपालीको मासिक आय १२ हजार रुपैयाँ पुर्‍याउने भनी तारे होटलको बैठकमा भएको भेलाले गरेको निर्णयको कार्यान्ययन भन्नु नै रोजगारीको ढोका खोल्नु हो तर यहाँ रोजगारीको ढोकाको चाबी हामीसँग मात्र छ भन्ने व्यवसायीहरू आ-आफ्ना उद्योगधन्दाप्रति रुचि घटाउँदै राजनीतिप्रति चासो बढाउन थालेका छन् भने अब व्यापार-व्यवसाय र कलकारखाना कसले चलाउने हो भन्ने प्रश्न उठ्नु स्वाभाविक हो।

prasangakatipaya@hotmail.com

१००% ग्यारेन्टी ! ५०% छुटमा !! सीमित सिटको लागि मात्र
Festival अफर सफल फोटो भिडियोग्राफर बन्नका लागि
फोटोग्राफी भिडियोग्राफी
DIGITAL VIDEO EDITING
PHOTO-VIDEO पत्रकारिता
FREE Camera, Lens, Film Studio Lab, IELTS Computer Lab, Library etc.
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

Learn Language & Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian
Computer: Basic, Graphics, Web, Prog..
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Osish Language & Computer Center (OLC)
New Baneshwor: BICC Tel: 016217094
Old Buspark: Tel: 4232868

अंग्रेजि दुई महिना मै!
*Basic *Intermediate *Advanced
जान्दै नजान्ने हरुको लागी विशेष व्यवस्था
Free: Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in: UK, USA, Australia
Free: Email & Internet
Computer: Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

होटल तथा पर्यटन तालिम
⋆Tour & Travel mgmt.
⋆Tour Operation
⋆Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
⋆Hotel Management
⋆F & B Management
⋆Front Office
⋆Bartender
⋆Housekeeping
⋆Cook, ⋆Waiter
⋆Bakery
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा.लि
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
स्थापनाको नवौं वर्ष
✆ ४४७२५५३/४४७५११३/०१६९१६३४७

होटल तालीम
छुट ५०%
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामे□वर थापा**, सम्पादक : **सुवास ढकाल**।